साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३३ ✪ अङ्क ४ ✪ ५ फागुन २०८२, मङ्गलबार ✪ 17 February 2026, Tuesday ✪ मूल्य रु. १०।-

## देश र जनताको इमानदारीपूर्वक सेवा गर्नु पार्टीको उद्देश्य

भक्तपुर । नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवस तथा भनपा ७ वडास्तरीय निर्वाचन परिचालन समिति गठन कार्यक्रम नेमकिपा ७ वडा समितिको आयोजनामा फागुन २ गते सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले पार्टी सङ्गठन मजबुत बनाउन सैद्धान्तिक धार बलियो बनाइराख्नु जरुरी हुन्छ भन्नुभयो ।

पार्टी सङ्गठनका साथीहरूले कमजोरी गरेपछि समयमै आलोचना गरी सच्याउनुपर्ने उल्लेख गर्दै उहाँले पार्टी प्रकाशनहरू नियमित अध्ययन गर्नु जरुरी छ भन्नुभयो ।

आ-आफ्नो क्षमता र ज्ञानअनुसार आ-आफ्नो ठाउँमै बसेर काम गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले नेतृत्वले देश र क्रान्तिभन्दा आफ्ना परिवार नाताकुटुम्बलाई प्राथमिकता दिन नहुने विचार व्यक्त गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टीका सचिव एवं भक्तपुर क्षेत्र नं. १ का उम्मेदवार प्रेम सुवालले संसद् भनेको देशको हितको लागि ऐन कानुन तथा नीति नियम बनाउने थलो हो भन्नुभयो ।

जनताका लागि आवश्यक विभिन्न बाटोघाटो बनाउने कार्यहरू हेर्ने काम स्थानीय तहले गर्ने स्पष्ट पार्दै उहाँले नेपाल मजदुर किसान पार्टीले पार्टीको घोषणापत्रबमोजिम काम गरिरहेको छ भन्नुभयो ।

पार्टीको उद्देश्य भनेको देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने हो भन्दै उहाँले सबै सही दलका सही उम्मेदवारलाई मतदान गर्न र गराउनको लागि सहयोग गर्न अनुरोध गर्नुभयो ।

पार्टीका केन्द्रीय सदस्य एवं भनपा ७ का वडाध्यक्ष उकेश कवांले जेन-जी युवाहरूको सङ्घर्ष क्रान्ति भएको भए देशको संविधान नै फ्याकेर नयाँ परिस्थितिको सिर्जना हुने हो तर त्यसो हुन सकेन भन्नुभयो ।

चुनावलाई जनताको चेतनास्तर उठाउने उद्देश्यले उपयोग गर्दै आएको

बाँकी पृष्ठ ११ मा

### नेपाल मजदुर किसान पार्टीको प्रतिनिधिसभा निर्वाचन २०८२ को घोषणापत्र सार्वजनिक

# नेमकिपाले देश र जनताको हितमा प्रखर प्रतिपक्षको भूमिका निर्वाह गर्ने

काठमाडौँ । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) ले पार्टीको घोषणापत्र एक विशेष समारोहबिच शङ्खमूल काठमाडौँमा फागुन ३ गते सार्वजनिकीकरण गर्नुभयो ।

'देश र जनताको नि:स्वार्थ सेवा गरौँ, समाजवादी प्रचार अभियानलाई अगाडि बढाऔँ' भन्ने उद्घोषका साथ प्रतिनिधिसभा निर्वाचन घोषणापत्र २०८२ सार्वजनिकीकरण गरिएको थियो ।

निर्वाचन जनतालाई राजनीतिक र सैद्धान्तिकरूपले सचेत र सङ्गठित गर्ने एक भरपर्दो अवसर भएको उल्लेख गर्दै अध्यक्ष रोहितले नेमकिपा देश र जनताको हितमा प्रखर प्रतिपक्षीको भूमिका निर्वाह गर्छ भन्नुभयो ।

संसद्ले विधेयक पारित गरी ऐन-कानुन र नीति निर्माण गर्ने उल्लेख गर्दै अध्यक्ष रोहितले भन्नुभयो, "पार्टीले क्रान्तिकारी संसद्वादलाई व्यवहारमा लागू गर्छ ।"

प्रजातन्त्र सत्तामा बस्ने पार्टीहरूको मनपरीतन्त्र होइन; शासक पार्टीका मुठीभर नेताहरू पालैपालो प्रधानमन्त्री हुने व्यवस्था पनि होइन भन्दै उहाँले दलको घोषणापत्र अध्ययन नगरी आँखा चिम्लेर अन्ध समर्थन गरेर मतदान गरेमा जनताले थप दु:ख पाउने विचार व्यक्त गर्नुभयो ।

घोषणापत्र या प्रतिबद्धता लागू नगर्ने दललाई मतदान गर्न नहुने उल्लेख गर्दै अध्यक्ष बिजुक्छेँले भन्नुभयो, "जनताको अमूल्य मत पद र पैसामा नभुली देश र जनताको इमानदारी र नि:स्वार्थपूर्वक सेवा गर्दै आएको पार्टीलाई




दिनुपर्छ ।"

प्रजातन्त्रमा कुनै पनि दलको आलोचना गर्न पाउने विचार व्यक्त गर्दै उहाँले हरेक सचेत राजनीतिक नेता तथा कार्यकर्ताले समाजवाद र कम्युनिस्ट विचारबारे जनतामाझ पुऱ्याएर सचेत र सङ्गठित गर्नुपर्छ भन्नुभयो ।

नेमकिपाले देश र जनताको दीर्घकालीन हितमा सदन र सडकमा सङ्घर्ष गर्दै आएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "पटक-पटक सरकारको नेतृत्व गरेका दलका प्रधानमन्त्रीहरूले बहुमत जनताको पक्षमा के गरे ? बहुमत प्राप्त सरकारको नाउँमा सरकारले जे पनि गर्न पाउँदैन । निर्वाचनमा पैसा खर्च गरेर जितेका दलका नेताहरूले पदको दुरूपयोग गरी अकुत सम्पत्ति कमाउनेबाहेक देश र जनताको सेवा गरेनन् ।"

कार्यक्रममा विभिन्न सञ्चारकर्मीहरूले राखेका जिज्ञासाको जवाफमा अध्यक्ष रोहितले सत्तासीन दलका नेताहरूले देश र जनताको सेवा नगरेकै कारण जनता आजित भएको उल्लेख गर्दै भन्नुभयो, "सरकारहरूले क्रान्तिकारी भूमिसुधार ल्याएनन् । व्यक्तित्व विकासमा समान अवसर प्रदान गरेनन् । योग्यताअनुसार काम र कामअनुसारको ज्यालाको बन्दोबस्त गरेनन् ।"

राजधानी काठमाडौँलाई सांस्कृतिक नगरको रूपमा विकास गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले देशको सन्तुलित विकास गर्नुपर्छ भन्नुभयो ।

निर्वाचित जनप्रतिनिधिहरू आ-आफ्नै जिल्लामा बसेर जनताको सेवा गर्नुपर्नेमा जोड दिँदै अध्यक्ष रोहितले आ-आफ्नै जिल्लामा बसेर असल काम गरे जनताकै हित हुन्छ भन्नुभयो ।

जेन-जी आन्दोलन थालेको भ्रष्टाचारविरोधी आन्दोलन सही भए पनि देशको सम्पत्ति जलाउने काम ठीक नभएको स्पष्ट पार्दै उहाँले भन्नुभयो, "संरा अमेरिका बढी भ्रष्टाचार हुने देश हो । त्यहाँका मानिसहरू अन्धविश्वासी छन् । देशका व्यापक जनता अशिक्षित, असङ्गठित र अचेतित भएको हुँदा उनीहरूले सही दलका उम्मेदवारलाई छान्न सकेनन् । समाज परिवर्तन गर्न समय लाग्छ ।"

नेमकिपाका सचिव प्रेम सुवालले सार्वजनिकीकरण गरिएको घोषणापत्रबारे जानकारी दिँदै पार्टीले स्थापनाकालदेखि किसान आन्दोलन, देशको सार्वभौमिकता रक्षा आन्दोलन र साम्राज्यवादविरोधी आन्दोलनको नेतृत्व गर्दै आएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "प्रजातन्त्र सत्तामा बस्ने पार्टीहरूको मनपरीतन्त्र होइन, न त शासक पार्टीका मुठीभर नेताहरू पालैपालो प्रधानमन्त्री, उपप्रधानमन्त्री एवम् मन्त्री हुने व्यवस्था नै प्रजातन्त्र हो । प्रजातन्त्र एक जीवनपद्धति हो । सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा पनि केही व्यक्ति धनी र असङ्ख्य जनता गरिब हुनेछन् ।"

"यो निर्वाचन पनि पुँजीवादी नै हो । पुँजीवादी पार्टीहरूले यो निर्वाचनमा पनि पद, पैसा, पशुबल र सत्ताको दुरूपयोग गर्नेछन् । यो निर्वाचनबाट पनि नेपाली जनताको सुन्दर भविष्यको निर्माण, नयाँ युगको सुरूआत, सुशासन र लोकतन्त्रको जीत हुन्छ भन्ने भ्रममा नेपाली जनता पर्नु हुँदैन । निर्वाचनमा नेमकिपाको पक्षमा धेरै मत प्राप्त हुनु आमूल परिवर्तनको लागि परिस्थिति परिपक्व हुँदै छ भन्ने सङ्केत हुनेछ । यसपटक पनि नेमकिपाले संसदमा प्रखर प्रतिपक्षीको भूमिका निर्वाह गरी देश र जनताको नि:स्वार्थ सेवा गर्नेछ", सचिव सुवालले भन्नुभयो ।

उहाँले भन्नुभयो, "संसद्को मुख्य काम र केन्द्र 'प्रधानमन्त्री' होइन बरू आवश्यक नीति र ऐनहरूको निर्माण गर्ने हो । संसद्लाई जनताको पिर मर्का हेर्ने, देशको रक्षा गर्ने, देशभक्तहरूको जीवन्त सदन बनाउन आवाज उठाउनेछ ।"

जन्मको आधारमा नेपाली नागरिकता पाएका विदेशीका छोराछोरीलाई वंशजको आधारमा नेपाली नागरिकता दिने कानुनी व्यवस्था खारेज

बाँकी पृष्ठ ११ मा

## पार्टी घोषणापत्रहरूमा शिक्षासम्बन्धी प्रतिबद्धता

**विवेक**

नेपाल मजदुर किसान पार्टीले आइतबार निर्वाचन घोषणापत्र सार्वजनिक गऱ्यो । देश र जनताको नि:स्वार्थ सेवा गरौँ, समाजवादी प्रचार अभियान अगाडि बढाऔँ भन्ने मूल नाराका साथ सार्वजनिक गरिएको घोषणापत्रमा शिक्षालाई प्राथमिकतामा राख्दै भक्तपुर नगरपालिकाले सञ्चालन गर्ने ख्वप विश्वविद्यालय विधेयक संसद्को पहिलो बैठकबाट पारित गराउन जोड दिइने उल्लेख गरिएको छ । साथै विश्व विद्यालयहरूमा अहिले भइरहेको भागबन्डा, विकृति र विसङ्गतिबाट मुक्त गरी अध्ययन अनुसन्धानमा केन्द्रित बनाउन 'उपकुलपति रजिस्टार र रेक्टरको नियुक्ति समेत सम्बन्धित क्षेत्रबाट निर्वाचित गरिनुपर्ने' विचार अघि सारिएको छ । अन्य विभिन्न पार्टीहरूभन्दा यो विश्वविद्यालयलाई हेर्ने नेमकिपाको फरक दृष्टिकोण हो ।

नेमकिपाले शिक्षालाई राज्यको दायित्वभित्र राख्नुपर्नेमा निरन्तर जोड दिइआएको छ । 'सुसंस्कृत र सभ्य समाज निर्माणका लागि विद्यालय शिक्षा अनिवार्य र नि:शुल्क तथा विश्वविद्यालय शिक्षा नि:शुल्क बनाउन कानुन निर्माण गर्न जरुरी छ' - घोषणापत्रमा भनिएको छ । नेमकिपाले सक्षम स्थानीय तहलाई विश्वविद्यालय सञ्चालन गर्न दिनुपर्नेमा निरन्तर आवाज उठाउँदै आएको छ । तर, आश्चर्यको विषय अहिलेसम्म कुनै पनि पार्टीले स्थानीय तहलाई विश्वविद्यालय सञ्चालन गर्ने अधिकारबारे बोलेको सुनिएको छैन ।

भक्तपुर नगरपालिकाले दुई वटा इन्जिनियरिङ कलेजसहित ७ वटा शैक्षिक संस्थाहरू सफलतापूर्वक सञ्चालन गरी देशभरका ७ हजारभन्दा बढी विद्यार्थीहरूलाई सस्तो र गुणस्तरीय उच्च शिक्षा प्रदान गर्दै छ । एक दशकभन्दा अघिदेखि नगरपालिकाले ख्वप विश्वविद्यालय सञ्चालनमा जोड दिए पनि सरकारले विधेयक अगाडि बढाएन । भक्तपुर नगरपालिकाले निजी मेडिकल कलेजहरूले भन्दा निकै कम शुल्कमा चिकित्सा शिक्षासमेत प्रदान गर्ने उद्देश्यले विश्वविद्यालयको माग गर्दै आएको हो । विगतका प्रतिनिधिसभाका बैठकहरूमा विभिन्न पार्टीका सांसदहरूले ख्वप विश्वविद्यालय विधेयक पारित गर्नुपर्ने आवाज उठाए । ती सांसदहरू कति पछि शिक्षामन्त्रीसमेत भए । उनीहरूले आफ्नो हातमा अधिकार भएको बेला ख्वप विश्वविद्यालयबारे चुइँक्क बोलेनन् । त्यस्ता मन्त्री र सांसदहरूको बोलीलाई अब जनताले कसरी विश्वास गर्छन् ?

निर्वाचन आयोगले फागुन ३ गतेभित्र घोषणापत्र जारी गर्न सम्पूर्ण पार्टीहरूलाई निर्देशन जारी गरेपछि अहिले विभिन्न राजनीतिक दलहरूले निर्वाचन घोषणापत्र सार्वजनिक गर्दै छन् । हालसम्म माओवादी, राप्रपालगायतका दलहरूले घोषणापत्र सार्वजनिक गरिसकेका छन् भने अन्य पार्टीहरूको पनि सार्वजनिक गर्ने कार्य जारी छ ।

नेकपाले जारी गरेको घोषणापत्रमा विश्वविद्यालयलाई शैक्षिक, प्रशासनिक तथा वित्तीय स्वायत्तता प्रदान गर्ने, पदाधिकारी तथा प्राध्यापकहरूको नियुक्ति, बढुवा तथा मूल्याङ्कन मेरिटको आधारमा गर्ने उल्लेख छ । हालसम्म विश्वविद्यालयका पदाधिकारी तथा प्राध्यापकहरू भागबन्डामा नियुक्ति हुँदै आएकोमा नेकपाले त्यसमा सुधार गर्ने सोच अघि सारेको देखिन्छ । अहिलेसम्म शासक दलहरूबिच विश्वविद्यालयका सबै पदहरू भागबन्डामा नियुक्त हुँदै आएका छन् । विगतमा योग्यभन्दा आफ्नो मान्छेले अवसर पाउने प्रवृत्तिले शैक्षिक र प्रशासनिक क्षेत्रमा अत्यन्त कमजोर व्यक्ति पनि नियुक्त हुने गरेका थिए । यसले विश्वविद्यालयको शैक्षिक गुणस्तर गिर्दै गइरहेको छ ।

पूर्वउपकुलपति धर्मकान्त बास्कोटाले आफू पदमा बहालमा रहेकै बेला लाचार भएर भनेका थिए- पढाउने क्षमता नभएका प्राध्यापक पनि भागबन्डामा नियुक्त हुन्छन्, प्राध्यापकहरूले उपकुलपतिको निर्देशन पालना गर्नुभन्दा नियुक्त गरेका दलप्रति बफादार हुन्छन् । दलको शक्ति देखाएर जागिर खाएका छन्; उनीहरू कतिले त कक्षामा गएर पढाउन पनि सक्दैनन् ।

प्रधानमन्त्री कुलपति र शिक्षामन्त्री सहकुलपति हुने व्यवस्था हटाउन नेमकिपाले धेरै पहिलेदेखि आवाज

बाँकी पृष्ठ १२ मा

## देशघाती एमसीसी सम्झौता गर्ने शासक दलहरूलाई मत दिन नहुने

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका सचिव एवम् प्रतिनिधिसभा सदस्य क्षेत्र नं. १ का उम्मेदवार प्रेम सुवालले नेमकिपाको स्थापना आदर्श समाज बनाउनको लागि भएको बताउनुभयो ।

"देश र जनताको नि:स्वार्थ सेवा गरौँ, समाजवादी प्रचार अभियान अगाडि बढाऔँ, मादल चिह्नमा छाप लगाऔँ" भन्ने मूल नाराका साथ सूर्यमढीमा सोमबार भएको नेपाल मजदुर किसान पार्टीको चुनावी सभामा पार्टी सचिव सुवालले देशको नीति-कार्यक्रम, बजेट, कानुन, सन्धि-सम्झौताबारे छलफल गर्ने प्राज्ञिक थलो संसद् हुनुपर्नेमा शासक दलहरूले संसद्लाई प्रधानमन्त्री छनौट गर्ने थलो बनाएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "पार्टीले भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण गर्ने र ठुला भ्रष्टाचारी एवम् महिलालाई बलात्कारपछि हत्या गर्नेहरूलाई मृत्यदण्ड दिनेसमेत कानुन बनाउन आवाज उठाउँदै छ ।"

शासक दलहरूले पैतीस वर्षको बहुदलीय व्यवस्था पुन:स्थापना र गणतन्त्रको अवधिमा सार्वजनिक संस्थान निजीकरणको निहुँमा विदेशीसमेतलाई बिक्री गर्ने, अमेरिकी नीति र कानुन पालना गर्नुपर्ने एमसीसी सम्झौता पारित गर्ने, विदेशी पुँजी लगानी गराएर देशलाई नवउपनिवेश गराउन देशघाती काम गरेको सचिव सुवालले बताउनुभयो ।

उहाँले भन्नुभयो, "यो चुनावमा नेपाली जनताले प्रधानमन्त्री, उपप्रधानमन्त्री र मन्त्री भएका दलहरूलाई र सार्वजनिक संस्थान निजीकरण, एमसीसी सम्झौता र विदेशी पुँजी लगानी गराएर देशलाई नवउपनिवेश बनाउने दलहरूलाई नेपाल जनताले मत नदिने स्पष्ट छ ।"

सचिव सुवालले भन्नुभयो, "नेपाल मजदुर किसान पार्टीका उम्मेदवारहरूले धेरै मत पाए सुन्दर भविष्य, नयाँ युगको सुरुआत, भ्रष्टाचार नियन्त्रण र सुशासन,

बाँकी पृष्ठ १२ मा



किम जोङ इल

हामीले सही नीति र नेतामा केन्द्रित एकता र सम्बद्धताको परम्परालाई रक्षा गर्नुपर्दछ र क्रान्तिको प्रेरक शक्तिलाई निरन्तर सुदृढ पारिरहनुपर्दछ ।

## सम्पादकीय

# अल्पमतको सरकार किन हुन्न ?

बहुमतको सरकारको अर्थ हो-बहुमत मतदाता वा जनताले स्वीकारेका व्यक्तिहरूको सरकार । बहुमतको सरकारको दल र नेतृत्वलाई कथंकदाचित हिजोको प्रशासन यन्त्र-अदालत, गुप्तचर विभाग, प्रहरी र सेनाले स्वीकारेनन् भने बहुमत प्राप्त दलले वा त्यसको सरकारले आफ्नै शक्तिले हिजोको सरकारका सम्पूर्ण प्रशासनसँग लड्न वा चित्त बुझाएर आफ्नो पक्षमा ल्याउन सक्ने सामर्थ्य हुनुपर्थ्यो । बहुमतको सरकारको अर्थ तबमात्र पुष्टि हुन्छ ।

ओली नेतृत्वको सरकार र प्रचण्ड नेतृत्वको सरकारको राजीनामाले सम्पूर्ण प्रशासनयन्त्र वा 'राज्य सत्ता' ले त्यो नेतृत्व स्वीकार नगरेको साबित हुन्छ । सारमा पैसा खर्च गरेर, उपहार दिएर, भाषाको क्षेत्रको आधारमा भोज-भतेर खुवाएर बनेको सरकारले आफूलाई 'जनताको सरकार' मान्नु खोटो साबित हुन्छ । खामको पैसा बाँडेर, उपहार दिएर, जात र भोज भतियार गरेर वा भाषा र क्षेत्रको साम्प्रदायिक भावनाबाट जितेको सरकार साँचो 'जनताको सरकार' साबित हुन्न । बीपी कोइरालाको नेतृत्वमा भएको विदेशी सहयोगबाटै भएको विद्रोहलाई '२००७ सालको क्रान्ति' भनियो, व्यवहारमा साह्रै थोरै बुझेका र सचेत जनता राणाविरोधी सङ्घर्षमा लागेका थिए । तर, त्यसबेलाको राजनैतिक नेतृत्व विदेशीको सहयोगबिना स्थायी हुन नसक्ने अवस्थामा थियो । त्यही कमजोर जगबाट उठेको २०१५ सालको महानिर्वाचनबाट बनेको कोइराला सरकारपछि 'प्रशासन यन्त्र' अर्थात् 'राज्य सत्ता' बाट अपदस्थ भयो । संसद्का बहुमत सदस्यहरूसमेत त्यस संसद्को पक्षमा रहेनन् ।

यसकारण, नेपाली काङ्ग्रेसलाई पुनः सरकारमा आउन धेरै वर्षपछि अन्य वामपन्थी र परिवर्तन चाहने तत्त्वहरू र विदेशीहरूकै सहयोग आवश्यक भयो । त्यसकारण, कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइरालाका सरकार चालू राख्न विदेशीसँग टनकपुर र महाकाली सन्धि गर्न बाध्य भयो । त्यस्तै पञ्चायती व्यवस्थाका प्रधानमन्त्रीहरू सूर्यबहादुर थापा र लोकेन्द्रबहादुर चन्दलाई पनि राप्रपाको बहुमत नभए पनि प्रम बनाउन तत्कालीन संसद् वा शासक दलहरू बाध्य भए । तर, सारमा राप्रपाको आफ्नो बहुमत थिएन वा आवश्यक जनशक्ति पनि थिएन ।

'बङ्गलादेश' को स्थापना गरिँदा भारत र सोभियत सङ्घको सहयोगले पूर्वी पाकिस्तानको अस्तित्व मेटियो । तर, त्यहाँका जनताको असन्तोष बारम्बार अभिव्यक्त हुँदै गयो र सैनिक विद्रोहहरू भए र हत्याकाण्डहरू भए । आखिर प्रम शेख हसिना भारतमा शरण लिनुपर्‍यो र पुराना विद्रोही पक्षका नयाँ पुस्ता हालै सरकारमा पुग्यो- निर्वाचनबाट । यसबाट त्यहाँ नयाँ पक्षलाई राज्य सत्ताको हात रहेको आकलन स्वाभाविक हो ।

श्रीलङ्कामा बारम्बार एक-दुई वटा दल र एउटै वर्गका शासकहरू सत्तामा पुग्थे र जान्थे । तर, त्यहाँ पनि विश्व बैङ्क र अन्तर्राष्ट्रिय मुद्राकोषको मकुन्डोभित्र विदेशीहरू काम गर्दै थिए । ती विदेशीहरूकै मित्रहरू नयाँ अनुहारहरू सरकार पुगे, किनभने त्यहाँ पनि सरकारलाई 'राज्य सत्ता' को समर्थन थियो ।

नेपालको वर्तमान सुशीला कार्कीको सरकार निर्वाचनबाट बनेको होइन । नेका र एमालेको निर्वाचन वा पद, पैसा, भोज भतेर, लोभ-लाभ जात, भाषा क्षेत्रकै आधारमा सरकारमा पुगेका थिए । कार्की सरकारलाई नेपाली जनताले वा निर्वाचनले ल्याएको होइन भने कुन कुन विदेशीहरूले सरकारमा ल्याई पुर्‍याए भन्ने कुरा दिउँसोको घामजस्तै छर्लङ्ग भयो र जनताले पनि बुझे ।

कमजोरी निश्चित रूपमा नेका र एमालेको नेतृत्वको हो । ज-जसले तिनीहरूलाई निर्वाचनमा सहयोग गरे तिनीहरूले नै तिनीहरूलाई 'राजीनामा' दिन बाध्य पारे । ती ठेकेदार, उद्योगपति, कालाबजारी, तस्कर र अपराधीहरूकै पैसाबाट निर्वाचन जितेका दल र नेताहरूले 'घोषणापत्र' को विरोधमा भ्रष्टाचार गर्दै आएको हुँदा तिनीहरूलाई सरकारबाट च्युत गर्न सजिलो भयो ।

बाहिर हेर्दा सेना, प्रहरी, गुप्तचर विभाग, प्रशासन यन्त्र र अदालत देखिए पनि विदेशी थैलीहरूले नै आजका सरकारमा बस्नेहरूलाई पनि भोलि तिनीहरूको 'आदेश' अनुसार काम गरेनन् भने तिनीहरूको 'भाग्य' पनि पहिलेका जस्तै जग नभएका व्यक्तिहरूको जस्तै हुनेछ ।

चीनमा विद्रोह गरी भारत भागेका तिब्बतका दास मालिकहरूकै घेरामा दलाई लामा भारत पुगे, उनको खर्च पानी सबै अमेरिकी केन्द्रीय गुप्तचर विभागले व्यहोर्दै आएको हो । बितेको भदौ महिना 'उपद्रव' र कार्की सरकारले दलाई लामा गुटलाई गरेको औपचारिक व्यवहार नेपाल र चीन मित्रताको विपरीत भएको हुँदा अहिले भदौदेखिका सबै गतिविधिमा भारत र अमेरिकाको हात भएको नेपाली जनताले अड्कल र आकलन गर्दै छन् ।

# संसद्को मुख्य काम 'प्रधानमन्त्री' चयन होइन, आवश्यक नीति र ऐन निर्माण हो

नेपाल मजदुर किसान पार्टीको स्थापना देश र जनताको निःस्वार्थ सेवा गर्न २०३१ साल माघ १० गते भएको हो । स्थापनाकालदेखि पार्टीले किसान आन्दोलन, देशको सार्वभौमिकता रक्षा आन्दोलन र साम्राज्यवादविरोधी आन्दोलनको नेतृत्व गर्दै आएको छ ।

३५ वर्षयता पालैपालो सरकारमा गएका शासक दलहरूले देश र जनताको समस्या समयमा समाधान गर्न सकेनन् र सम्भावित दुर्घटनाको पूर्वानुमान पनि गर्न सकेनन् । भदौ २३ र २४ गतेको घटनापछि चुनावी सरकार गठन, प्रतिनिधिसभा विघटन र यही फागुन २१ गतेलाई निर्वाचन घोषणा भयो ।

निर्दलीय पञ्चायती व्यवस्थाको सुरुदेखि नै पार्टीले निर्वाचनलाई उपयोग गरी समाजवादी प्रचार अभियानलाई अघि बढाउँदै आएको छ । निर्वाचन जनतालाई राजनीतिक रूपले शिक्षा दिने बृहत् कक्षाजस्तै हो । निर्वाचन आमूल परिवर्तनको सङ्केत दिने एक 'ब्यारोमिटर' पनि हो । पार्टीले निर्वाचनलाई उपयोग गरी पुँजीवादी व्यवस्थालाई उदाङ्ग्याउँदै आयो । तर, पार्टीले निर्वाचनबाट समाजवाद आउने विश्वास गर्दैन । पार्टीले क्रान्तिकारी संसद्वादलाई व्यवहारमा लागू गर्दै छ ।

प्रजातन्त्र सत्तामा बस्ने पार्टीहरूको मनपरीतन्त्र होइन; न त शासक पार्टीका मुठीभर नेताहरू पालैपालो प्रधानमन्त्री, उपप्रधानमन्त्री एवम् मन्त्री हुने व्यवस्था नै प्रजातन्त्र हो । प्रजातन्त्र एक जीवनपद्धति हो । सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा पनि केही व्यक्ति धनी र असङ्ख्य जनता गरिब हुनेछन् । यो निर्वाचन पनि पुँजीवादी नै हो । पुँजीवादी पार्टीहरूले यो निर्वाचनमा पनि पद, पैसा, पशुबल र सत्ताको दुरूपयोग गर्नेछन् ।

संसद् देशको नीति–निर्माण, बजेट, ऐन, द्विपक्षीय र बहुपक्षीय सन्धि-सम्झौतामाथि छलफल र निर्णय गर्ने बौद्धिक थलो हो । नेमकिपाले २०४८ सालयता संसद्मा देश र जनताको हितमा प्रखर प्रतिपक्षीको भूमिका निर्वाह गर्दै आएको हो । प्रतिनिधिसभाको यो निर्वाचनमा पार्टीले प्रत्यक्ष निर्वाचनमा ५९ जिल्लामा १२० उम्मेदवार उठाएको छ । यसमा महिला ५४ जना छन् । यो ४५ प्रतिशत हो । पार्टीले समानुपातिक उम्मेदवारमा ४४ जिल्लाका १०९जना उठाएको छ । यसमा ५८ जना महिला उम्मेदवार छन् । यो ५३ प्रतिशत हो ।

यो निर्वाचनबाट पनि नेपाली जनताको सुन्दर भविष्यको निर्माण, नयाँ युगको सुरुआत, सुशासन र लोकतन्त्रको जित हुन्छ भन्ने भ्रममा नेपाली जनता पर्नु हुँदैन । निर्वाचनमा नेमकिपाको पक्षमा धेरै मत प्राप्त हुनु आमूल परिवर्तनको लागि परिस्थिति परिपक्व हुँदै छ भन्ने सङ्केत हुनेछ । यसपटक पनि नेमकिपाले संसद्मा प्रखर प्रतिपक्षीको भूमिका निर्वाह गरी देश र जनताको निःस्वार्थ सेवा गर्नेछ ।


नेपाल मजदुर किसान पार्टीले निर्वाचनलाई सधैँ दलहरूको घोषणापत्रको सैद्धान्तिक सङ्घर्षको रूपमा लियो र लिँदै छ । संसद्को मुख्य काम र केन्द्र 'प्रधानमन्त्री' होइन बरु आवश्यक नीति र ऐनहरूको निर्माण गर्ने हो । संसद्लाई जनताको पिर मर्का हेर्ने, देशको रक्षा गर्ने, देशभक्तहरूको जीवन्त सदन बनाउन आवाज उठाउनेछ ।

जन्मको आधारमा नेपाली नागरिकता पाएका विदेशीका छोराछोरीलाई वंशजको आधारमा नेपाली नागरिकता दिने कानुनी व्यवस्था खारेज गराउन र आमा-बुबा दुवै वंशजको नेपाली नागरिकका छोराछोरीमात्र वंशज नेपाली नागरिक हुने कानुनी व्यवस्थाको निम्ति सङ्घर्ष चालू राख्नेछ ।

प्रजातन्त्र सत्तामा बस्ने पार्टीहरूको मनपरीतन्त्र होइन; न त शासक पार्टीका मुठीभर नेताहरू पालैपालो प्रधानमन्त्री, उपप्रधानमन्त्री एवम् मन्त्री हुने व्यवस्था नै प्रजातन्त्र हो । प्रजातन्त्र एक जीवनपद्धति हो । सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा पनि केही व्यक्ति धनी र असङ्ख्य जनता गरिब हुनेछन् । यो निर्वाचन पनि पुँजीवादी नै हो । पुँजीवादी पार्टीहरूले यो निर्वाचनमा पनि पद, पैसा, पशुबल र सत्ताको दुरूपयोग गर्नेछन् ।

नेमकिपाले देशको द्रुतत्तर विकास गर्न २०४८ सालदेखि दुर्गम क्षेत्रहरूमा रोपवे (रज्जुमार्ग), केबुल कार र सुरुङमार्ग, रेलमार्ग अवलम्बन गर्नुपर्नेबारे सरकारहरूको ध्यान आकर्षित गर्दै आएको हो ।

सरकारहरूले कर्मचारीलाई तलब खुवाउन ऋण लिने र ऋणको सावाँ ब्याज तिर्न पनि ऋण लिने गरेको देशघाती



प्रेम सुवाल, सचिव नेमकिपा

कामको विरोध चालू रहनेछ । भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण र ठुला भ्रष्टाचारीलाई ज्यान सजायसमेत हुने कानुनी व्यवस्था बनाउन निरन्तर सङ्घर्षरत रहने छ ।

भक्तपुर नगरपालिकाले सञ्चालन गर्ने ख्वप विश्वविद्यालयको विधेयक संसद्को पहिलो अधिवेशनबाट पारित गराउन जोड दिनेछ । समाजलाई बुद्धिजीवीकरण बनाउने अभियानको अगुवाइ विश्वविद्यालयहरूलाई गराउन आवाज राख्नेछ ।

विश्वविद्यालयका उपकुलपति, रेक्टर, रजिस्टारहरू, संवैधानिक आयोगका पदाधिकारी, सेना र प्रहरीका प्रमुख, न्यायालयका न्यायाधीशहरूको सम्बन्धित क्षेत्रबाट निर्वाचित गराएर नियुक्ति गर्न आवाज उठाउनेछ । निर्वाचित जनप्रतिनिधिहरू आ-आफ्नै जिल्लामा बसेर जनताको सेवा र देशको सन्तुलित विकास गर्न पाउने कानुनी व्यवस्था गराउनु जरुरी छ । सर्वसाधारण जनतालाई थप सेवासहित स्वास्थ्य बीमाको उपचार प्रभावकारी बनाउन जोड दिने छ ।

केही वर्षदेखि नेपालमा संसद्बारे 'हाजिर गरेर भत्ता पचाउने', 'रातो राहदानी बेच्ने' र 'खाली सहुलियत खोज्नेहरूको संस्था' जस्ता शब्द र वाक्यांशहरू जनताबाट प्रयोग भयो- बसमा, चिया पसल र चौतारीहरूमा समेत !

लाखौँ नेपाली युवालाई विदेश पठाउँदा देशको कृषि अर्थतन्त्रमा बज्रपात भयो । कृषि उत्पादन बढाउन आवश्यक र सम्भव ठाउँहरूमा सिँचाइका नहरहरू बनाउन सङ्घर्ष गर्ने छ । मल-कारखाना र बीउबिजनको बन्दोबस्त अर्को महत्त्वपूर्ण विषय हो ।

मध्यम, गरिब, खेती किसान र खेतीहर मजदुरकै निम्ति सहकारी संस्थाको बढी महत्त्व हुन्छ । खेतीको काम सिद्धिनासाथै उनीहरूलाई सहकारीमार्फत घरघरमा काम गर्ने, कुटीर व्यवसाय, ससाना घरेलु र साना उद्योगको बन्दोबस्त गराउन जरुरी छ । यो बन्दोबस्त भए कतिपय सहकारी संस्थामा भइरहेको ठगी नियन्त्रण हुनेछ ।

नेपालमा सहकारी मन्त्रालयका मन्त्री र विभागका माथिल्ला कर्मचारीहरूले सहकारी संस्थाहरूलाई 'निजी बैङ्क' को रूपमा 'बचत र ऋण सहकारी संस्था' बनाएर ठुल्ठुला निजी बैङ्कहरूको दलाल बनाउने अपराध गरे ।


माथिल्लो कर्णाली देशको सबभन्दा 'सस्तोमा विद्युत् उत्पादन' हुने योजना नेपाली जनताको सपना हो । नेपालमा उत्पादित सबै जलविद्युत्को भण्डारण भारतमा रहने सन्धी सम्झौता खारेज गराउन सङ्घर्ष चालू राख्नेछ ।

भेनेजुयलामाथि हमलापश्चात् अमेरिकी साम्राज्यवादले ल्याटिन अमेरिकाको समाजवादी देश क्युबामाथि लगाएको नाकाबन्दी झन् कठोर बनायो । मादुरो दम्पतीको रिहाइको लागि नेमकिपाले विरोध प्रदर्शन र काठमाडौँस्थित अमेरिकी राजदूतावासमार्फत राष्ट्रपति ट्रम्पको ध्यानाकर्षण गरायो । एमसीसी र एसपीपी खारेज गराउन नेमकिपाले निरन्तर सङ्घर्ष गर्नेछ ।

'इप्स्टिन फाइल' ले संयुक्त राज्य अमेरिका र पश्चिमा नेतृत्वको अपराध र पशु व्यवहार उदाङ्गिएको छ ।

*(२०८२ फागुन ३ गते प्रतिनिधिसभाको निर्वाचनमा नेमकिपाको घोषणापत्र सार्वजनिक कार्यक्रममा पार्टीका सचिव एवम् भक्तपुर क्षेत्र नं १ उम्मेदवार प्रेम सुवालले प्रस्तुत गर्नुभएको घोषणापत्रको सारः सं)*

# सरकार भ्रष्ट पुँजीपतिहरूलाई पोस्दै ?!




शुक्र

पाल्पा सिमेन्ट कम्पनीले पौने अर्ब कर छली गरेको समाचार बाहिरियो । तानसेन ब्रान्डको सिमेन्ट उत्पादन गर्दै आएको सो कम्पनीले आव २०७७/७८ देखि २०७९/८० सम्म आय विवरण नबुझाएका फर्महरूसँग कारोबार गरी ३० करोड रूपैयाँ बराबरको राजस्व छली गर्‍यो । सो कम्पनीले नक्कली भ्याट बिल प्रयोग गरी आपूर्तिकर्ताको पहिचानसमेत लुकाएर कर दायित्व घटाएको विषयमा राजस्व अनुसन्धान विभागले अनुसन्धान गरिरहेको छ ।

उक्त कम्पनीले आव २०८०/८१ र २०८१/८२ मा भ्याट फिर्ताको लागि पेस गरेको विवरणमा समेत कैफियत देखिएको छ । कम्पनीले ३ अर्ब ३४ करोड १९ लाख रूपैयाँ बराबरको करयोग्य सामान खरीद गरेको देखाएकोमा ४३ करोड ४४ लाख रूपैयाँ भ्याट फिर्ता माग गरेको थियो । यसरी कर छली गर्ने कम्पनीलाई सरकारले साधारण शेयर निष्कासन गर्ने अनुमति दिनु गलत रहेको विश्लेषकहरूको मत छ ।

उक्त कम्पनीले२०७९ भदौ र असोज महिनामा १२ वटा सहायक कम्पनी स्थापना गरेको समाचार छ । ४७ करोड २५ लाख रूपैयाँ खर्च भएका सहायक कम्पनी खोलेको साढे तीन वर्षसम्म पनि ती कम्पनीबाट कुनै पनि प्रतिफल नआउनु वित्तीय रूपमा गम्भीर अपराध हो । भ्रष्टाचार गर्नका लागि विदेशीसँग ऋण लिने र ऋण तिर्नका लागि पनि ऋण नै लिने शासक दलका नेताहरूको रवैयाले देश भड्खालोमा गएको हो । अनुत्पादक क्षेत्रमा आधा अर्ब लगानी गर्नु घुमाउरो तरिकाको हिनामिना नै हो ।

आयकर ऐन, २०५८ मा नक्कली बिल प्रयोग गरेर हुने खर्च लेखा परीक्षणबाट अस्वीकार हुने प्रावधान छ । त्यस्तो अनियमिततामा तथा आर्थिक अपराधमा संलग्न भएको प्रमाणित भए शतप्रतिशत जरिवाना र कैदसमेतको सजाय हुने कानुनी व्यवस्था छ । तर, सरकारले यस्तो प्रावधानलाई समेत लत्याएर अनियमितता संलग्न पुँजीपतिहरूलाई उन्मुक्ति दिने काम गर्दै छ । यो सरकारमा पुगेका शासकहरूको पुँजीपतिहरूसँग दलाली भाग खाने मेसो हो ।

अहिलेसम्मका सरकारहरू पुँजीपति र स्वार्थ समूहको प्रभावमा परेको हुँदा सर्वसाधारण जनताले दुःख पाएका हुन् । राज्यलाई ठुलो आर्थिक नोक्सान हुने अपराधमा संलग्न कम्पनीको साधारण शेयर सर्वसाधारण जनतालाई भिडाउन खोज्नु अर्को अपराध हुनेछ । भ्रष्टाचारविरुद्ध शून्य सहनशिलता अपनाएको भाषणबाजी गर्ने सरकारबाट भएका यस्ता अपराध क्षम्य हुने छैन । जनताले सरकारमा पुगेका भ्रष्ट शासकहरूलाई ठेगान लगाउनु जरुरी छ ।

# देश र जनताको निःस्वार्थ सेवा गरौं !
# समाजवादी प्रचार अभियान अगाडि बढाऔं !

नेपाल मजदुर किसान पार्टीको स्थापना देश र जनताको निःस्वार्थ सेवा गर्न २०३१ साल माघ १० गते भएको हो। स्थापनाकालदेखि पार्टीले किसान आन्दोलन, देशको सार्वभौमिकता रक्षा आन्दोलन र साम्राज्यवादविरोधी आन्दोलनको नेतृत्व गर्दै आएको छ।

निर्वाचन जनतालाई राजनीतिक रूपले शिक्षा दिने बृहत् कक्षाजस्तै हो। निर्वाचन आमूल परिवर्तनको सङ्केत दिने एक 'ब्यारोमिटर' पनि हो। निर्दलीय पञ्चायती व्यवस्थाको सुरुदेखि नै पार्टीले निर्वाचनलाई उपयोग गरी समाजवादी प्रचार अभियानलाई अघि बढाउँदै छ। निर्वाचनमा नेमकिपाको पक्षमा धेरै मत प्राप्त हुनु आमूल परिवर्तनको लागि परिस्थिति परिपक्व हुँदै छ भन्ने सङ्केत हुनेछ। पार्टीले निर्वाचनलाई उपयोग गरी पुँजीवादी व्यवस्थालाई उदाङ्ग्याउँदै आयो। तर, पार्टीले निर्वाचनबाट समाजवाद आउने विश्वास गर्दैन। पार्टीले क्रान्तिकारी संसद्वादलाई व्यवहारमा लागु गर्दै छ।

प्रजातन्त्र सत्तामा बस्ने पार्टीहरूको मनपरीतन्त्र होइन; न त शासक पार्टीका मुठीभर नेताहरू पालैपालो प्रधानमन्त्री, उपप्रधानमन्त्री एवम् मन्त्री हुने व्यवस्था नै हो। प्रजातन्त्र एक जीवनपद्धति हो।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा पनि केही व्यक्ति धनी र असङ्ख्य जनता गरिब हुनेछन्। पुँजीवादी पार्टीहरूले निर्वाचनमा पद, पैसा, पशुबल र सत्ताको दुरूपयोग गर्नेछन्। यो पुँजीवादी निर्वाचन नै हो। यो निर्वाचनबाट नेपाली जनताको सुन्दर भविष्यको निर्माण, नयाँ युगको सुरुआत, सुशासन र लोकतन्त्रको जित हुन्छ भन्ने भ्रममा पर्नु हुँदैन।

संसद् देशको नीति–निर्माण, बजेट, ऐन, द्विपक्षीय अथवा बहुपक्षीय सन्धि–सम्झौतामाथि छलफल र निर्णय गर्ने बौद्धिक थलो हो। नेमकिपाले २०४८ सालयता संसद्मा देश र जनताको हितमा प्रखर प्रतिपक्षीको भूमिका निर्वाह गर्दै आयो। फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनमा पार्टीले १२० प्रत्यक्ष र १०९ समानुपातिक उम्मेदवार उठाएको छ।

**आजको अन्तर्राष्ट्रिय परिस्थिति**

कुनै ठाउँको हावापानीको प्रभाव त्यहाँको घर र कोठामा परेजस्तै अन्तर्राष्ट्रिय परिस्थितिको प्रभाव नेपालको राजनीतिक तथा आर्थिक परिस्थितिमा पर्दै छ।

संयुक्त राज्य अमेरिकी ट्रम्प प्रशासन पहिलो विश्वयुद्धपछिको हिटलर र मुसोलिनी शैलीले आक्रामक बन्दै छ। उसले विश्व शान्तिलाई खलबल्याउँदै उत्तर एटलान्टिक सन्धि सङ्गठन (नाटो) र एसिया प्रशान्त महासागरीय देशहरूलाई पनि धम्काउँदै र तर्साउँदै छ। संसारमा पुन: उपनिवेशवाद लादन खोज्दै छ। दक्षिण अमेरिकी महादेश तथा अफ्रिकी महादेशका केही देशहरूलाई धम्काउँदै र तर्साउँदै त्यहाँका प्राकृतिक स्रोत, पेट्रोल, दुर्लभ खनिजतत्त्व एवम् अन्य खानी आफ्नो मुठीमा पार्दै छ। यसको एक ताजा उदाहरण भेनेजुयला हो। ट्रम्प प्रशासनले साइबर आक्रमण गरी भेनेजुयलाका राष्ट्रपति निकोलस माडुरो र उहाँकी पत्नी एवम् नेतृ सिलिया फ्लोरेसलाई मध्यरातमा (बत्ती निभाएर) डकैती शैलीमा अपहरण गरेर संयुक्त राज्य अमेरिका लग्यो। यसलाई इतिहासमा सबभन्दा घृणित एवम् आपराधिक घटनामध्ये एक मानिनेछ।

ट्रम्प प्रशासनले इजरायलमार्फत प्यालेस्टिनमाथि दुई वर्षको निर्मम आक्रमणमा ७४ हजारभन्दा बढी जनताको हत्या गर्‍यो। शिशु, केटाकेटी, आमा र महिलाहरू बढी मारेर जातिहत्याको अपराध गर्‍यो। नरसंहार अझै जारी राख्दै छ। एसियाली देश इराक र अफ्रिकी देश लिबियाले आ–आफ्नो तेलखानी अमेरिकालाई बेचेन भन्ने निहुँमा इराकका राष्ट्रपति सद्दाम हुसेन र लिबियाका राष्ट्रपति गद्दाफीलाई अमेरिकी प्रशासनले आफ्नो केन्द्रीय गुप्तचर विभाग (CIA) मार्फत हत्या गराएको संसारले बिर्सेको छैन। सिरियामा पनि त्यही निहुँमा वर्षौंदेखि हमला गर्दै वैधानिक सरकार ढाल्यो। अहिले इरानको आन्तरिक मामिलामा हस्तक्षेप गर्दै आन्दोलनको नाममा गतिविधि बढाउँदै इरानी सरकार पल्टाउन आक्रमणको तयारी गर्दै छ।

भेनेजुयलामाथि हमलापश्चात् ट्रम्प प्रशासनले ल्याटिन अमेरिकाको समाजवादी देश क्युबामाथिको नाकाबन्दीलाई झन् कठोर बनायो। त्यहाँ इन्धनलगायत सारा आपूर्ति बन्द गरायो। क्युवाले भेनेजुयलाको पक्षमा 'रगत बगाउन तयार भएको' बताएको थियो। क्युवाविरुद्ध ६६ वर्ष अगाडि लगाएको साम्राज्यवादको अमानवीय नाकाबन्दी समाजवादी व्यवस्था ढाल्ने उद्देश्यले गरेको जगजाहेर भइसकेको छ। क्युवाली जनताले कुनै पनि मूल्य चुकाएर आफ्नो सम्प्रभुता रक्षा गर्न तयार रहेको दोहोर्‍याइरहेका छन्। विभिन्न देशमा चिकित्सक सहयोग गर्दै आएको क्युवाले कोभिड–१९ महामारी नियन्त्रण गर्न भ्याक्सिन अनुसन्धान गरी निर्यात गर्‍यो। विश्वका न्यायप्रेमी जनता क्युवाप्रति अभूतपूर्व ऐक्यबद्धता जाहेर गर्दै छन्। रुस, चीन र मेक्सिको लगायतका देश मानवीय सहायतासहित क्युवाको पक्षमा उभिँदै छन्। नेपाल पनि उभिनु जरुरी छ।

अमेरिकी साम्राज्यवादले पूर्वसोभियत सङ्घको भू–भाग युक्रेनको जमिन र खनिज कब्जा गर्दै युक्रेनमार्फत रुसविरुद्ध हमला गर्‍यो। रुसविरुद्ध अमेरिकी छद्म युद्धले चार वर्ष नाघिसक्यो; ठूलो जनधनको क्षति भइसकेको छ। तर, युक्रेनलाई प्रयोग गरी मस्कोलाई आफ्नो तखतमा राख्ने अमेरिकी योजना विफल हुँदै छ।

ट्रम्प प्रशासनले एसियामा पनि श्रीलङ्का र बङ्गलादेशको आन्तरिक मामिलामा हस्तक्षेप गर्‍यो। नेपालमा भ्रष्टाचारको विरोधको लोकप्रिय नारा उठाउन लगायो; मुलुकमा अपूरणीय क्षतिपश्चात् ट्रम्प प्रशासनको छायामा नयाँ सरकारको स्थापना नेपाली जनताले व्यहोर्दै छन्। चीनको स्वायत्त प्रान्त तिब्बतका देशद्रोही दलाई लामा गुटका मानिसहरूलाई पनि वर्तमान सरकारले 'एक चीन नीति' विपरीत मान्यता दिने तयारी गर्दै छ। इतिहासमा बेलायती उपनिवेशवादले गरेजस्तै अमेरिकी ट्रम्प प्रशासनले तिब्बत कब्जा गर्ने नयाँ युद्धको तयारी गर्दै छ।

'रङ्गीन क्रान्ति' को आवरणमा अमेरिकी साम्राज्यवादले संसारका विभिन्न देशमा सत्तापलट गरी आफ्नो प्रभुत्व विस्तार गर्न ठूलो बल प्रयोग गर्दै छ। क्यानडालाई संयुक्त राज्य अमेरिकाको ५१ औं राज्य बनाउने, डेनमार्कको ग्रीनल्यान्ड कब्जा गर्ने, पनामा नहर कब्जा गर्ने र मेक्सिकोमाथि बढाउँदै लगिएको दबाबले ट्रम्प प्रशासनको 'जङ्गली राज' उजागर भइरहेको छ।

सं.रा. अमेरिकाको एक ठूलो अपराधीको 'इप्स्टिन फाइल' ले संयुक्त राज्य अमेरिका र पश्चिमा नेतृत्वको अपराध र पशु व्यवहार उदाङ्गिएको छ।

**संसद्लाई जीवन्त र व्यावहारिक बनाऔं!**

संसदीय निर्वाचनको सिलसिलामा कुनै एक पार्टी–नेतालाई प्रधानमन्त्री बनाउने प्रचारले जनतामा ठूलो भ्रम फैलाउने काम हुँदै छ। नागरिक वा मतदाताहरू गुनासो गर्दै छन्, "प्रधानमन्त्री भएकाहरूले नै भ्रष्टाचार गरेर देश बर्बाद बनाए अब फेरि उनीहरूलाई नै प्रधानमन्त्रीमा निर्वाचन गर्ने हो र?"




नेपाल मजदुर किसान पार्टीले निर्वाचनलाई सधैँ दलहरूको घोषणापत्रको सैद्धान्तिक सङ्घर्षको रूपमा लियो; लिँदै छ। संसद्ले विधेयक पारित गरी ऐन–कानुन र नीति निर्माण गर्छ। पछिल्ला संसद्मा सांसदहरू बुझेर वा नबुझेर वा दिक्क मानेर वा विरोध स्वरूप विधेयकको छलफल गर्ने बेलामा गणपूरक सङ्ख्या पनि नपुग्ने गरी बाहिरिए र बरोबर संसद्को बैठक स्थगित गर्नुपर्ने स्थिति आयो। शासक दलहरूले गणपूरक सङ्ख्या पुर्‍याए पनि छलफलको आवश्यकतालाई अस्वीकार गर्दै विधेयकको पक्ष र विपक्षमा 'हुन्छ' र 'हुँदैन' भन्न लगाउने तथा खाली मतदानको कानुनी रीतमात्रै पुर्‍याउने काम गरे। यसप्रकार, केही वर्षदेखि नेपालमा शासक दलका सांसदहरूले संसद्लाई 'हाजिर गरेर भत्ता पचाउने थलो', 'रातो राहदानी बेच्ने कार्यालय' र 'सहुलियत खोज्नेहरूको संस्था' जस्तोमात्र बनाए भनी जनताले छलफल चलाए– बस, चिया पसल र चौतारीहरूमा समेत र संसद् र सांसदको मर्यादालाई ध्यानमा राख्दै नेमकिपाका सांसदहरू संसद्मा जनताका समस्याहरूबारे जीवित ढङ्गले छलफल चलाउनेतर्फ शासक दलहरूको ध्यानाकर्षित गर्ने काममा लागिरहे। यसकारण, नेमकिपाले सांसदहरूलाई 'निर्वाचन क्षेत्र विकास कोषको जिम्मा दिन नहुने' बारे बारम्बार शासक दलहरूलाई सचेत गरायो। देशको अर्बौं रुपैयाँको बजेट खर्च हुने योजनामात्र केन्द्रले हेर्ने र दुई–चार करोडका योजनाहरू प्रदेश एवम् स्थानीय निकायलाई दिनुपर्ने नीति बनाउन दलहरूलाई आह्वान गर्दै आयो। यस नीतिलाई लागु गर्न नसक्दा शासक दलका सांसदहरू नै भ्रष्टाचारमा मुछिएको अनेक आरोप र प्रमाणहरू पनि बाहिरिए। संसद् सदस्यले एउटा कुनै निर्वाचन क्षेत्रको मात्रै प्रतिनिधित्व गर्ने होइन, उनी जिल्ला सभापति र कुनै नगरको मेयर होइन, देशकै नीति निर्माणका प्रतिनिधि हुन्।

देशको आवश्यकता र अनेक समस्या समाधानका लागि संसद्ले पारित गरेका नीतिहरू लागू गर्न कार्यपालिका (मन्त्रीमण्डल) को नेता अर्थात् प्रधानमन्त्रीको महत्त्वपूर्ण भूमिका हुन्छ। यसबारे 'प्रधानमन्त्री' ले गम्भीरतापूर्वक ध्यान नदिँदा अहिले प्रजातन्त्रकै बदनाम भएको संवेदनशील समूह अनुभव गर्दै छ। यसकारण, संसद्को मुख्य काम र केन्द्र 'प्रधानमन्त्री' होइन बरु आवश्यक नीति र ऐनहरूको निर्माणमा उल्लेख्य भूमिका हो।

त्यसैले, संसद्लाई जनताको पिर–मर्का हेर्ने एवम् देशको रक्षा गर्ने देशभक्तहरूको सदन बनाउन नेमकिपाले विगतमा झैं सक्रिय भूमिका निर्वाह गर्नेछ।

**नेपालको खोटपूर्ण परराष्ट्र नीति**

फासीवादी अमेरिकाको युद्धको धम्की र भन्सार वृद्धिको घुर्कीले आज सारा संसार आतङ्कित छ। भेनेजुयलामा हस्तक्षेप, क्यानडा र ग्रीनल्यान्डलाई संयुक्त राज्य अमेरिकी राज्यमा मिलाउने दबाब, इरान, कोलम्बिया र क्युबामा आक्रमण गर्ने धम्कीजस्ता ट्रम्प प्रशासनको 'बहुलठी तरबार' बाट अमेरिकी मित्र देशहरू त्रसित छन्।

यस्तो स्थितिमा अमेरिकी साम्राज्यवादको दृष्टिकोणबाट प्रभावित तथा तालिम प्राप्त नेपाल सरकारको कर्मचारीतन्त्रबाट तटस्थ र असंलग्न परराष्ट्र नीतिअनुसार देशको स्वतन्त्रता एवम् सार्वभौमिकताको सुनिश्चितता कसरी सुदृढ हुन्छ भन्ने विषयमा देशका बुद्धिजीवीहरू चिन्तित छन्। अमेरिकी सहयोग, विश्व बैङ्क, एसियाली विकास बैङ्क र अन्तर्राष्ट्रिय मुद्राकोषको ऋणको सट्टा आफ्नै देशका जनताको भरमा किफायती आर्थिक विकासको नीति लिनु आवश्यक छ। यसकारण, देशको हितविपरीत काम गर्नेहरूलाई प्रशासनबाट तत्काल बिदा दिनु र आवश्यक दण्ड–सजायको पनि बन्दोबस्त गर्नु बुद्धिमानी हुनेछ।

ट्रम्प प्रशासनले दक्षिण एसियाको एक देश भारतको दक्षिणपन्थी मोदी सरकारलाई भारतीय वस्तुमा कर बढाउने र भारतलाई विश्व बैङ्कबाट ऋण लिन बाध्य पार्ने भनी धम्क्याउँदै र फकाउँदै एसियाली देशहरूमै युद्धको बीउ छर्ने काम गर्दै छ।

नेपाल विश्व शान्तिको पक्षमा दृढतापूर्वक उभिँदै आमविनाशकारी आणविक अस्त्रशस्त्रको होडबाजीको पक्षमा नउभिनु नै देशको हितमा हुनेछ। सम्भावित तेस्रो विश्वयुद्धको सङ्घारतर्फ धकेलिँदै लगिएको अन्तर्राष्ट्रिय परिस्थितिमा यो एक आवश्यक अडान हो। क्षेत्रीय शान्ति, अहस्तक्षेप तथा अनाक्रमणले मात्र शान्तिको प्रत्याभूति दिलाउनेछ। तटस्थताको नीतिमा चुक्नु नेपालको समेत अहितमा हुनेछ।

हिटलर र मुसोलिनीले राष्ट्रसङ्घ (League of Nation) लाई त्याग्दै विश्वयुद्धको तयारी गरेजस्तै ट्रम्प प्रशासनले पनि जलवायु परिवर्तनलाई बढ्न नदिने 'पेरिस सम्झौता' बाट हात झिक्यो; विश्व स्वास्थ्य सङ्गठन, युनेस्कोलगायत अहिले ६३१ संस्थाबाट पनि हात झिक्यो र संयुक्त राष्ट्रसङ्घलाई दिनुपर्ने अर्बौं डलर रकम रोकी विश्वको यो साझा संस्थालाई निस्तेज पार्ने काम गर्दै छ। ट्रम्प प्रशासनले 'गाजा पुन: निर्माण बोर्ड' (Board of Peace) को नाममा संयुक्त राष्ट्रसङ्घको समानान्तर संस्था बनाउने तयारी गर्दै छ। संयुक्त राष्ट्रसङ्घको बडापत्रअनुसार सदस्य राष्ट्रहरूले अरू कुनै देशमाथि हस्तक्षेप र आक्रमण गर्न नपाउने प्रावधानलाई मिचेर ट्रम्प प्रशासन संसारलाई चकित पार्दै छ। सारमा, ट्रम्प प्रशासन विश्व शान्तिलाई कमजोर पार्न चाहन्छ। विश्व शान्तिलाई खलल पार्ने ट्रम्प प्रशासनको यो कार्य संसारको निम्ति एक जघन्य अपराध साबित हुनेछ।

**कृषि, उद्योग र रोजगारी**

उद्योग र रोजगारीसँग जोडिएको महत्त्वपूर्ण विषय कृषि हो। कृषि उत्पादन निर्यात गर्ने नेपाल विगतका सरकारहरूको खोटपूर्ण नीतिको कारण दाल–चामल–गहुँ मकै मात्र होइन सागपात र फलफूलको लागि विदेशमा निर्भर हुँदै छ। एक समय नेपालका हरेक नाकाबाट घिउ निर्यात हुन्थ्यो। २०१५ सालको संसद्को बहुमतबाट निर्वाचित नेकाको बीपी कोइरालाको सरकारले 'डाल्डा' घिउ भित्र्याएपछि नेपाल सरकारले एक एक पाइला गर्दै हरेक क्षेत्रमा आयात गर्ने अर्थतन्त्र अवलम्बन गर्‍यो। त्यसबेला नेपालमा उद्योगधन्दासँग सम्बन्धित र प्राविधिक वस्तुमात्रै आयात हुने गर्थ्यो भने अहिले नेपालमै उत्पादन हुने वस्तुमा समेत परनिर्भरता बढ्यो। सनपाट वा जुट पनि नेपालले निर्यात गर्थ्यो; आज आयात गर्छ।

मानिसको शरीरमा रगतजस्तै कृषिको निम्ति अत्यावश्यक पानी हो। मानिसको लागि भिटामिनजस्तै खेतीपातीको निम्ति मल हो। कृषि उत्पादन बढाउन आवश्यक र सम्भव ठाउँहरूमा सिँचाइका नहरहरू निर्माणमा ढिलाइ गर्नु हुँदैन। मल–कारखाना बनाउन ढिलाइ हुँदा देश धेरै पछाडि पर्‍यो। राज्यले यतातर्फ ध्यान पुर्‍याएको भए जनताले काम पाउने थिए भने रासायनिक मलको निम्ति वर्षमा खर्बौं रकम विदेश पठाउनु पर्ने थिएन।

बीउबिजनको बन्दोबस्त अर्को महत्त्वपूर्ण विषय हो। बीउमा समेत परनिर्भरताले देशको कृषि उत्पादन ह्रास भएको हो। कृषि क्षेत्रमा उन्नतिको लागि मौलिक बीउबिजनको जगेर्ना र नयाँ बीउबिजनको विकास स्वदेशमै हुनु आवश्यक छ।

विगतमा मित्रराष्ट्रहरूको सहयोगमा नेपालमा ईंटा–टायल, छाला–जुत्ता, चुरोट, रबर, कागज, अलकत्रा, कृषि सामग्रीहरूको उत्पादन, कपास, धागो र कपडा उद्योग सुरु हुँदा नेपाल आत्मनिर्भरताको बाटोमा थियो। आज यसको विपरीत – 'प्रजातान्त्रिक' भनिएका सरकारहरूले निजीकरणको नाउँमा विदेशीलाई समेत नेपालका कल–कारखाना बेच्ने नीति लिएको कारण देश परनिर्भर बन्दै छ। लाखौं नेपाली युवालाई विदेश पठाउँदा देशको कृषि अर्थतन्त्रमा बज्रपात भयो।

देशलाई जोगाउन छिमेकी देशहरूको उत्पादनसँग प्रतिस्पर्धा गर्न नपर्ने वस्तुमात्रै नेपालले उत्पादन गर्ने गरी घरेलु, साना र ठूला उद्योगहरू स्थापना गर्ने नीति लिनु आवश्यक थियो; यो नीति हिजोका सरकारहरूले लागु गरेनन्। किसानलाई कृषि उत्पादनको बजार र उचित मूल्यको बन्दोबस्त गराउन सदन र सडकमा नेमकिपाले आवाज निरन्तर उठाउनेछ।

**शिक्षा र स्वास्थ्यलाई पूर्ण विकेन्द्रित गरौं!**

शिक्षालाई उत्पादन श्रमसँग मिलाउने नीति लिएको खण्डमा, प्रवेशिका वा माथिल्ला तहमा प्राविधिक शिक्षाको बन्दोबस्त गरेमा नेपाली युवाहरूले आफ्नै देशमा आ–आफ्ना अध्ययनअनुसारको काम पाउने थिए; घर–खेत बेचेर वैदेशिक रोजगारीको नाममा विदेशी पुँजीको सेवा गर्नुपर्ने थिएन। सुसंस्कृत समाज निर्माणको लागि विद्यालय शिक्षा निःशुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा निःशुल्क हुने कानुनी व्यवस्था जरुरी छ। सुसंस्कृत समाज निर्माणसँगै जातीय विभेद, छुवाछूत, छाउगोठ, बोक्साबोक्सीलगायत अन्धविश्वास पूर्णरूपले अन्त्य गर्न मद्दत पुग्नेछ। शिक्षाको मुख्य उद्देश्य देशलाई आवश्यक जनशक्ति उत्पादन गर्ने हुनुपर्छ। विश्वविद्यालयहरूमा उच्च पददेखि क्याम्पस प्रमुख तथा प्राध्यापकहरूको नियुक्तिमा राजनीतिक भागबन्डाको अन्त्य गरी प्रतिस्पर्धामार्फत छनौट गर्ने बन्दोबस्त हुनुपर्दथ्यो। विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजहरूको सञ्चालन अनुमति खारेज गर्न हाम्रो सङ्घर्ष जारी रहनेछ।

सङ्घीय राज्यको सिद्धान्तअनुसार केन्द्रीय सरकारले देशको पूर्व, पश्चिम र मध्य भू–भागमा विशेषज्ञ सेवा दिन सक्ने तीनवटा अस्पताल र मेडिकल कलेजको बन्दोबस्त गर्ने तथा हरेक प्रदेशले एक–एक स्तरीय उपचारको निम्ति प्रादेशिक अस्पतालहरू सञ्चालन गर्ने साथै हरेक नगरपालिकाले एक–एक वटा नगर अस्पताल सञ्चालन गर्ने अनि गाउँपालिकाले भूगोलअनुसार स्वास्थ्य केन्द्रहरूको बन्दोबस्त गर्नु आवश्यक छ। सरकारी स्वास्थ्य संस्थाहरू प्रभावकारी नभएको हुँदा ती संस्थाहरूलाई पालिकामार्फत जनताको सेवा गराउने

बाँकी पृष्ठ ४ मा

**देश...**

व्यावहारिक नीति लागु गर्नु उचित हुनेछ ।

दुई-चार वर्ष माध्यमिक विद्यालयको स्तरलाई विकास गरी विज्ञान र प्रविधिका कलेजहरूलाई प्राथमिकता दिइएमा चार-पाँच वर्षभित्रै देशमा लाखौँ स्वास्थ्यकर्मी, डाक्टर, इन्जिनियर र प्राविधिक मजदुरहरूले काम पाउनेछन् । वर्षको खर्बौं रुपियाँको उपचार खर्च हुने थिएन र अन्य प्राविधिक वस्तुहरूको मर्मत-सम्भार गर्ने कामको लागि विदेशमा निर्भर हुनुपर्ने थिएन ।

भ्रष्टाचार गर्न र नाफाकै निम्ति खोलिएका मेडिकल कलेज एवम् सुक्दै गएका अन्य निजी कलेजहरूलाई प्रदेशले हेर्ने तथा विद्यार्थी सङ्ख्या बढाउन र स्तर विकास गर्न नसकेका विद्यालय एवम् कलेजहरूको सञ्चालनको जिम्मा प्रदेश, नगरपालिका र गाउँपालिकालाई दिनु उपयुक्त हुन्छ ।

स्थानीय पालिकालाई ज्ञानविज्ञानको केन्द्रको रूपमा विकास गर्दै लानु देशकै हितमा हुनेछ । १०-१५ वर्ष विलम्ब भइरहेको भक्तपुर नगरपालिकाबाट सञ्चालन हुने ख्वप विश्वविद्यालयको विधेयक संसद्को पहिलो अधिवेशनबाट पारित गरिए देशको थप सेवा हुनेछ । ख्वप विश्वविद्यालयमा आधुनिक चिकित्सकीय शिक्षालगायत कृत्रिम बौद्धिकता (एआई), आयुर्वेद, जडीबुटी, अकुपञ्चर, वैकल्पिक चिकित्सा शिक्षा समेतलाई जोड दिइनेछ । ख्वप विश्वविद्यालय विधेयक पारित गराउन नेमकिपाले सदनमा सङ्घर्ष चालू राख्नेछ ।

विश्वविद्यालयहरूका उपकुलपति, रेक्टर र रजिस्ट्रार भागबन्डा तथा शासक दलहरूकै विद्यार्थी र कर्मचारी सङ्गठनहरूबाट उपकुलपतिको कार्यकक्ष र कलेजका प्रमुखहरूको कार्यकक्षमा बरोबर हुने तालाबन्दी एवम् हडताल अन्त्य गरी विद्यार्थीहरूलाई विदेश होइन देशभित्रै अध्ययनको अवसर दिनु आवश्यक छ । विश्वविद्यालयहरूलाई समाज बुद्धिजीवीकरण अभियानको अगुवाइ गराउने नीति बनाउनु उपयुक्त हुनेछ । नेपालको वन, खनिज, जलस्रोतको अध्ययन र अनुसन्धान तथा रैथाने ज्ञानको संरक्षण समेतको काम विश्वविद्यालयहरूलाई गराउनु देश विकासका निम्ति उपयुक्त पाइला साबित हुनेछ । त्रिविका विभिन्न विषयका सङ्काय प्रमुख (डिन) हरूलाई निजी कलेज खोल्न र निजी कलेजहरूको मुख्य पदहरू सम्हाल्न बाध्य पार्नु भएन ।

## यातायात र सञ्चार

नेमकिपाले देशको द्रुततर विकास गर्न २०४८ सालदेखिको निर्वाचन घोषणापत्रमार्फत दुर्गम क्षेत्रहरूमा रोपवे (रज्जुमार्ग), केबुल कार र सुरुङमार्ग, रेलमार्ग अवलम्बन गर्नुपर्नेबारे सरकारहरूको ध्यान आकर्षित गराउँदै आएको हो । त्यसका निम्ति सुरुमा समय लागे पनि अन्ततः दुर्गम क्षेत्रका जनता बढी लाभान्वित हुनेछन् र बरोबर हुने भूस्खलन तथा वाहनहरूको दुर्घटना एवम् जनधनको ठूलो क्षति जोगिनेछ ।

दुई दशक अगाडिसम्म काठमाडौँ उपत्यकामा चिनियाँ मित्रहरूबाट प्राप्त ट्रलिबस सेवा सञ्चालनमा थियो । करिब ३० वर्ष सञ्चालन भयो । विदेशी मित्रहरूको सहयोग संरक्षण गर्न नसक्नु शासक दलहरूको गम्भीर गल्ती थियो । प्रदूषण न्यूनीकरण र किफायती हुने विद्युतीय गाडीलाई जोड दिनु अहिले हितकर हुनेछ ।

वातावरणीय, आर्थिक तथा नागरिक स्वास्थ्यको कोणबाट समेत हेर्दा साइकलको प्रयोगमा नागरिकहरूलाई उत्साहित गर्नु सान्दर्भिक हुनेछ । यसको लागि मुख्य-मुख्य सहरमा साइकल-मैत्री सडक विकास गर्नु उपयुक्त हुनेछ । साइकल संस्कृतिको विकास वातावरणीय, आर्थिक, सामाजिक-सांस्कृतिक विकासको दृष्टिबाट समेत समीचीन हुनेछ ।

नेपालमा सडक निर्माणमा कमसल सामग्रीको प्रयोग र प्राविधिक त्रुटिले भ्रष्टाचारलाई अझ बढाउँदै छ । निर्माण क्षेत्र सबभन्दा बढी भ्रष्टाचार हुने क्षेत्र भनी बदनाम छ । ठूल्ठूला सडक र पुलको ठेक्का लिएपछि कामै नगर्ने ठेकेदारहरूलाई सरकारले कारबाही गर्नुको साटो अनेक छुट दिने गरेको हुँदा देशको विकास निर्माण पछि परेको बारे कुनै पनि सचेत समुदाय र प्राविधिकहरू अनभिज्ञ छैनन् ।

यसकारण, खराब ठेकेदारहरूलाई साना योजनादेखि देशका राष्ट्रिय स्तरका योजनाहरूमा समेत छुट दिने र थप ठेक्का दिने नीति निर्माणकै तहबाट भएका कमी कमजोरी र गलत निर्णय रोक्न अब सरकार सचेत हुनु जरुरी छ ।

सञ्चारको क्षेत्रलाई अझ व्यवस्थित र तदारुकता दिन भएका प्राविधिक शिक्षालयहरूमार्फत सञ्चार शिक्षाको कक्षा सञ्चालन गराउने विशेष योजना लागु गरी सरकारले आवश्यक अगुवाइ र सहयोग पुऱ्याउनु उचित हुन्छ ।

## नेपालको जल सम्पदा र समस्या

नेपालको एक महत्त्वपूर्ण प्राकृतिक सम्पदा जलस्रोत हो । हिमाल भएसम्म यो सम्पदाबाट नेपाली जनताले खानेपानी, सिँचाइको निम्ति पानी, बस्तीहरू सफा गर्ने पानी, बिजुली र उद्योगको लागि आवश्यक पानी पूरा गर्ने साधनको रूपमा पाउनेछन् ।

संसारका कतिपय देशका पेट्रोल, सुनखानी वा अन्य बहुमूल्य खनिजहरूमाथि साम्राज्यवादी देशहरूको नियन्त्रण र कब्जाका कारण ती देशको स्वतन्त्रता र सार्वभौमिकता खतरामा पऱ्यो । नेपाली काङ्ग्रेस नेतृत्वको एमालेसमेतको २०४७ सालको अन्तरिम सरकारले नेपालका नदीनाला भारतको साझा हुने सम्झौता गऱ्यो । यसअघि कोसी, गण्डक पनि भारतको कब्जामा जाने गरी सम्झौता गरिएको थियो । त्यसपछिका शासक दलहरूले भारतीय विस्तारवादसँग महाकाली, अरुण तेस्रो, तल्लो अरुण, अरुण चौथो, पश्चिम सेती, सेती १, माथिल्लो कर्णाली, मुगु कर्णाली, तिला १, तिला २, फुकोट कर्णाली, चिसापानी कर्णालीलगायत सन्धि-सम्झौता गरी देशघात गरे । नेमकिपाले शासक दलहरूको देशघाती निर्णयको विरोध गर्दै आयो । नेपालको जलस्रोतमा भारतीय एकाधिकार पुँजीको नियन्त्रण बढ्दो छ भने यसको नेपाली जनताबाट विरोध पनि भइरहेको छ ।

हिजो प्रशस्त धान-बाली भित्र्याउने देशमा कोसी योजनाको पानी भारतले लैजाँदा सप्तरी, सर्लाही, मोरङ र सुनसरीका खेतले पानी पाएन; नेपाली किसान जनता सुख्खाको सामना गर्दै छन् । किसानले पश्चिमको नारायणी र राप्ती नदीको पानीमा पनि त्यही समस्या भोग्दै छन् । देशको सबभन्दा 'सस्तोमा विद्युत् उत्पादन' हुने माथिल्लो कर्णाली योजना नेपाली जनताको सपना हो । तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईले त्यो योजना भारतलाई सुम्पे । नेपालमा उत्पादित सबै जलविद्युत् भारतमा भण्डारण गराइयो । अहिले नेपालको जलस्रोतबाट उत्पादन हुने बिजुली भारतीय विद्युत् कम्पनीसँग किन्न नेपाल बाध्य छ । नेपालको त्यही बिजुली बङ्गलादेशलाई बेचेर भारतीय कम्पनीहरूले रकम सोहोर्दै छन् ।

अमेरिकी साम्राज्यवादले पनि एमसीसीको नाउँमा भारतीय पुँजीको हित हुने गरी नेपालको जलस्रोतमा हात हाल्दै छ । यसको फाइदा भारतीय एकाधिकार पुँजी र अमेरिकी साम्राज्यवादबाट भाग खाने नेपालकै दलालहरूलाई हुनेछ । एमसीसीको योजना अमेरिकालाई नेपालमा हमला गर्ने निहुँ बन्यो भने आश्चर्य हुनेछैन । जसरी ट्रम्प प्रशासनले पेट्रोलको खानी अमेरिकी कम्पनीहरूलाई दिलाउन भेनेजुयलामा निर्मम आक्रमण गऱ्यो त्यस्तै अब नेपालमा अमेरिकी हमलाको सम्भावना र निहुँलाई नेपाली जनताले बिर्सनु हुन्न; सदा होसियार रहनु आवश्यक छ । नेपालमा अमेरिकी साम्राज्यवादको नीति र कानुन पालना गराइने एमसीसी सम्झौता र नेपालका सैनिक ब्यारेकमा अमेरिकी साम्राज्यवादको सेना आएर परेड खेल्ने एसपीपी साझेदारी खारेज गराउन नेमकिपाले जोड दिनेछ ।

पिछलग्गू देशको कुनै इज्जत रहँदैन । त्यस्तो देशको पराजय आफ्नै देशका विदेशी दलालहरूबाट हुन्छ । पढेलेखेका धनी र माथिल्ला सामन्त एवम् कर्मचारीहरूले नेपालको हितविपरीत सुगौली सन्धिमा हस्ताक्षर गराएका थिए । आफू को हौँ र उनीहरू को हुन् भन्नेबारे नेपाली जनताले चिन्नैपर्छ । पैसा, उपहार र पदको लोभमा विदेशीको दलाली कुनै नेपालीले नगरून् भनी हामी सबैलाई सचेत पार्न चाहन्छौँ ।

## कला, संस्कृति, सम्पदा र पर्यटन

जाति, भाषा, संस्कृति, सम्पदा र कलामा धनी देश नेपाल हो । मानव सभ्यताको विकासको आँखाले हेर्दा यो देश विश्वका धेरै देशभन्दा उन्नत स्थानमा छ । मौलिक कला संस्कृति र विश्व सम्पदाहरू शोध अध्ययनका निम्ति प्रशस्त सम्भावनाका ढोका हुनेछन् भने बाह्य पर्यटकहरूका लागि समेत आकर्षण हुनेछन् । यसको संरक्षण र संवर्द्धनलाई विशेष प्राथमिकता दिनु देशको दीर्घकालीन हितमा हुनेछ । विशेषगरी काठमाडौँ उपत्यकाको सांस्कृतिक वैभव मानव सभ्यताकै कोशेढुङ्गा हो । देश विकासका निम्ति यो एउटा भरपर्दो आधार पनि हो । उच्च संवेदनशीलता एवम् गम्भीरताका साथ पुरातात्त्विक वस्तु तथा सम्पदाको अभिलेखीकरण र जगेर्नामा राज्य लाग्न आवश्यक छ ।

स्वीजरल्यान्ड पनि नेपालजस्तै युरोपको एक भूपरिवेष्ठित, पहाडी र एक स्वतन्त्र देश हो; संसारको एक महत्त्वपूर्ण पर्यटकीय देश हो । त्यो देशले वर्षको १ करोड २० लाख पर्यटकलाई सेवा प्रदान गर्छ । त्यस पहाडी देशको उत्तरमा जर्मनी, दक्षिणमा इटाली, पूर्वमा अस्ट्रिया र पश्चिममा फ्रान्स छ । यसरी चार छिमेकी देशहरूबाट भूपरिवेष्ठित त्यो देशको आफ्नै शक्ति, सफल कूटनीति र आफ्नै अर्थतन्त्रको एक स्वतन्त्र एवम् समृद्ध रूप प्रस्तुत छ ।

## गरिबी निवारण तथा सहकारीको ठगी, भ्रष्टाचार र समाधान

जोताहा र गरिब किसानले नयाँ बाली लगाउन ज्यामी, मल, बीउ आदि आवश्यकताको निम्ति जमिनदार एवम् साहुकारहरूबाट बढी ब्याजमा ऋण लिने वा बिनाज्याला ज्यामी बन्नुपर्ने हुँदा संसारका हरेक किसान आन्दोलनपछि किसानहरू आफैले थोरै थोरै बचत जोगाएर कम ब्याजमा ऋण लिन सहकारी संस्थाको स्थापना गर्दै आएका हुन् । सहकारी संस्थाहरूले जोताहा र गरिब किसानहरूलाई जमिनदार र साहुकारहरूको चर्को ब्याज तथा अनेक बेठ-बेगारीहरूबाट मुक्त गर्दै आएका थिए । अहिले पनि गरिब र जोताहा किसानहरूसँग आवश्यक भूमि नहुँदा तथा मुस्किलले दुई-तीन महिनामात्र खान पुग्ने हुँदा तिनीहरू खेतीको कामपछि कुटिर व्यवसाय, स-साना उद्योगमा काम पाउने कोसिसमा लागिरहेका छन् । नेपालका गाउँटोलमा केही सीपमूलक काम गरी जीवन गुजारा गर्छन् । सहर बजारहरूमा पनि खेतीको कामपछि किसानहरू डकर्मी, सिकर्मी, चित्रकार, सूचीकार, स-साना पसल, पशुपालनबाट मुस्किलले जीवन चलाउँछन् । नेपालमा गाउँ र सहरका निम्न वर्गका युवाहरू कर्मचारी, सेना, प्रहरी र अन्य सेवामा पनि जाने गर्छन् । किसानको वर्गीकरण नबुझ्दा पनि किसान समस्यामा ठूलो जटिलता थपिएको हो ।

आफ्नै र जग्गाधनीको अलि-अलि खेत जोतेर वर्षभरि खान पुग्ने किसान वर्गीय रूपमा 'धनी किसान' मा गणना हुन्छ । त्यो परिवारले अरूको ज्यामी जान तथा पालैपालो 'पर्म' जान पर्दैन र वर्षको अलिअलि बचत गर्ने औकात राख्छ ।

मध्यम किसानले आफ्नो नाममा एक दुई रोपनी जग्गा र जग्गाधनीको एक दुई रोपनी जग्गा जोतेको हुन पनि सक्छ; नहुन पनि सक्छ; तर, त्यस परिवारलाई ९ महिना मुस्किलले खान पुग्छ । त्यस परिवारले पनि तीन महिना अरू ज्यामी र सहायक खेती (पशुपालन, कुखुरापालन, माछापालन, अन्य सीपअनुसारको काम) गर्छन् ।

गरिब किसान केहीले एक दुई आना आफ्नो र जग्गाधनीको कुतमा एकाध रोपनीमा काम गरेको हुन्छ । त्यस परिवारले पनि तीन महिनादेखि ६ महिनासम्म गुजारा चलाउँछ; ज्यामी काम नपाएपछि भोकै रहनुपर्ने हुन्छ ।

खेतीहर मजदुरको आफ्नो खेत हुँदैन; भए पनि नाम मात्रको हुन्छ । त्यो परिवारले वर्षभरि नै ज्यामी काम गर्न बाध्य हुन्छ । गाउँमा ८० प्रतिशत गरिब किसानले जुत्ता सिउने, कपडा सिउने, कपाल काट्ने र अन्य सीपको काम पाएनन् भने हरूवा-चरुवाको रूपमा बाँचेका हुन्छन् ।

यसकारण, मध्यम, गरिब र खेतीहर मजदुरकै निम्ति सहकारी संस्थाको बढी महत्त्व हुन्छ । खेतीको काम सिद्धिनासाथै उनीहरूलाई सहकारीमार्फत घरघरमा काम गर्ने, कुटीर व्यवसाय, स-साना घरेलु र साना उद्योगको बन्दोबस्त गर्नुपर्ने हो ।

सहकारी संस्थाले गाउँको खेतको माटो हेरी तरकारी खेती र नगदेबालीमा उत्साहित गर्नुपर्ने हो । यसको निम्ति सरकारले सहकारी संस्थाहरूलाई अस्थायी रूपले माटो (खेतको गुण) हेरी चक्लाबन्दी वा ठूलो खेतीको निम्ति उत्साहित गर्नुपर्ने थियो । त्यस्तै नहर, बाटो बनाउने, फलफूल, पशुपालन, मत्स्यपालन, कपाल काट्ने, लुगा सिउने र स्विटर, पन्जा, मोजा तथा अन्य बुन्ने काम एवम् खाने पसल र रेस्टुराँको निम्ति आवश्यक श्रमशक्तिको तालिम एवम् दैनिक जीवनको निम्ति आवश्यक सस्तो र राम्रो उपभोग्य वस्तुको लागि गाउँ-गाउँमा सहकारी पसल खोल्न सरकार र ऐन कानुनमार्फत बन्दोबस्त गर्नुपर्ने थियो । बाँकी समय गाउँ-गाउँका सहकारीले निर्माण कार्यको निम्ति डकर्मी, सिकर्मी र अन्य दक्ष श्रमशक्ति तालिम दिएर गाउँलाई समेत सहर बनाउने योजना लागू गर्न दिनुपर्दथ्यो- स्थानीय निकायमार्फत । सम्भव भएको र आर्थिक स्थितिले दिएमा स्वास्थ्य चौकी र केन्द्र तथा स-साना अस्पताल एवम् नर्सरी, शिशुशाला, बालउद्यान (नानीहरू खेल्ने ठाउँ) तथा प्राथमिक विद्यालयहरूसमेत खोल्न दिएर महिलाहरूलाई श्रमशक्ति बन्ने अवसरका लागि प्राथमिकता दिनुपर्ने हो । यसो गर्दा एकैपटक ३-४ लाख महिलाले रोजगारी पाउनेछन् ।

तर, नेपालमा सहकारी मन्त्रालयका मन्त्री र विभागका माथिल्ला कर्मचारीहरूले सहकारी संस्थाहरूलाई 'निजी बैङ्क' को रूपमा 'बचत र ऋण सहकारी संस्था' बनाएर ठूल्ठूला निजी बैङ्कहरूको दलाल बनाउने अपराध गरे । यसकारण, लाखौँलाख गरिब किसान र सहकारी सदस्यहरूको खर्बौं रकम नाफा खाने उद्देश्यले स्थापना गरिएका ठूल्ठूला बैङ्क र उद्योगका मालिकहरूको निम्ति पुँजी भयो । यसरी नीति निर्माणकर्ताहरूले नै सहकारी संस्थाहरूको खर्बौं रकम 'ठगी' र 'भ्रष्टाचार' वा अपचलन हुने गरी 'सहकारी संस्थाहरूलाई बाटो खोलिदिएको हुनुपर्छ भन्ने परिणामले देखाउँछ । जिल्ला सहकारी बैङ्क र केन्द्रीय सहकारी बैङ्कहरूले सहकारी संस्था, गाउँ र गरिबको सेवा होइन बरु आफूहरू नै बैङ्कका मालिक बन्ने षड्यन्त्र गर्दैछन् । बुझेर वा नबुझेर सरकारी नेताहरूले सहकारीकर्मीहरूलाई बैङ्कपति बनाएका हुन् ।

नेपाल पनि एक गरिब देश भएको हुँदा सरकारले रुस, चीन, प्रजग कोरिया, भियतनाम आदि गैरपुँजीवादी देशको सहकारी संस्थाको अध्ययन जनतालाई गराउनु पर्दथ्यो ।

सहकारी संस्थाको अर्बौं रकम अपचलनमा नीतिनिर्माण गर्नेहरूको नियत नै खराब भएको पुष्टि भयो । यसका दोषीहरूको घरखेत वा सम्पत्तिबाट जनताका बचत असुलउपर गर्नु गराउनु आवश्यक छ । सरकारले समयमै उचित पाइला चालेको भए दोषीहरूले आ-आफ्ना सम्पत्ति भागबन्डा गरी जनताका अर्बौं रुपैयाँ बुझाउनुको सट्टा दुई/चार हजार र लाखमात्रै क्षतिपूर्ति भरी उम्कने जाल गर्न सक्ने थिएनन् । तर, ती सहकारी संस्थाको रकम खाएर सिध्याइएको होइन; व्यक्तिको नाममा लगानी गरी नाफा खाइरहेको अनुमान छ । ती ठगहरूले 'कानुनी लडाइँ' गरी जनतालाई 'नाफा' मात्र होइन सावाँ ब्याजसमेत नदिने जालसाजी गरेकोमा कुनै आश्चर्य छैन ।

यसकारण, नेमकिपा यसबारे कोही पनि दोषी उम्कन नपारून् भन्ने पक्षमा छ । साथै, बाँकी भएका सहकारी संस्थाहरूको राम्रो प्रगतिको निम्ति खोटपूर्ण ऐन-कानुन तत्काल परिमार्जन गर्नु उचित पाइला हुनेछ ।

## नेपाली नागरिकता

नेपालीलाई नेपालको नागरिकता दिनु जरुरी हुन्छ तर जन्मको आधारमा नेपाली नागरिकता पाएका विदेशीका छोराछोरीलाई वंशजको आधारमा नेपाली नागरिकता दिने कानुनी व्यवस्था खारेज गरी देशको सार्वभौमिकता रक्षामा जोड दिनु आवश्यक छ । आमा र बुबा दुवै वंशजको नेपाली नागरिकका छोराछोरीलाई मात्र वंशजको नेपाली नागरिकता दिनु उपयुक्त छ । गैरआवासीय नेपाली नागरिकताबारे पुनरावलोकन हुनु आवश्यक छ । नेपाली नागरिकता बस र सिनेमाको टिकटजस्तै नगराउन सङ्घर्ष चालु राख्नेछ ।

## असमान सन्धि-सम्झौता खारेज गराऔँ !

नेपाली युवालाई 'भाडाको सिपाही' बनाउने सन् १९४७ को गोर्खा भर्ती सम्झौता र नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को नेपाल-भारत सन्धि खारेज गर्नु जरुरी छ ।

नेपालको विद्युत् प्रसारणको केन्द्र नेपालमै रहनुपर्दछ । अन्तर्राष्ट्रिय सौर्य गठबन्धन सम्झौता खारेज गर्नु आवश्यक छ ।

नेमकिपाले विदेशी पुँजी ल्याएर नेपाललाई साम्राज्यवादीहरूको नवउपनिवेश बनाउने र नेपालको जमिन र जल सम्पदा असीमित रूपमा विदेशी कम्पनीलाई दिने 'लगानी बोर्ड' खारेज गराउन संसद्मा जोड दिनेछ । विदेशी पुँजीसँगै विदेशी सेनासमेत नेपाल पस्नेबारे नेपाली जनतालाई सचेत गराउनु अत्यन्त आवश्यक छ ।

## स्वास्थ्य बीमा र सामाजिक सुरक्षा भत्ता

सर्वसाधारण जनताको लागि स्वास्थ्य बीमामा थप सेवासहित उपचारमा सहज बनाउनु उपयुक्त हुनेछ भने निजी अस्पतालमा स्वास्थ्य बीमा सुविधा दुरुपयोग भइरहेको रोक्नु आवश्यक छ । गरिब र आवश्यक परेका जनतालाई थप सुविधासहित सामाजिक सुरक्षा भत्ता व्यवस्था गरिनु पर्दछ । औषधि उत्पादन तथा बिक्री वितरण व्यापारीकरणको अन्त्य गर्नुपर्दछ । नेपाल औषधि व्यवस्था विभागलाई जवाफदेही बनाउन सदनमा हामी निरन्तर आवाज उठाइरहनेछौँ ।

## न्यायालय, आयोग, सेना, प्रहरीका मुख्य पद निर्वाचन गराऔँ !

सुशासन र भ्रष्टाचार नियन्त्रणका लागि विश्वविद्यालयका उपकुलपति, रेक्टर, रजिस्ट्रारहरू र संवैधानिक आयोगका पदाधिकारी एवम् मुख्य-मुख्य कर्मचारीहरू सम्बन्धित क्षेत्रमा निर्वाचन गराई नियुक्ति गर्नु उपयुक्त हुनेछ । सेना र प्रहरीका प्रमुखहरूसमेत सम्बन्धित क्षेत्रबाट निर्वाचन गराउनु उपयुक्त हुनेछ । न्यायालयका न्यायाधीश र मुख्य कर्मचारीहरू पनि सम्बन्धित क्षेत्रबाट निर्वाचन गराई नियुक्तिको व्यवस्था गरिएमा प्रजातान्त्रिक हुनेछ । सरकारको नेतृत्व परिवर्तनसँगै मुख्य-मुख्य कर्मचारीहरू पनि स्वतः रिक्त हुने प्रशासनिक कानुनी व्यवस्था भए नयाँ सरकारलाई आफ्नो घोषणापत्रअनुसार देशको काम गर्न सजिलो हुनेछ ।

## देशको सन्तुलित विकास गरौँ !

देशको जनसङ्ख्या केन्द्रित गरिएका काठमाडौँ उपत्यका र अन्य मुख्य-मुख्य सहरमा फोहरमैला, फोहर ढल, प्रदूषणको समस्याले नेपाली जनतामा घाँटी, फोक्सो, श्वासप्रश्वास, मुटु, मिर्गौला, छालाको रोग बढ्दो छ भन्ने विशेषज्ञहरूको ठहर छ र खानेपानीको हाहाकार पनि बढ्दो छ । निर्वाचित जनप्रतिनिधिहरू आ-आफ्नै जिल्लामा बसेर जनताको सेवा र देशको विकासमा अगुवाइ गर्ने नीति निर्माणका कानुन बनाउन नेमकिपा सङ्घर्षरत रहनेछ । ७५३ वटै पालिकाका सदरमुकाममा व्यवस्थित सहर निर्माण गरी देशको सन्तुलित विकास गर्न थप जोड दिइनेछ । जनसङ्ख्याको केन्द्रीकरण आत्मघाती हुने र स-साना सहर विकासको अवधारणा देशको निम्ति उपयुक्त रहने नेमकिपाको ठम्याइ हो ।

## सुन्दर भविष्य र सुशासनको लागि नेमकिपा

पुँजीवादी व्यवस्थाको निर्वाचन स्वच्छ, निष्पक्ष, धाँधलीरहित र कानुनसम्मत हुनेछैन । निर्वाचनबाट आमूल परिवर्तन वा समाजवाद आउँदैन । निर्वाचन एक वर्गसङ्घर्ष र राजनीतिक सङ्घर्ष हो । यो जनताको चेतनास्तर नाप्ने 'ब्यारोमिटर' हो ।

यो निर्वाचनबाट पनि स्थायी सरकार, सुन्दर भविष्य, नयाँ युगको सुरुआत, सुशासन र प्रजातन्त्रको जित हुनेछैन । नेमकिपाका उम्मेदवारहरू देशभरिबाटै निर्वाचित भएमा देश र जनताको सुन्दर भविष्य बनाउन मद्दत पुग्नेछ । नेमकिपाले सदाझैँ नेपालमा एक आदर्श समाज ल्याउने आन्दोलनको 'प्रकाशस्तम्भ' को भूमिका निर्वाह गर्नेछ । देश र जनताको इमानदारीपूर्वक निःस्वार्थ सेवा गर्न नेमकिपा प्रतिबद्ध रहनेछ । देश र जनताको अहित हुने ऐन कानुन र शासक दलका गतिविधिविरुद्ध विगतमा झैँ सम्झौताहीन सङ्घर्ष गर्नेछ ।

## सङ्घ, प्रदेश र स्थानीय तह

सङ्घ, प्रदेश र स्थानीय तहबिच तालमेल या समन्वयको अभावका कारण विकासले गति लिन सकेन । स्रोतको अभावमा प्रदेशहरू पङ्गु बन्दै छन् । सङ्घमा निजामती कर्मचारी जगेडामा राख्नुपर्ने गरी धेरै राख्नु उपयुक्त होइन । जनतासँग प्रत्यक्ष सरोकार रहने स्थानीय तहलाई विकेन्द्रीकरण र स्वायत्तताको अधिकार दिनु आवश्यक छ । केन्द्रकै योग्यताको नियमानुसार परीक्षामा उत्तीर्णलाई स्थानीय तहबाटै कर्मचारी नियुक्त हुने कानुनी बन्दोबस्त उपयुक्त हुन्छ । देशको ५० प्रतिशत बजेट स्थानीय तहमार्फत विकास निर्माण गराउँदा सामाजिक न्यायसमेतमा बल पुग्नेछ । जिल्ला समन्वय समितिको औचित्य पुष्टि नभएको जनगुनासो हुँदा त्यस संस्था तत्काल विघटन गर्नु आवश्यक छ ।

## देशको आर्थिक विकास

शासक दलहरूले देशको बजेटको मुख्य आधारमा सवारी साधनमा भन्सार कर, सुर्तीजन्य पदार्थ, मदिरामा अन्तशुल्क एवम् विदेशी ऋण बनाइएको देश हितविपरीत छ । कर्मचारीलाई तलब खुवाउन र सावाँ ब्याज तिर्नसमेत ऋण लिनु आजसम्म सरकारमा प्रधानमन्त्री,

***बाँकी पृष्ठ ५ मा***

# निर्वाचन घोषणापत्रको लडाइँ हो हात्तीको देखाउने दाँत होइन !

**निर्वाचन घोषणापत्र**



रामप्रसाद प्रजापति

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) भन्नुहुन्छ, "निर्वाचन घोषणापत्रहरूको लडाइँ हो ।" "निर्वाचन जनताको राजनीतिक चेतनास्तर नाप्ने ब्यारोमिटरजस्तै हो ।"

निर्वाचनमा उम्मेदवार बनेका मानिसहरूको व्यक्तित्व र भाषणले होइन, राजनीतिक दलले बोकेको राजनीतिक सिद्धान्त, विचार र निर्वाचनमा जारी गरेको घोषणापत्रको अध्ययन गरी आम मतदाताले देशभक्तहरूलाई आफ्नो अमूल्य मतदात गर्नुपर्ने हुन्छ । राजनीतिक दलहरूको विचार र सिद्धान्त तथा निर्वाचन घोषणापत्रको अध्ययन नगरी हचुवा भरमा मतदान गर्दा देश र आम नेपाली जनतालाई धोखा हुनसक्नेबारे हामी सबै सचेत हुनैपर्छ ।

फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि विभिन्न राजनीतिक दलहरूले आ-आफ्नो निर्वाचन घोषणापत्र जारी गर्ने क्रम सुरु भइसकेको छ ।

केही राजनीतिक दलहरूले विगतदेखि नै जनतालाई गुलियो पोटेको महत्त्वकाङ्क्षी घोषणापत्र जारी गर्ने गरेको पाउँछौं । तर, हामी आम नागरिकलाई महत्त्वाकाङ्क्षी घोषणापत्रभन्दा पनि दैनिक जनजीविकामा सुधार, सुलभ आम उपभोग्य वस्तुको पहुँच, बजारभाउ नियन्त्रण तथा आधारभूत आवश्यकताका सेवाहरू शिक्षा, स्वास्थ्य उपचार नि:शुल्क र रोजगारीको बन्दोबस्तको खाँचो हो ।

हामीलाई स्वीजरल्यान्ड, बेलायत, अमेरिका, सिङ्गापुरको जस्तो बन्दोबस्त होइन, नेपाल र नेपाली संस्कृतिअनुसारको मौलिक बन्दोबस्तमा बाँच्न पाउने अधिकारको सुनिश्चितता आवश्यक परेको हो ।

आश्वासनहरूको पोकोले न त देश बन्छ न जनताका आधारभूत आवश्यकताको परिपूर्ति नै हुने गरेको छ । दशकौंदेखि पटक-पटक सत्ता र सरकारमा पुगेका राजनीतिक दलहरूले कृषकहरूलाई आवश्यक मलखाद्को समयमै बन्दोबस्त गर्न नसक्नु ती राजनीतिक दल र तिनका नेताहरूको अकर्मण्यता र पाखण्डपन हो ।



नाङ्गो विदेशी हस्तक्षेपले देशमा अराजकता बढेकोमा हामी सबै सचेत हुनैपर्छ । एमसीसीजस्ता विदेशीको प्रत्यक्ष हस्तक्षेप हुने सन्धि सम्झौता गरेर देशलाई विदेशीको पोल्टामा सुम्पने विभीषणहरूलाई हराउनै पर्छ ।

**नयाँ दलले जनतालाई धोखा**

नीति तथा कार्यक्रमसहितको निर्वाचन घोषणापत्र हल्ला होइन, सत्य र ठोस हुनु जरुरी छ ।

हामीलाई अहिले पनि स्मरण छ, निर्वाचन आयोगमा एउटा नयाँ राजनीतिक दल दर्ता भयो । त्यो राजनीतिक दलको राजनीतिक मार्गचित्र के हो ? कस्तो राजनीतिक बन्दोबस्त स्थापना गर्न दल दर्ता गरियो ? केही स्पष्ट थिएन । अर्थात् राजनीतिक सिद्धान्त र विचारबिना सरकारमा पटक-पटक पुगेका पुराना राजनीतिक दलहरूविरुद्ध भ्रष्टाचारको आरोप लगाउँदै निर्वाचनमा भाग लियो ।

त्यो दलले निर्वाचनमा जनतासँग हामी ती पुराना भ्रष्ट राजनीतिक दलहरूसँग कुनै हालतमा सरकारमा सहभागी हुन्नौं, सरकारमा जाँदैनौं भनेर मत मागे ।

सोझा नेपाली मतदाताहरूले मत दिए । २६५ प्रतिनिधिसभा सदस्यमध्ये २० जना सदस्य पाएको त्यो दलले निर्वाचन परिणाम घोषणा भएको २/४ दिनमै तीनै पुराना राजनीतिक दलहरूसँग घाँटी जोडे । सरकारमा सहभागी भए ।

त्यो नयाँ दलको जनताप्रतिको धोखा हो ।

सरकारमा पुगेको महिना दिनमै सत्ताबाट बाहिरिएको त्यो दल पुन: केही महिनापछि अर्को पुरानै राजनीतिक दलसँग सरकारमा जोडिए । पुन: जनतालाई धोखा दिए ।

फेरि पनि ती नयाँ भनिएका दलहरू जनताका घरदैलो आउँदै होलान्, प्यास लाग्यो भन्दैमा बिष पिउनु उचित होइन । पुराना सरकारमा पटक-पटक पुगेका दलहरू भ्रष्ट भन्दैमा सबै छैनन् । नेमकिपा पनि निर्वाचनको मैदानमा देशभरका १२० निर्वाचन क्षेत्रमा प्रत्यक्ष उम्मेदवारहरू र ११० समानुपातिक उम्मेदवारहरूसहित नि:स्वार्थ सेवा गर्न तत्पर छ ।

यसरी पटक-पटक सरकारमा पुगेर जनतालाई निर्वाचनताका एक थरी कुरा गर्ने, निर्वाचनपछि अर्को थरी व्यवहार देखाई धोखा दिने दलले विदेशीको इसारामा विदेशीकै भरमा अहिले पनि आम नेपाली जनतामाझ भ्रम र आश्वासनका पोका बाँड्दै छन् । यसप्रति हामी सबै देशभक्त र इमानदार जनता एकजुट हुनु जरुरी छ ।

**विदेशी हस्तक्षेपविरुद्ध नेमकिपा**

नेपाल मजदुर किसान पार्टी प्रखर प्रतिपक्षीको भूमिका निर्वाह गर्ने र जनताको नि:स्वार्थ सेवा गर्ने पार्टी हो । सरकारका भ्रष्टाचार, पक्षपात, अनियमितताको निरन्तर विरोध र खबरदारी गर्दै जनतालाई नि:शुल्क शिक्षा, स्वास्थ्य उपचार र युवाहरूलाई स्वदेशमै रोजगारीको व्यवस्था गर्नुपर्नेमा सङ्घर्ष गर्ने देशभक्त र स्वाभिमानी नेपालीहरूको दल हो ।

नेमकिपाले विदेशीको भरमा होइन, आफ्नै बलबुत्तामा आत्मनिर्भर भई देशको विकास गर्न सकिनेबारे निरन्तर वकालत गर्दै आएको छ ।

सार्वजनिक ऋण २८ खरब पुऱ्याई देशको विकास गरेको भन्ने पटक-पटक सरकारमा पुगेका राजनीतिक दल र करोडौं खर्च गरेर जसरी भए पनि निर्वाचन जित्नैपर्ने तिनका उम्मेदवारहरूलाई यो पटक फागुन २१ को निर्वाचनमा हराउनैपर्छ ।

३ करोड जनसङ्ख्यामध्ये झन्डै ८० लाख नेपाली युवाशक्ति रोजगारी र अध्ययनको सिलसिलामा विदेशमा छन् । देशभरका खेत खलियान, पाखा, बगैंचा बाँझो छ । 'कान्तिपुर' दैनिकमा आइतबार प्रकाशित एउटा समाचारको शीर्षक थियो- "कुनै बेलाको गुलजार सातबाँझ बगैंचा स्याउविहीन बन्दै" ।

यो त एउटा प्रतिनिधि घटना मात्रै हो । ८० लाख नेपाली बिदेसिने बाटोमा विगतका सरकार, स्यानपावरका मतियारहरू लागेपछि परिणाम योभन्दा फरक के होला ? उक्त समाचारमा मुलुकमा सशस्त्र द्वन्द्वका बेला तत्कालीन विद्रोही पक्षले फलफूल केन्द्रका कार्यालयमा आगजनी गरेपछि बगैंचा र नर्सरीको रेखदेख गर्ने कोही नभएको स्थानीयले बताएको उल्लेख छ ।

विद्रोह देश बनाउन कि देश भत्काउन भन्ने छर्लङ्गै देखेका छौं । काङ्ग्रेस, एमाले, माओवादी र नयाँ भनिएकाहरू पनि लागेर एमसीसी र एसपीपीजस्ता देशघाती सन्धि सम्झौता गरेका छन् । देशको सार्वभौमिकता जोगाउन, नाङ्गो वैदेशिक हस्तक्षेपलाई परास्त गर्न देशभक्तहरूको नेपाल मजदुर किसान पार्टीका उम्मेदवारहरूलाई जिताउन र प्रतिनिधिसभामा पुऱ्याउन जरुरी छ ।

दैनिक उपभोग्य वस्तुसमेत खरबौंको विदेशबाट आयात गरी खान बाध्य छौं । व्यापार घाता बढ्दो छ । तर, निर्वाचनमा ठूला भनिएका राजनीतिक दलहरू र नयाँ भनिएका राजनीतिक दलहरूले जनतालाई फेरि पनि झूटा एवं आश्वासनको पोकाले भरिएका घोषणापत्र जारी गर्दै छन् । हामी सबै सचेत हुनैपर्छ ।

**नेमकिपाको घोषणापत्र सार्वजनिक**

यसैक्रममा फागुन ३ गते नेपाल मजदुर किसान पार्टीले पनि निर्वाचन घोषणापत्र सार्वजनिक गरेको छ ।

देश र जनताको नि:स्वार्थ सेवा गरौं; समाजवादी प्रचार अभियान अगाडि बढाऔं भन्दै प्रतिनिधिसभा निर्वाचन घोषणापत्र २०८२ काठमाडौंमा पार्टी अध्यक्ष नारायणमान बिजुक्छेंले सार्वजनिक गर्नुभयो ।

घोषणापत्रमा वर्तमान अन्तर्राष्ट्रिय परिस्थितिको बारेमा चर्चा गर्दै संरा अमेरिकाले जसरी संसारका विभिन्न देशहरूमा युद्ध, आतङ्क, अमानवीय नाकाबन्दी लगाउँदै आएको छ त्यसरी नै नेपालमा पनि संरा अमेरिकाकै इशारामा विभिन्न गतिविति बढेको चर्चा छ ।

'रङ्गीन क्रान्ति' को आवरणमा अमेरिकी साम्राज्यवादले संसारका विभिन्न देशमा सत्तापलट गरी आफ्नो प्रभुत्व विस्तार गर्न ठूलो बल प्रयोग गर्दै छ । क्यानाडालाई संयुक्त राज्य अमेरिकाको ५१ औं राज्य बनाउने, डेनमार्कको ग्रीनल्यान्ड कब्जा गर्ने, पनामा नहर कब्जा गर्ने र मेक्सिकोमाथि बढाउँदै लगिएको दबाबले ट्रम्प प्रशासनको 'जङ्गलीराज' उजागर भइरहेको घोषणापत्रमा उल्लेख छ ।

घोषणापत्रमा संसदलाई जीवन्त र व्यावहारिक बनाउनुपर्ने, नेपालको खोटपूर्ण परराष्ट्र नीति सुधार गर्नुपर्ने, कृषि, उद्योग र देशभित्रै रोजगारीलाई प्राथमिकता दिनुपर्ने, शिक्षा र स्वास्थ्य उपचारलाई नि:शुल्क तथा विकेन्द्रित गर्नुपर्ने, यातायात र सञ्चार क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्ने, नेपालको जल सम्पदा र समस्या समाधान गरी स्वस्थ खानेपानी, बिजुली र उद्योगधन्दाका लागि आवश्यक स्रोत साधन पूरा गर्नुपर्ने, नेपालमा अमेरिकी साम्राज्यवादको नीति र कानुन पालना गराइने एमसीसी सम्झौता र नेपालका सैनिक ब्यारेकमा अमेरिकी साम्राज्यवादको सेना आएर परेड खेल्ने एसपीपी साझेदारी खारेज गराउन नेमकिपाले जोड दिने उल्लेख छ ।

यसैबिच आइतबार शिवरात्रीको अवसर पारी काठमाडौंको सैनिक मञ्चमा आयोजना गरेको सैनिक दिवसमा दर्जनौं संरा अमेरिकी सेना सहभागी रहेको समाचार छ ।

नेमकिपाको घोषणापत्रमा कला, संस्कृति, सम्पदा र पर्यटनलाई पनि जोड दिइएको छ । त्यस्तै गरिबी निवारण तथा सहकारीको ठगी, भ्रष्टाचार र समाधान, नागरिकता, न्यायालय, आयोग, सेना, प्रहरीका मुख्य पद निर्वाचन गराउनुपर्नेबारे स्पष्ट धारणा घोषणापत्रमा उल्लेख गरिएको छ ।

देशको सन्तुलित विकास, महिला अधिकार, युवा, खेलकुद र प्रविधिका बारेमा पनि घोषणापत्रले स्पष्ट पारेको छ ।

संविधान निर्माणकै बेला नेमकिपाले देश र जनताको हितमा प्रस्तावनासहित ७१ बुँदामा संशोधन राखेको उल्लेख गर्दै संविधान हेरफेर स्वाभाविक हुने, तीन प्रतिशतको मतसीमाको प्रावधान खारेज हुनुपर्ने, अनिवार्य सैनिक तालिमको बन्दोबस्त, देशद्रोही एवम् जघन्य अपराधी तथा ठूलठूला भ्रष्टाचारी, बलात्कारी र चेलीबेटी बेचबिखन गर्नेहरूलाई मृत्युदण्डको सजाय दिने बन्दोबस्त, खुला सीमा नियमनको लागि संविधान संशोधन जरुरी रहेको घोषणापत्रमा उल्लेख छ ।

२०८२ फागुण ३

---

**देश..**

.उपप्रधान र मन्त्री भएका दलहरूको देशघाती काम हो । शासक दलहरूले देशलाई २८ खर्ब रुपैयाँभन्दा बढी ऋणको जालमा र वार्षिक १५ खर्ब रुपैयाँभन्दा बढी व्यापार घाटामा पारेका छन् । देशको उत्पादनमा प्राथमिकता नदिएसम्म र विलासी वस्तुमा भन्सार नबढाएसम्म व्यापार घाटामा सुधारको सम्भावना हुँदैन ।

उत्पादनका मुख्य-मुख्य साधन र सेवा राष्ट्रियकरण गरेर देशको उत्पादन एवम् निर्यात बढाउने नीति आवश्यक छ । भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण, विदेशमा सम्पत्ति राख्न नपाउने र ठूला भ्रष्टाचारीहरूलाई ज्यान सजायसमेतको कानुनी व्यवस्था हुनु उपयुक्त हुनेछ ।

कर्णाली प्रदेश र हिमाली क्षेत्रको जलसम्पदा, जडीबुटी, खाद्यान्न र फलफूल खेतीलाई प्रवर्द्धन गरी यो प्रदेशमा प्राङ्गारिक कृषि क्षेत्र घोषणालाई व्यवहारमा लागु गर्नु आवश्यक छ । तराईको वनजङ्गल र जनावर, खाद्यान्न भण्डारणलाई पुन:जीवन दिने र काठ, गिट्टी, ढुङ्गा, बालुवा, माटो भारततर्फ भइरहेको तस्करी रोक्नु जरुरी छ ।

स्थानीय तहको विकास निर्माण स्थानीय जनताको उपभोक्ता समितिमार्फत जनश्रमदानबाट सम्पन्न गर्ने र राष्ट्रियस्तरका विकास निर्माण सरकारको नेपाल पूर्वाधार विकास कम्पनीमार्फत गर्ने नीति निर्माण गर्न सदनमा नेमकिपाका प्रतिनिधिहरूले आवाज उठाउनु हुनेछ । विदेशी पैसाबाट सञ्चालित गैरसरकारी संस्थाहरूले समानान्तर सरकारजस्तै अर्थतन्त्र चलाएको हुनाले आर्थिक असमानता, महँगी, भ्रष्टाचारलगायतका विकृति बढेको हो । ती संस्थाले राजनैतिक हस्तक्षेपसमेत गरेको प्रस्ट छ । तसर्थ, त्यस्ता संस्थामाथि नियमन गर्दै प्रतिबन्ध लगाउनेतर्फ नेमकिपाले जोड दिनेछ ।

**जलवायु परिवर्तन र नवीकरणीय ऊर्जा**

अत्यधिक कार्बनको उत्सर्जन गर्ने पश्चिमा देशहरूका कारण पृथ्वीको वायुमण्डलको तापमानमा वृद्धि एवम् यसले निम्त्याएको जलवायु परिवर्तन एक विकराल र चुनौतीपूर्ण वैश्विक समस्या बन्दै छ । संयुक्त राष्ट्रसङ्घका सम्बन्धित निकायले हालको वायुमण्डलको औसत तापमानलाई उन्नाइसौं शताब्दीको सुरुको औसत तापमानबाट १.५ सेल्सियसभन्दा बढ्न नदिने उपाय जस्तै कोइला, पेट्रोलजस्ता जीवाश्म इन्धनको प्रयोग घटाउँदै लाने र नवीकरणीय ऊर्जा उत्पादनलाई प्राथमिकतामा राख्ने नीति पेरिस सम्झौतामा उल्लेख छ । जलवायु परिवर्तनको नकारात्मक असर तटीयभन्दा हाम्रोजस्तो पहाडी मुलुकमा बढी पर्ने वैज्ञानिक तथ्याङ्कले बताउँछ । कृषि, वन, जलस्रोत, उद्योग, आधुनिक संरचनालगायत सम्पूर्ण चराचर जगतकै अस्तित्वमा समेत प्रभाव पार्ने यस समस्याबारे विज्ञहरूको छलफल, राय सल्लाहअनुसार नवीकरणीय ऊर्जाको उत्पादनमा जोड दिने तथा जीवाश्म इन्धनको प्रयोग घटाउँदै लानेजस्ता राष्ट्रिय नीतिको निर्माण गर्न नेमकिपाले सदनमा जोड दिनेछ ।

**महिला अधिकार**

नेपालमा आधाभन्दा बढी जनसङ्ख्या महिला छन् । महिलाहरूको शिक्षा-दीक्षामा राज्यको विशेष ध्यान नगएसम्म समाज विकासले पूर्णता पाउनेछैन । महिलाहरूलाई योग्य र क्षमतावान बनाउन राज्यका तीनवटै तह सक्रिय रहनु आवश्यक छ । महिलाहरूलाई मात्र लाग्ने ४८ भन्दा बढी रोगबारे सचेत बनाई उपचारको उचित बन्दोबस्त गर्ने, स्थानीय तहका वडा र टोलमा शिशुस्याहार तथा बालोद्यानको व्यवस्था गरी बालबालिकाहरूको सर्वाङ्गीण विकास र महिलाहरूको श्रमशक्तिलाई उपयोग गर्नु आवश्यक छ । महिलाहरूमाथि भइरहेको शारीरिक शोषण, हिंसा र बेचबिखनविरुद्ध कडा कानुन बनाउन दिन नेमकिपा संसद् र सडकमा सङ्घर्ष गर्दै जानेछ ।

**युवा, खेलकुद र प्रविधि**

सरकारहरूले युवालाई वैदेशिक रोजगारीमा पठाएर आज देश ठूलो समस्यामा फसेको छ । वैदेशिक रोजगारीमा पठाइएका महिलाहरू शारीरिक शोषणमा समेत परेका धेरै उदाहरण छन् । युवालाई वैदेशिक रोजगारीमा पठाउने शासक दलहरू देशघाती नै हुन् । विद्यालय र कलेजमा खेलकुद अनिवार्य गर्नु आवश्यक छ । स्वास्थ्यका लागि १८ वर्ष उमेर पुगेका युवाहरूलाई सैन्य तालिमको व्यवस्था पनि जरुरी छ । ज्ञान, सीप र प्रविधिले युक्त युवाले परिवर्तनमा यथोचित भूमिका निर्वाह गर्न सक्छन् । नेमकिपाले देशभरका युवाहरूलाई सचेत पार्न संसददेखि सडकसम्म सन्देशमूलक कामहरू गर्नेछ ।

युवालाई मदिरा र सुर्तीजन्य पदार्थ सेवन निरुत्साहित गर्ने थरी लागुपदार्थ दुर्व्यसनीबाट रोक्न स्थानीय तहदेखि आवश्यक कार्यक्रम लागु गराउन आवाज उठाउनेछ ।

**संविधान संशोधन**

संविधान निर्माणको बेला नेमकिपाले देश र जनताको हितमा प्रस्तावसहित ७१ बुँदामा संशोधन राखेको थियो । देश र जनताको हितमा संविधानमा हेरफेर हुनु स्वाभाविक हो । तीन प्रतिशतको प्रावधान खारेजी, अनिवार्य सैनिक तालिमको बन्दोबस्त, देशद्रोही एवम् जघन्य अपराधी तथा ठूलठूला भ्रष्टाचारी, बलात्कारी र चेलीबेटी बेचबिखन गर्नेहरूलाई मृत्युदण्डको सजाय दिने बन्दोबस्त, हिमाल-पहाड-तराई भूभाग समावेश प्रदेश संरचना, खुला सीमा नियमनको लागि संविधान संशोधन जरुरी छ । नेपालीको सम्पत्तिको सीमाङ्कन, विदेशमा सम्पत्ति राख्न नपाउने कानुनी व्यवस्था पनि हुनु आवश्यक छ र देशद्रोही र ठूलठूला अपराधी र गुण्डाहरूलाई निर्वाचनमा उम्मेदवार हुनबाट बञ्चित गर्न नेमकिपाले संसदमा आवाज उठाउनेछ ।

***नेपाल मजदुर किसान पार्टीले फागुन ३ गते सार्वजनिक गरेको पार्टीको प्रतिनिधिसभा निर्वाचन २०८२ को घोषणापत्र***

# अमेरिकाको दबाबका बाबजुत भारतलाई गाह्रो छ रुसी तेल आयात घटाउन

● उदित बब्ना

भर्खरै भारत-अमेरिकाबिच सम्पन्न व्यापार सम्झौताअनुरूप भारतले रुसी कच्चा तेल आयात बन्द गर्ने भनिएको छ । तर, वास्तविकता हेर्ने हो भने आयातमा तत्काल कुनै ठूलो परिवर्तन हुने सम्भावना भने छैन । बजार विश्लेषकले यदि स्रोत परिवर्तन नै गर्ने हो भने पनि यो बिस्तारै हुने बताएका छन् । अर्थात्, यो कार्य राजनीतिक वाचाभन्दा पनि व्यावसायिक लाभमा आधारित हुनेछ ।

यसै साता अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ट्रुथ सोसियल नामक सामाजिक सञ्जालमार्फत भारतसँग सम्झौता घोषणा गर्दै नयाँदिल्लीले रुसबाट तेल किन्न बन्द गर्ने बताएका थिए । भारतले अब रुसको सट्टा अमेरिका र भेनेजुयलाबाट तेल खरिद गर्ने पनि ट्रम्पले त्यसै पोस्टमार्फत जानकारी गराएका छन् । यद्यपि, ऊर्जा क्षेत्रका विश्लेषकहरू भने रुसी तेल भारतको रिफाइनिङ प्रणालीका लागि आर्थिक रूपमा अत्यन्त महत्त्वपूर्ण भएको औँल्याउँछन् ।

विश्वव्यापी व्यापार गुप्तचरसम्बन्धी फर्म केप्लरका रिफाइनिङ र मोडलिङ शाखाका प्रमुख विश्लेषक सुमित रिटोलियाले पनि आगामी ८ देखि १० साताका लागि रुसी तेल आयात गर्ने तय भइसकेको बताउँदै भारतको जटिल रिफाइनिङ प्रणालीका लागि आर्थिक रूपमा यो महत्त्वपूर्ण रहने बताए । यसको कारण आइसई ब्रेन्टको तुलनामा युराल तेलमा प्राप्त हुने उलेखनीय छुट रहेको उनको तर्क थियो ।

रिटोलियाको अनुमानमा सन् २०२६ को पहिलो त्रैमासिक, जनवरीदेखि मार्चसम्म र दोस्रो त्रैमासिकको सुरुवात अर्थात् अप्रिलदेखि जुनसम्मका लागि भारतमा रुसी तेलको आयात प्रतिदिन ११ लाखदेखि १३ लाख ब्यारेलमा स्थिर रहनेछ । यसको अर्थ व्यापार सम्झौताले तुरुन्तै रुसबाट तेलको मात्रा घटाउनेछैन । केप्लरको तथ्याङ्कले जनवरी २०२६ मा भारतले रुसबाट प्रतिदिन लगभग ११.६ लाख ब्यारेल कच्चा तेल आयात गरेको देखाउँछ । यो भारतले त्यस महिना विश्वभरबाट गरेको कुल तेल आयातको लगभग २२ प्रतिशत हिस्सा थियो । भारतले तेल आयात गर्ने देशमा रुसपछि इराक छ, जहाँबाट उसले २० प्रतिशत तेल किनेको थियो । त्यसपछि क्रमशः साउदी अरेबियाबाट १५ प्रतिशत, संयुक्त अरब इमिरेट्स (युएई) बाट आठ प्रतिशत र संयुक्त राज्य अमेरिकाबाट ६ प्रतिशत थियो ।

### अमेरिकालाई सीमित फाइदा, रुसको स्थान लिन कठिन

रुसी तेलमा अचानक कटौती गर्नुको सट्टा भारतले बिस्तारै आफ्नो आयात गर्ने स्रोत विविधीकरण गर्ने रिटोलिया विश्वास गर्छन् । यस विविधीकरणबाट सबैभन्दा बढी लाभ अमेरिकालाई हुनेछ । उनका अनुसार भारतले अमेरिकाबाट किन्ने तेलको हिस्सा बढाएर करिब १० प्रतिशतसम्म पुर्‍याउन सक्छ । यो वृद्धिले मुख्यतया पश्चिम अफ्रिकाबाट भारत आउने तेललाई प्रतिस्थापन गर्नेछ, रुसी तेललाई होइन ।

आइसिआए लिमिटेडका वरिष्ठ उपाध्यक्ष प्रशान्त वशिष्ठ पनि अमेरिकाबाट भारत आउने तेल बढ्ने भए पनि यसको स्तरको अन्तिम निर्णय व्यावसायिक फाइदाले निधारण गर्ने बताउँछन् । भारतीय तेल प्रशोधनकर्ताहरू मूल्य र नाफालाई विचार गरेपछि मात्र आफ्नो आपूर्ति स्रोत परिवर्तन गर्छन् । राजनीतिज्ञले घोषणा गरेकै आधारमा मात्र भारतीय प्रशोधनकर्ताले निश्चित देशबाट बढी तेल किन्ने सम्भावना छैन,' वशिष्ठले भने । अमेरिकी तेल खरिदको एउटा प्रमुख चुनौती भनेको ढुवानी लागत हुनेछ । वशिष्ठको अनुमानअनुसार अमेरिकी तट वा भेनेजुयलाबाट भारतमा तेल ल्याउन प्रतिब्यारेल २.५ डलर देखि ३.५ डलरसम्म खर्च लाग्छ । यो खर्च कहिलेकाहीँ बढेर चार डलरसम्म पुग्छ । जबकि, पश्चिम एसियाबाट तेल ढुवानी गर्दा प्रतिब्यारेल जम्मा ४० सेन्टदेखि ७० सेन्टसम्म लाग्छ ।

### भेनेजुयलाको तेल आयात सम्भव छ, तर सीमितता छन्

अमेरिकासँगै भेनेजुयलालाई सम्भावित आपूर्तिकर्ताको रूपमा पनि पेस गरिएको छ, विशेषगरी भारी ग्रेडको तेल प्रशोधन गर्न सक्ने भारतीय रिफाइनरीका लागि । वशिष्ठका अनुसार भेनेजुयलाको कच्चा तेल धेरै भारी र उच्च सल्फरयुक्त छ । त्यस्तो कच्चा तेललाई विश्वका धेरै कम प्रशोधनकर्ताले मात्र प्रशोधन गर्न सक्छन् । त्यस्ता कम प्रशोधनकर्तामध्येमा पर्छ, रिलायन्स इन्डस्ट्रिजले चलाइरहेका भारतीय रिफाइनर ।

भारतले गर्ने तेल आयातमा भेनेजुयली तेलको हिस्सामा खासै वृद्धि भएको छैन । भेनेजुयलाबाट पछिल्लोपटक मे २०२५ मा भारतमा तेल आइपुगेको थियो । ती प्रायः सबै रिलायन्सले नै मगाएको थियो । तथापि, रोयटर्सका अनुसार रिलायन्सले अहिले फेरि भेनेजुयलाबाट २० लाख ब्यारेल तेल खरिद गर्ने सम्झौतामा हस्ताक्षर गरेको छ । तथापि, यसको समयसीमा भने नखुलाइएको रोयटर्सले जनाएको छ ।




दूरीका कारण भेनेजुयलाको तेलको ढुवानी चुनौतीपूर्ण रहेको र यसले दीर्घकालीन रूपमा असर गर्ने वशिष्ठले बताए । भेनेजुयलाको तेल आयात बढाउने हो भने त्यसको ढुवानी लागतको भर्पाई हुने गरी कम मूल्यमा उपलब्ध हुनुपर्ने वशिष्ठले बताए । अर्को चुनौती भेनेजुयलाको उत्पादन क्षमता आफैँमा रहेको छ । भेनेजुयलाको उत्पादन क्षमता प्रतिदिन लगभग नौ लाख ब्यारेल मात्र छ । उत्पादन बढाउन महत्त्वपूर्ण लगानी आवश्यक पर्नेछ, जसमा धेरै वर्ष लाग्न सक्छ । यसको अर्थ भेनेजुयलामाथि अमेरिकी प्रतिबन्ध हटे पनि यसको तेल निर्यात निकट भविष्यमै बढ्न सक्दैन ।

### रुसबाट आयात घट्ला, पूरै हट्नेछैन

जनवरीमा रुसबाट भारतको तेल आयातमा थप गिरावट आयो, जुन डिसेम्बरदेखि नै सुरु भएको गिरावटको निरन्तरता थियो । यस गिरावटमा आंशिक रूपमा गत वर्ष नोभेम्बर २१ देखि रुसी कम्पनी रोसनेफ्ट र लुकोइलमाथि लागू अमेरिकी प्रतिबन्ध जिम्मेवार छ । केप्लरको तथ्याङ्कअनुसार जनवरी २०२६ मा रुसबाट भारत आउने कच्चा तेल नोभेम्बर २०२५ मा प्रतिबन्ध सुरु भएकोभन्दा ३७ प्रतिशतले घटिसकेको छ । रिटोलियाका अनुसार यो परिणाम २०२२ को अन्त्यदेखि रुसबाट भारतले गरेको सबैभन्दा कम तेल आयात थियो । तर, उनले जोड दिए कि यो गिरावट 'अस्थायी खरिद समायोजन मात्र हो, रुसी तेलको खरिद अहिलेका लागि पूरै हट्नेछैन ।'

भारतीय रिफाइनरीलाई कम मूल्यका कारण रुसी तेलको ठूलो मात्रामा विकल्प फेला पार्न गाह्रो पर्नेछ । रिटोलियाका अनुसार युरालको तेल अझै पनि ब्रेन्टको तुलनामा महत्त्वपूर्ण छुटमा भारत आइरहेको छ । यसले गर्दा यो तेल अझै पनि 'भारतको रिफाइनिङ प्रणालीका लागि आर्थिक रूपमा महत्त्वपूर्ण' देखिन्छ । भारत सरकारले 'स्पष्ट नीति परिवर्तन' गरे मात्र थप कटौती सम्भव छ । तर, ऊर्जा सुरक्षा चिन्तालाई ध्यान दिँदा यो गाह्रो देखिन्छ । युराललाई प्रायः रुसी तेलका लागि बेन्चमार्क मानिन्छ । यो युराल र भोल्गा क्षेत्रमा उत्पादन हुने भारी, उच्च-सल्फरयुक्त तेल र साइबेरियाबाट उत्पादन हुने हल्का तेलको मिश्रण हो ।

*(लेखक केपिएमजी इन्टरनेसनका पूर्वम्यानेजर तथा एड्टेकका संस्थापक तथा अधिवक्ता हुन् ।)*

*- द प्रिन्टबाट*

# जापानमा दुईतिहाइको बोझ नहोस् एलडिपीलाई

✍ एडम सिम्पसन

जापानी प्रधानमन्त्री साने ताकाइचीले पदभार ग्रहण गरेलगत्तै आह्वान गरिएको संसदीय चुनावमा आफ्नो लिबरल डेमोक्रेटिक पार्टी (एलडिपी) लाई भारी विजय दिलाइन् । नतिजासँगै उनले जापानको व्यवस्थापिका (डायट) मा आफ्नो शक्ति सुदृढ गरेकी छिन् । यक्ष सवाल यो हो कि भारी जनमत आगामी दिनमा पार्टीका लागि बोझ हुने त होइन ? अक्टोबरमा प्रधानमन्त्री बनेपछि अति रुढिवादी नेतृ ताकाइचीले सामान्यतया स्थिर जापानी राजनीतिक प्रणालीलाई उल्ट्याइदिएकी छिन् ।

सामाजिक सञ्जालमा आफ्नो चतुर उपस्थिति, उच्च फेसन सेन्स र कूटनीतिक स्वभावसाथ युवा मतदातासँग उनले सम्पर्क गरेकी छिन्, जुन उपाय जापानी इतिहासमा कुनै पनि नेताले अवलम्बन गरेका थिएनन् । दक्षिण कोरियाली नेतासँगको बैठकमा 'रक-स्टार' शैलीमा उनले आफ्नो 'ड्रमिङ' सिपसमेत देखाइन् । तसर्थ, उनी 'मल्टिट्यालेन्ट' महिला हुन् । ताकाइचीले आफ्नो लोकप्रियतामा गिरावट आउनुअघि डायटमा थप शक्ति प्राप्त गर्न तुरुन्तै चुनाव आह्वान गरेर आफू नेतृत्वको सरकारको हनिमुन चरणको फाइदा उठाएकी छिन् ।

यद्यपि, मतदाताले अब आफ्नो लगानीको प्रतिफलको अपेक्षा गर्नेछन् र ताकाइचीले आफ्ना वाचा पूरा गर्ने चुनौती सामना गर्नुपर्नेछ । द्रुत गतिमा घट्दो कार्यबल र वृद्ध जनसङ्ख्या ठूलो भएको देशमा जीवनस्तर सुधार्नु चुनौतीपूर्ण कार्य हो ।

ताकाइचीको एलडिपी जापानको युद्धपछिको समयमा अधिकांश समय सरकारमा रहेको छ, तर पछिल्ला वर्षमा पार्टीले खराब चुनावी नतिजा व्यहोरेको थियो । भ्रष्टाचार काण्डको शृङ्खलापछि २०२४ मा एलडिपीले तल्लो सदनमा बहुमत गुमायो । त्यसपछि, गत वर्ष गठबन्धनले माथिल्लो सदनमा आफ्नो बहुमत गुमायो, जसले गर्दा सरकार सहयोग मिल्यो । जापानी जनताले ट्रम्पलाई प्रतिकूल रूपमा हेर्छन्, तर उनीहरूलाई यो पनि थाहा छ कि जापानको सबैभन्दा ठूलो निर्यात गन्तव्यको अतिरिक्त चीनविरुद्ध अमेरिका



सङ्कटमा पर्‍यो । ती चुनावी झट्कापछि तत्कालीन प्रधानमन्त्री सिगेरु इसिबाले राजीनामा दिएपछि पार्टीभित्र उल्लेखनीय परिवर्तन भयो ।

चुनावपूर्वका धेरै सर्वेक्षणले एलडिपी र यसको नयाँ गठबन्धन साझेदार निप्पोन इसिन ( जापान इनोभेसन पार्टी) ले सानदार विजय हासिल गर्ने भविष्यवाणी गरेका थिए । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको समर्थनसँगै ताकाइचीलाई थप

उनीहरूको अन्तिम सुरक्षा सुनिश्चितता हो । यद्यपि, ताकाइचीको लोकप्रियता विशेषगरी युवा मतदातामाझ भोटमा परिणत हुन्छ कि हुँदैन भन्नेबारे केही शङ्का उब्जिएका थिए ।

तर, निर्वाचनमा पार्टीले कीर्तिमानी विजय हासिल गर्‍यो र एलडिपी तल्लो सदनमा अत्यधिक बहुमतका साथ सहज रूपमा सत्तामा फर्किएको छ । गठबन्धनसँग अब दुईतिहाइ बहुमत छ, जसको अर्थ ताकाइचीले आफ्नो एजेन्डा अगाडि बढाउन माथिल्लो सदनलाई 'डोमिनेट' गर्न सक्छिन् ।

प्रधानमन्त्री नियुक्त भएदेखि ताकाचीले चीनप्रति कठोर र दृढ अडान लिँदै आएकी छिन् । नोभेम्बरमा उनले सम्भावित चिनियाँ आक्रमणको सामना गर्दा ताइवानलाई जोगाउन जापानले सैन्य हस्तक्षेप गर्ने चेतावनी दिए, जसले बेइजिङलाई क्रुद्ध बनायो । यसले गर्दा ताकाइचीमाथि क्रूर चिनियाँ आक्रमण (शाब्दिक हमला) भए, जुन नयाँ वर्षसम्म जारी रह्यो ।

चीनसँगको कुनै पनि द्वन्द्वमा ताइवानलाई सहयोग गर्ने वा नगर्ने विषयमा आमजापानी विभाजित भए पनि यो मार्चसम्ममा रक्षा बजेटलाई जिडिपीको दुई प्रतिशत वृद्धि गर्ने ताकाइचीको प्रतिज्ञाका लागि अब बलियो समर्थन छ । घरेलु उत्पादन र उन्नत क्षमता (साइबर, अन्तरिक्ष, लामो दूरीको आक्रमण) मा ध्यान केन्द्रित गर्दै डिसेम्बरमा मन्त्रिपरिषद्ले यो उद्देश्य प्राप्त गर्न रक्षा खर्चमा ९.४ प्रतिशत वृद्धिलाई अनुमोदन गर्‍यो ।

चीन, उत्तर कोरिया र रुसबाट कथित बढ्दो खतराको प्रतिक्रियामा ताकाइची सरकारले यस वर्ष जापानको मुख्य सुरक्षा र रक्षा रणनीति पनि परिमार्जन गर्ने योजना बनाएको छ ।

रक्षाको कुरा जति महत्त्वपूर्ण छ, आर्थिक नीतिको विषय आउँदा ताकाइचीलाई अन्ततः जनताले नै न्याय गर्नेछन् । नागरिक बढ्दो मुद्रास्फीति र जीवनस्तरमा आएको गिरावटले चिन्तित छन् । २०२४ देखि चामलको मूल्य बढेर दोब्बर भएको छ, मूल्यवृद्धिको आक्रोशबिच गत वर्ष कृषिमन्त्रीले राजीनामा दिन बाध्य भए । मुद्रास्फीति लगातार ४५ महिनादेखि जापान बैङ्कको दुई प्रतिशत लक्ष्यभन्दा माथि छ । हालसालै नाम मात्र ज्याला बढेको भए पनि वास्तविक आम्दानी विगत चार वर्षदेखि घट्दै गएको छ ।

ताकाइचीले जीवनयापनको लागतलाई सम्बोधन गर्ने कामलाई प्राथमिकतामा राखेकी छिन् । उनले जापानको आठ प्रतिशत खाद्य कर दुई वर्षका लागि स्थगित गर्ने वाचा गरेकी छिन् । गत वर्ष उनको सरकारले बिजुली र ग्यासमा अनुदानसहित १३५ अर्ब अमेरिकी डलर (१९२ अर्ब अस्ट्रेलियाली डलर) को ठूलो प्रोत्साहन प्याकेज घोषणा गर्‍यो । यद्यपि, यी नीतिले सरकारको बजेट घाटा बढाउनेछ, जसले देशको पहिले नै चुलिँदो सार्वजनिक ऋणलाई बढाउनेछ । र, गत महिना ताकाइचीले चुनाव आह्वान गरेपछि जापानी सरकारी बन्डको मूल्य घट्यो, बजारहरूले एलडिपीको सम्भावित जीतले वित्तीय नीति कमजोर र उच्च सरकारी ऋण निम्त्याउने भविष्यवाणीसमेत गरे ।

जापानको बैङ्कले भविष्यको कुनै पनि संकटमा 'बन्ड मार्केट' लाई समर्थन गर्न हस्तक्षेप गर्ने सम्भावना छैन, जसले सरकारलाई उच्च ऋण लागतको साथ छोड्नेछ, सार्वजनिक ऋण अझ बढ्नेछ । जापानले यसको घट्दो जनसङ्ख्या र कार्यबलसँग सम्बन्धित ठूला चुनौतीको पनि सामना गरिरहेको छ ।

*(लेखक एडिलेड विश्वविद्यालयको स्कुल अफ सोसाइटी एन्ड कल्चरका वरिष्ठ व्याख्याता हुन् ।)*

*- द कन्भर्सेसनबाट*

# विश्वव्यापी पुँजीवादविरुद्ध विश्वव्यापी भाइचारा – २

पेद्रो मोन्जोन बाराता

**२. क्युवाको क्रान्तिकारी अभ्यास (प्राक्सिस) : ऐक्यबद्धताको जग**

क्युवाको मेडिकल ऐक्यबद्धता सन् १९६३ मा सुरु भयो । पहिलो टोली भर्खर स्वतन्त्र भएको अल्जेरिया गएको थियो । फ्रान्सेली औपनिवेशिक युद्धका कारण त्यो बेला अल्जेरियामा स्वास्थ्य सङ्कट थियो । यो कुनै स्वत:स्फूर्त अगुवाइ थिएन । न यो प्रचारबाजी नै थियो । यो यो एउटा राज्यको एक रणनीतिक लगानी थियो । यो रणनीतिका दुई आधारस्तम्भ थिए । पहिलो, ठूलो संख्यामा डाक्टरी तालिम र वैज्ञानिक-बायोटेक्निकल विकास । यी दुई अन्योन्याश्रित थिए । नाकाबन्दीबिच यी दुई रणनीतिले दिगो अन्तर्राष्ट्रिय साझेदारी प्रणालीलाई जन्म दिए ।

**क) आधारस्तम्भ १ : ठूलो संख्यामा डाक्टरी तालिम**

सन् १९५९ मा क्युवामा ६० लाख जनताका लागि ६२८६ जना डाक्टर थिए । क्रान्तिपछि हजारौँ स्वास्थ्यकर्मीहरूले देश छोडेका थिए । देशको स्वास्थ्य सेवा राष्ट्रियकरण गरेपछि वा भनौँ स्वास्थ्य सेवामा क्रान्तिकारी सूधार गरेपछि पुँजीवादी सोच भएका धेरै स्वास्थ्यकर्मी देश छोडी भागेका थिए । यसपछि क्रान्तिकारी सरकारले मेडिकल शिक्षालाई व्यापक बनाएको थियो । यसलाई राष्ट्रिय प्राथमिकतामै राखिएको थियो । परिणाम, क्युवा एक यस्तो देश बन्यो, जहाँ डाक्टर-जनताको अनुपात संसारकै सबैभन्दा कम छ । अर्थात् डाक्टरको सङ्ख्या अधिक छ ।


सबै प्रान्तमा गरेर २४ वटा मेडिकल स्कुल स्थापना गरियो । ‘कामबाटै शिक्षा’ मोडल अपनाइयो । विद्यार्थीहरूलाई पहिलो वर्षदेखि नै पोलिक्लिनिक, अस्पताल र समुदायमा घुमाउने नीति लिइयो । यसरी विद्यार्थीले सैद्धान्तिक र व्यवहारिक ज्ञान हासिल गरे । त्यस्तै, हरेक विद्यार्थीले एउटा न एउटा परिवारको उपचार गर्नुपर्ने भयो । क्युवाको यो प्रणालीका कारण बर्सेनि १० हजार डाक्टर जन्मिरहन्छन् । यसबाहेक पनि प्रतिवर्ष ३० हजार स्वास्थ्यकर्मी उत्पादन भइरहेका हुन्छन् ।

यही जनशक्तिको बलमा क्युवाले आफ्नो आन्तरिक स्वास्थ्य प्रणाली चुस्त राख्न सकेको छ । यसलाई विश्व स्वास्थ्य सङ्गठनले पनि प्रशंसा गरेको छ । साथमा, क्युवाले संसारका ५६ वटा देशमा २४ हजारभन्दा बढी स्वास्थ्यकर्मी तैनाथ पनि गरिरहेको छ । (२०२५ को तथ्याङ्क)

**ख) आधारस्तम्भ २ : विज्ञान र बायोटेक्नोलजीको विकास**

साथमा क्युवाले विज्ञानलाई देश विकासको मूल मियो बनायो । फिडेल क्यास्त्रोले नारा नै दिनुभयो – “देशलाई वैज्ञानिक नारी-पुरुषको देश बनाऔँ ।” यसको लागि जेनेटिक इन्जिनियरिङ र बायोटेक्नोलजी केन्द्र (CIGB), मोलिक्युलर इम्युनोलजी केन्द्र (CIM) र विज्ञान अनुसन्धान केन्द्र (CENIC) को स्थापना गरियो । आज बायो-क्युवा-फार्मा एउटा ठूलै समूह बनेको छ । यसमा ३० केन्द्र छन्, २० हजार मानिसले कार्यरत छन् । यीमध्ये धेरै जना अत्यन्त जेहेनदार वैज्ञानिक हुन् ।

यसका उपलब्धि ठूला छन् । विश्वमै नपाइने अनेक औषधिहरू बनाउन यो सफल भएको छ । यीमध्ये एउटा औषधी हो Heberprot-P । यसले मधुमेहबाट हुने अल्सरका कारण अङ्ग काट्नुपर्ने सम्भावना नै घटाइदिन्छ । फोक्सोको क्यान्सरविरुद्ध संसारकै पहिलो खोप क्युवाले यही ‘CIM’ मा बनेको थियो । यसलाई CimaVax-EGF भनिन्छ । यसले क्युवामा मात्र होइन विश्वका अन्य देशमा पनि बिरामीहरूलाई लाभ दिइसकेको छ । क्युवामा विकसित भएको अर्को औषधि हो Nimotuzumab । क्यान्सरको उपचारमा यसको प्रयोग हुन्छ । यो एकप्रकारको मोनोक्लोनल एन्टिबडी हो । त्यस्तै, क्युवाले हेपाटाइटिस बी, मेनिन्जाइटिसका साथै कोभिड-१९ विरुद्ध Abdala / Soberana जस्ता एकदम प्रभावकारी खोप विकसित गरेको छ । यसबाट क्युवाले अमेरिकाको बलियो नाकाबन्दीभित्रै पनि स्वास्थ्य सम्प्रभुता सुनिश्चित गरेको छ ।




यो वैज्ञानिक क्षमताले क्युवाली जनताको रक्षा मात्र गर्दैन । यसले विश्वभरि ऐक्यबद्धता पनि बढाइरहेको छ । कोभिडको बन्दाबन्दीबिच क्युवा आफ्ना जनतालाई महामारीबाट टाढा राख्न सफल भयो । साथमा उसले संसारका दर्जनौँ देशलाई आफ्नो ज्ञान बाँड्यो । क्युवाले ती देशलाई Alfa-2b / Jusvinza जस्ता औषधि पनि उपलब्ध गराएको थियो ।

**नमुना कार्यक्रमहरू**

यसरी क्युवाले मानवीय र वैज्ञानिक दुवै सामर्थ्यको विकास गरेको छ । यसलाई उसले विभिन्न कार्यक्रममार्फत विश्वको सेवामा पनि लगाएको छ ।

ल्याटिन अमेरिकी मेडिकल स्कुल (ELAM) को स्थापना सन् १९९९ मा भएको थियो । मिच र जर्ज नामक दुई आँधी आएपछि त्यो संस्था खोलिएको थियो । त्यसमा विश्वका १२२ वटा देशका ३१ हजार डाक्टरले शिक्षा हासिल गरेका थिए । त्यो पनि नि:शुल्क । यो तालिममा खासगरी गाउँले, रैथाने र सीमान्तकृत समुदायका युवालाई प्राथमिकता दिइएको थियो । यसको उद्घाटनमा फिडेल क्यास्त्रोले भन्नुभएको थियो, “हामीले (यो संस्थामार्फत) हतियारले भन्दा स्वास्थ्य सेवाले धेरै काम गर्न सकिन्छ भन्ने साबित गर्नेछौँ ।” ELAM ले माल निर्यात गर्दैन । बरु, सामाजिक चेतनायुक्त जनशक्ति निर्यात गर्छ ।

सन् २००५ मा अन्तर्राष्ट्रिय ‘हेनरी रिभ’ दस्ता गठन भयो । अमेरिकामा क्याट्रिना आँधी गएपछि अमेरिकाले कपटपूर्ण ढङ्गले क्युवाली सहायता अस्वीकार गरेपछि त्यो डाक्टरी दस्ता गठन भएको थियो । यो दस्ताले संसारका ५५ देशहरूमा काम गरिसकेको छ । यसबिच यसले ८० लाखभन्दा बढी जनताको उपचार गरेको छ भने १ लाख ६६ हजार जीवन जोगाइसकेको छ । पाकिस्तानमा सन् २००५ मा भुइँचालो गयो । क्युवाको यो दस्ता त्यहाँ पुगिहाल्यो । सन् २०१४ मा पश्चिम अफ्रिकामा इबोला फैलिँदा होस वा इटाली, ब्राजिल र एन्डोरामा कोभिड-१९ को महामारी फैलिँदा उद्दारमा यही दस्ता पुगेको थियो । टर्की र सिरियामा सन् २०२३ मा भुइँचालो जाँदा पनि अन्तर्राष्ट्रिय ‘हेनरी रिभ’ दस्ता पुगेको थियो । सन् २०१७ मा यो मेडिकल दस्ताले विश्व स्वास्थ्य सङ्गठन WHO/PAHO बाट डा.लिजोङ-वुक जनस्वास्थ्य पुरस्कार प्राप्त गर्‍यो ।

सन् २००४ मा भेनेजुयलामा ‘अपरेसन चमत्कार’ सुरु भयो । यो कार्यक्रमअन्तर्गत ३४ देशमा ४० लाख बिरामीहरूको आँखाको अपरेसन भइसकेको छ । औषधी उपचारमा पहुँच नै नभएका यी बिरामीले पुन: आँखाले देख्न पाए ।

सन् १९९०-२०११ बिच चेर्नोबिल बाल कार्यक्रम चलेको थियो । चेर्नोबिल विष्फोटमा रेडियो विकिरणबाट युक्रेन, बेलारुस र रुसका २६ हजार बालबालिका प्रभावित थिए । तिनलाई नि:शुल्क उपचारको व्यवस्था गरियो । यसमा मेडिकल, मनोवैज्ञानिक र पुनर्ताजगी कार्यक्रम समेत समेटिएको थियो । यसबाट विश्वमै नाम कमाएको शरीरले कति विकिरण सोस्छ भनी नाप्ने अनुसन्धान विधिको विकास भएको थियो ।

टिमोर-लेस्टे सन् २००२ मा इन्डोनेसियाबाट स्वतन्त्र भयो । त्यहाँ १० लाख जनताका लागि जम्मा ३० डाक्टर थिए । क्युवाले त्यहाँ डाक्टरको पल्टन नै पठायो । यो पल्टनले त्यहाँ एउटा मेडिकल स्कुलको स्थापना गर्‍यो । त्यो स्कुलले ८०० भन्दा बढी स्थानीय डाक्टर तयार पार्‍यो । आज टिमोर-लेस्ते ओसिनिया देशहरूमा स्वास्थ्यको उदाहरण बनेको छ । त्यहाँ क्युवाली राजदूत भएर जाँदा मैले तत्कालीन राष्ट्रपति सानाना गुस्माओसँग कुराकानी गरेको थिएँ । उहाँले क्युवाको सहयोगले गर्दा देशबासीलाई पर्याप्त स्वास्थ्य सेवा दिने आफ्नो लक्ष्य पूरा भएको र क्युवाले जस्तै आसपासका देशलाई पनि सघाउन सकेको मसँग बताउनुभएको थियो ।

समग्रमा क्युवाली मेडिकल सहकार्य कारण विश्वका २३ लाखभन्दा बढी जनताको उपचार भएको छ, १ करोड २० लाख जनताको जीवन जोगिएको छ, १ करोड ७० लाख जनताको शल्यक्रिया गरिएको छ र आफ्नो देशमा बोलाएर विश्वका दसौँ हजार स्वास्थ्यकर्मीलाई तालिम दिइएको छ । विश्व इतिहासमा स्वास्थ्य क्षेत्रमा यति उपलब्धि हासिल गरिएको अर्को उदाहरण छैन ।

**३. साम्राज्यवादको जवाफ : मुद्दा, लाञ्छना र प्रतिरोध**

क्युवाको यो मोडल सफल भएको छ । संसारलाई यसबारे थाहा छ । संरा अमेरिकाले क्युवाली मेडिकल ऐक्यबद्धतालाई खतरनाक ठान्छ । खासगरी यसबाट उसले तीन खतरा जन्मेको मान्छ । मेडिकल ऐक्यबद्धतामार्फत क्युवाले दक्षिणी गोलार्द्धमा प्रतिष्ठा आर्जन गर्नु राजनीतिक खतरा हो । मानवीय ढङ्गले पनि विश्वव्यापीकरण गर्न सकिन्छ भनी क्युवाले देखाइदिएको छ । यो अमेरिकाको लागि विचारधारात्मक खतरा हो । तेस्रो खतरा आर्थिक खतरा हो । क्युवाली ऐक्यबद्धताका कारण उसले विदेशी मुद्रा आर्जन गरेको छ ।

ट्रम्पका विदेशमन्त्री मार्को रुबियो क्युवाको घाँटी थिच्ने नीतिका योजनाकार हुन् । यो नीतिका अनेक आयाम छन् । पहिलो, मिडिया प्रचारबाजीमार्फत क्युवामा ‘जबर्जस्ती श्रम’ गराइएको भन्दै निराधार आरोप लगाउने । दोस्रो, क्युवाली डाक्टर प्रयोग गर्ने देशहरूका उच्च अधिकारीहरूमाथि व्यक्तिगत प्रतिबन्ध लगाउने, भिजा नदिने । तेस्रो, क्युवासँग सम्बन्ध चुँडाउन बलात् कूटनीतिक दबाब दिने । अमेरिकाको यही नीतिका कारण सन् २०१८ मा क्युवाले ब्राजिलको ‘मायस मेडिकोस’ कार्यक्रमबाट पछि हट्नुपर्‍यो । ब्राजिलमा दक्षिणपन्थी नीतिका पक्षधर जायर बोल्सोनारो राष्ट्रपति बनेपछि क्युवाविरोधी र अमानवीय नीति लिए । त्यसैले पनि क्युवा पछि हट्नुपरेको थियो ।

तर, अमेरिकाको यो नीतिको कडा प्रतिरोध पनि भएको छ । सन् २०२० मा १४ क्यारिबियाली देशहरूले एउटा संयुक्त वक्तव्य जारी गरे । उनीहरूले क्युवामाथि दिइएको दबाबलाई अस्वीकार गरे । विश्व स्वास्थ्य सङ्गठनले बारम्बार क्युवाली प्रयासहरूको प्रशंसा गर्दै आएको छ । सन् २०२२ मा विश्व स्वास्थ्य सङ्गठनका निर्देशक टेड्रोज एडहानोमले क्युवालीहरूको प्रशंसा गरे । उनले ‘अन्य देशमा महामारी आउँदा क्युवाली स्वास्थ्यकर्मीले गरेको सेवा’ लाई स्तुत्य छ । अफ्रिका, एसिया र ल्याटिन अमेरिकी देशका सरकारहरूले क्युवासँगको सम्झौता नवीकरण गर्दै आएका छन् । उनीहरूले क्युवाली डाक्टरहरू मात्र सबैभन्दा दुर्गम भेगमा असहाय जनताको सेवा गरिरहेको तथ्यलाई सर ाहना गरेका छन् ।

यसकारण, लडाइँ जारी छ । वासिङ्टनले क्युवामाथि जनता शोषण गरिरहेको भाष्य प्रचार गर्न खोजे पनि विश्वका करोडौँ गुणी बिरामीहरूले वास्तविक सौम्य शक्ति निर्माण गरेका छन् । कृतज्ञता र नैतिक वैधताका आधारमा उनीहरूले अमेरिकी दुष्प्रचारको प्रतिरोध गरिरहेका छन् ।

**४. बहुध्रुवीयता र भाइचारा : २१ औँ शताब्दीको अन्तर्राष्ट्रवाद**

एउटा बहुध्रुवीय विश्व जन्मिँदै छ । साथमा क्युवाली अनुभवको आफ्नै रणनीतिक महत्व छ । दक्षिणी गोलार्द्धबाट चीन, रुस, भारतजस्ता देशले नयाँ ध्रुवको रचना गर्दै छन् । यसले गर्दा एउटा वैकल्पिक मोडल फैलिँदो छ । बहुध्रुवीयताले साम्राज्यवादको एकध्रुवीय संसारको अन्त्य गर्ने सङ्केत दिइसकेको छ । तर, यति भन्दैमा चुनौतीहरू आफै अन्त्य हुने छैनन् । मानवीय ऐक्यबद्धताको भावनासामु अनेकौँ तगारा छन् ।

यहीनिर क्युवाको विशिष्ट योगदान देखापर्छ । क्युवाले ठोस भाइचाराको सिद्धान्तमा टेकेर संसारका विभिन्न ध्रुवहरूबिच सहकार्य हुनुपर्छ भन्यो । उसले बजारको आर्थिक स्वार्थभित्र मानवीय सहकार्य दब्नुहुँदैन भन्यो । वर्तमान विश्व परिदृश्यबिच यस दिशामा प्रगति भएको छ । खासगरी चीनसँगको सम्बन्धमा यो भावना प्रकट भएको छ । चीनले ‘समुदायहरूबिच साझा भविष्य’ मा आधारित उदात्त भावनासाथ आफ्ना कार्यक्रमहरू अघि बढाउँदै छ । शब्द फरक होला, तर यो नारामा फिडेल क्यास्त्रोकै भिजनको प्रतिध्वनि सुनिन्छ ।

यसका दुई चुनौती छन् । पहिलो चुनौती हो – नयाँ निर्भरता घटाउने । अर्थात्, अमेरिकामाथि निर्भर देशको परनिर्भरता नघटाई तिनको प्राविधिक, खाद्य र ऊर्जा सम्प्रभूता सबल पार्ने । दोस्रो चुनौती हो – नयाँ बहुपक्षीय सङ्घसङ्गठन (BRICS, CELAC, ALBA-TCP) मा संस्थागत भाइचाराको सिद्धान्त प्रवर्द्धन गर्ने । यसको लागि स्वदेशी मुद्राका आधारमा व्यापार गर्ने, साझा ऊर्जा ग्रिड बनाउने र साझा स्वास्थ्य सेवाको सञ्जाल बनाउने ।

भाइचाराको विश्वव्यापीकरण कुनै हावादारी विचारधारा होइन । यो दक्षिणी गोलार्द्धका जनताको आवश्यकता हो । साम्राज्यवादी संसार अझ आक्रामक, विध्वंसक र विसङ्गतिपूर्ण हुँदै छ । यसकारण भाइचाराको विश्वव्यापीकरण मानवीय आवश्यकता पनि हो । महामारी, पर्यावरणीय विनाश र खाद्यान्न सङ्कटले संसार सन्त्रस्त भइरहेको बेला पुँजीले दिने विकल्पले पार लाग्दैन ।

क्युवासामु ठूलै पर्खाल छन् । तर, यसले विश्वव्यापीकरणको अर्को सम्भावना देखाइरहेको छ । हाइटीमा जीवन जोगाइरहेका प्रत्येक डाक्टर, अफ्रिकालाई दिने प्रत्येक खोप, क्युवामा डाक्टरी पढेर आफ्ना समुदायको सेवा गरिएका विदेशी डाक्टर – यी सबैले भाइचारापूर्ण संसार निर्माण गर्ने ठोस कार्य हुन् । साम्राज्यवादले संसारलाई बमबारी गर्न खरबौँ डलर खर्च गरिरहेको बेला, साम्राज्यवाद मूल्यमान्यताविहीन भइरहेको बेला क्युवाले नैतिक सम्प्रभुता दर्शाइरहेको छ ।

क्युवाको ‘बम होइन, डाक्टर’ भन्ने नारा एउटा मेडिकल नारा मात्र होइन । यो एक्काइसौँ शताब्दीको समाजवादको प्रतीक पनि हो । जस्तो – अज्ञानता होइन, शिक्षा; भोक होइन, खाना; जड विचार होइन, किताब; प्रतिस्पर्धा होइन, सहकार्य ।

फिडेल क्यास्त्रोले २१ औँ शताब्दीको निर्णायक लडाइँको सार यही हुनेछ भनेर पहिल्यै बुझ्नुभयो । साम्राज्यवादले एकपछि अर्को युद्ध गर्दै नैतिक पुँजी गुमाइरहेको बेला क्युवाले जीवन जोगाउने पुँजी बनायो । इतिहासले क्युवाली क्रान्तिकारीहरूको विचारलाई सही प्रमाणित गर्ने नै छ । तर, भाइचाराको विश्वव्यापीकरणबारे बोल्ने र यस दिशामा काम गर्ने क्रान्तिकारीहरू संसारभरि छन् । मानव जातिको स्वाभिमानी भविष्यका लागि यस्तो विश्वव्यापीकरणको पक्ष लिने संसारका सबै क्रान्तिकारीहरूलाई इतिहासले सही प्रमाणित गर्नेछ ।

---

# लुकेर मात्र होइन, खुलेरै कुकर्म गर्छन् शासकहरू

काइटलिन जोन्स्टन

तिनीहरूले जातिसंहारको प्रत्यक्ष प्रसारण गरे । हाकाहाकी जातिसंहार गरे ।

तिनीहरूले इरान, क्युवा र त्यहाँका जनताको घाँटी थिच्ने कब्जा युद्ध गर्दै छन् । हाकाहाकी गर्दै छन् ।

तिनीहरूले एक सार्वभौम मुलुकका राष्ट्रपतिलाई अपहरण गरे । हाकाहाकी गरे ।

तिनीहरूले जानाजान युक्रेनमा आततायी र भयावह छद्म युद्धको आगो लगाए । हाकाहाकी लगाए ।

तिनीहरूले यमनमाथि साउदी अरबले चलाएको नृशंस जातिसंहारक अत्याचारलाई धेरै वर्षसम्म सक्रिय आड दिए । हाकाहाकी दिए ।

तिनीहरूले दक्षिणी गोलार्द्धका देशका प्राकृतिक सम्पदा र जनशक्तिमा लुटपाट र शोषण गर्दै छन् । सबैले देख्नेगरी गर्दै छन् ।

तिनीहरूले हाकाहाकी प्राणी जगतलाई मार्दै छन् । अहिले मानव अस्तित्व तिनको धनाढ्य बन्ने लालसामा टिकेको छ ।

तिनीहरूले पृथ्वीमा आफ्नो दबदबा कायम गर्ने गरी विश्वभरि सयौँ सैन्य अखडा बनाएका छन् । हाकाहाकी बनाएका छन् ।

तिनीहरूले आणविक युद्धमा खेलाँची गर्दै छन् । सबैले देख्ने गरी विनाशकारी अस्त्रलाई पेस्तोल खेलाएजस्तै खेलाउँदै छन् ।

अर्बपतिहरूले निजी टापुहरू किनिरहँदा र तिनले भावी राष्ट्रपति चुन्दा विश्वका जनता घरबारविहीन भई खुला आकाशमुनि मर्छन् । खुलेआम यस्तो हुन्छ ।

हतियार उद्योगका मालिकहरूले युद्धको माहोल बनाउन चलखेल गर्छन् । त्यसपछि तिनले जनधनको विनाशबाट अकूत नाफा कमाउँछन् । सबैले देख्ने गरी कमाउँछन् ।

अमेरिकी राष्ट्रपतिले बारम्बार आफूलाई विश्वकै सबैभन्दा धनी यहुदीले खर्च दिएको र किनेको स्वीकार गरेका छन् । हाकाहाकी गरेका छन् ।

अमेरिकी अर्थ मन्त्रालयले बारम्बार इरानमा अमेरिकाले नै नियोजित रूपमा हिंसा र अस्थिरता भड्काएको स्वीकारेको छ । सबैले देख्ने गरी त्यहाँका जनतालाई बाँच्नै मुस्किल पार्ने आर्थिक युद्ध गरेको स्वीकारेको छ ।



कतिपय मानिसहरू भन्छन् – एप्सटिन फाइलमा नाम परेका अपराधीहरूलाई किन पक्राउ परेनन् ? यस्ता घृणित अपराधीहरू कसरी बचन सम्भव भयो ? यस्ता प्रश्नमा रुमल्लिनेहरूसँग सधैँ एउटा प्रश्न सोध्न मन लाग्छ – तिनीहरूले हाकाहाकी गर्ने कुकर्महरूलाई कहिल्यै देखेका छौ ?

एप्सटिन फाइलहरूमा ध्यान दिनुपर्छ । यी नरभक्षीहरूले बन्द कोठाभित्र के गर्छन् भनी अलिकति पनि थाहा पाइन्छ भने हरथोकमा ध्यान दिनुपर्छ । आफूसँग भएका सबै उपाय लगाएर तिनमा ध्यान दिनुपर्छ ।

तर, तिनीहरूले संसारका देखादेखी गरिरहेका अति भीमकाय कुकर्ममा ध्यान दिन पनि भुल्नुहुँदैन ।

*(एमआर अनलाइन । सम्यक)*

# शासक दलहरूले देश र जनताको समस्या समयमै समाधान गर्न नसक्दा विध्वंश

भक्तपुर। नेपाल मजदुर किसान पार्टीको ५२ औं स्थापना दिवस छालिङको गैंडा टोलमा मङ्गलबार सम्पन्न भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवं प्रतिनिधिसभा क्षेत्र नं. १ का उम्मेदवार प्रेम सुवालले नेपाल मजदुर किसान पार्टी स्थापनाको आधार किसान आन्दोलन, देशको सार्वभौमिकता रक्षा, विस्तारवाद र साम्राज्यवादको विरोधमा भएको आन्दोलन हो भन्नुभयो।

उहाँले नेपाल मजदुर किसान पार्टीको घोषणापत्रअनुसार निर्वाचित भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूले ख्वप कलेजहरू सञ्चालन गरी देशभरिका नयाँ पुस्तालाई इन्जिनियरिङ, व्यवस्थापन, मानविकी, विज्ञानलगायत विषयमा उच्च शिक्षा अध्ययन गराउँदै छन्; शासक दलहरूले ख्वप विश्वविद्यालयको विधेयक पारित नगरेको हुँदा जनताका छोराछोरीहरूले चिकित्सा शिक्षा (डाक्टर) पढाउने काममा विलम्ब भइरहेको छ भन्नुभयो।

उहाँले भन्नुभयो, “सरकारमा गएका दलहरू भागबन्डा र पक्षपातमा लागेको, देश र जनताको समस्या समयमा समाधान नगरेको, सम्भावित विध्वंशको पूर्वानुमान गर्न नसकेको हुँदा गत भदौ २३ र २४ गतेको दुर्घटना भएको सार्वजनिक भइसकेको छ।”

उहाँले भन्नुभयो, “शासक दलका लाखौं कार्यकर्ता र कर्मचारीहरूले देश र जनताको समस्या समयमै समाधान गर्न सकेनन् र देश आगजनीमा पर्‍यो।”

“नालापानीको लडाइँमा अङ्ग्रेज उपनिवेशवादीहरूले नेपालीसँग मित लगाएर नेपालीलाई आउने खानेपानीको मुहान थुनेर लडाइँ आफ्नो पक्षमा पारेका थिए। नेपाल मजदुर किसान पार्टीका कार्यकर्ता, समर्थक र जनतालाई फुटाउन प्रतिक्रियावादीहरूले अनेक छलछाम गर्नेबारे सबै सचेत हुनु जरुरी छ।”, उहाँले भन्नुभयो।

उहाँले भन्नुभयो, “अमेरिकी साम्राज्यवादले भेनेजुयलाको तेल, ग्यास र बहुमूल्य खनिज कब्जा गर्न त्यहाँका राष्ट्रपति माडुरो दम्पतीलाई कब्जा गरी अपहरण गरेको हो। नेमकिपाले संसारमा भइरहेको साम्राज्यवादी हस्तक्षेपको विरोध एवम् भर्त्सना गर्दै आएको छ।”

कार्यक्रममा नेमकिपा चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजुले एमसीसी सम्झौता खारेज गर्न र नागरिकता विधेयक पारित नगराउन नेमकिपाले सदन र सडकमा आवाज बुलन्द गरेको चर्चा गर्दै देश र जनताको हितमा निरन्तर काम गरिरहेको बताउनुभयो।

**देशको बजेट शासक दलहरूको बपौती होइन**

भक्तपुर। नेपाल मजदुर किसान पार्टीको ५२ औं स्थापना दिवसको अवसरमा चाँगुनारायण नगरपालिका वडा नं. ५ मिलनटोलमा बुधबार पार्टी कार्यकर्ता भेला भयो।

भेलामा पार्टीका सचिव प्रेम सुवालले नेपाल मजदुर किसान पार्टी आदर्श समाज निर्माण गर्ने उद्देश्यसहित स्थापना भएको उल्लेख गर्दै आदर्श समाजमा जनताका लागि शिक्षा-स्वास्थ्य निःशुल्क, देशभित्र रोजगारीको बन्दोबस्त र सामाजिक न्याय एवम् मानिसको सांस्कृतिक स्तर उँचो हुन्छ भन्नुभयो।

नेमकिपाको बहुमत प्राप्त भक्तपुर नगरपालिकाले देश र जनताको सेवा गर्न तथा नयाँ पुस्तालाई उच्च शिक्षाको अवसर प्रदान गर्न ख्वप कलेजहरू स्थापना गरेको उहाँले बताउनुभयो।

सचिव सुवालले भन्नुभयो, “नेमकिपा पुँजीवादी सरकारको लुछाचुँडीमा नलाग्ने र प्रखर प्रतिपक्षीको भूमिका निर्वाह गर्ने देश जनताको निःस्वार्थ सेवा गर्ने पार्टी हो। नेमकिपाले एक प्रकाशस्तम्भ भएर पुँजीवादी पार्टीहरूलाई खबरदारी गर्दै आएको छ; गरिरहनेछ।”



“देशको बजेट शासक दलहरूको बपौती होइन। हामी संसद्मा दृढ भएर बजेट वितरणमा पक्षपात गर्ने शासक दलहरूलाई उदाङ्ग्याउने छौं”, उहाँले भन्नुभयो।

सचिव सुवालले थप्नुभयो, “भनिन्छ, चिन्तनशील र प्रतिबद्ध नागरिकहरूको सानो समूहले संसार फेर्न सक्छ। हामी नेमकिपाका कार्यकर्ता र समर्थकहरू मिलेर देशलाई बाटो देखाइरहेका छौं, हाम्रो आन्दोलन चालू रहनेछ।”

कार्यक्रममा नेमकिपा भक्तपुर जिल्ला समितिका उपाध्यक्ष न्हुछेभक्त फोजुले संसद्बाट राष्ट्रघाती विधेयक र नीति पारित हुनबाट रोक्न बढीभन्दा बढी नेमकिपाका प्रतिनिधिहरू ससद्मा पुऱ्याउनु जरूरी छ भन्नुभयो।

कार्यक्रममा नेमकिपा चानपा वडा नं. ५ एकाइ समितिका अध्यक्ष रत्नबहादुर ह्यौमिखालगायतले बोल्नुभएको थियो।

**सहकारीकर्मीहरूबिच अन्तरक्रिया**

भक्तपुर। सहकारी अध्ययन समाज नेपालको आयोजनामा शुक्रबार सहकारीकर्मीहरूबिच अन्तरक्रिया कार्यक्रम भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भन्नुभयो, “गरिब र खेतीहर मजदुर-किसानको निम्ति सहकारी संस्थाको विकास भएको हो। नेपालमा सहकारी मन्त्रालय र विभागका माथिल्ला व्यक्तिहरूले ‘सहकारी संस्था’ लाई निजी बैङ्कहरूको दलालजस्तै बनाएको हुँदा लाखौं लाख गरिब किसानको खर्बौं रूपैयाँ बचत रकम ठगी पनि भयो। यो विषय नेमकिपाले संसद्मा निरन्तर उठाउनेछ।”

“नेमकिपा देश र जनताको निःस्वार्थ सेवा गर्न स्थापना भएको हो। शासक दलहरूले देशको अर्थतन्त्र परनिर्भर बनाएर देशघात गरे। फागुन २१ गतेको प्रतिनिधिसभामा नेमकिपाका उम्मेदवारहरू देशैभरि निर्वाचित भएमा मात्र देशको अर्थतन्त्र माथि उठाउन ढोका खुल्नेछ।”, उहाँले भन्नुभयो।

कार्यक्रमका सभापति एवं सहकारी अध्ययन समाज, नेपालका उपाध्यक्ष कृष्णगोविन्द लाखाजुले सहकारी क्षेत्रमा देखापरेका चुनौती र समाधानका विषयमा प्रस्तुतीकरण गर्दै सहकारी क्षेत्र सबल बनाउन देशभक्त र इमानदारीपूर्वक काम गर्दै आएका दल र त्यसका उम्मेदवारहरूलाई प्रतिनिधिसभाको निर्वाचनमा निर्वाचित गराउनुपर्नेमा जोड दिनुभयो।

समाजका सदस्यद्वय राधेश्याम सुवाल र कृष्णेश्वरी प्रजापतिले पनि बोल्नुभएको थियो।

**नेपाली जनताको पक्षमा नेमकिपा सडक र सदनमा सङ्घर्षरत**

भक्तपुर। नेपाल मजदुर किसान पार्टी ६ वडा एकाइ समितिको आयोजनामा निर्वाचन परिचालन समिति गठन कार्यक्रम भयो।

कार्यक्रममा नेमकिपाका सचिव प्रेम सुवालले विगतको मोहीयानी हक कायम गराउने आन्दोलन, साँढे धपाउने आन्दोलन, सुस्तामाथि अतिक्रमणविरुद्धको आन्दोलनको स्मरण गर्दै नेपाल मजदुर किसान पार्टीले देश र जनताको पक्षमा आवाज उठाउँदै आएको बताउनुभयो।

काङ्ग्रेस, एमाले, माओवादीले पटक-पटक देशमा शासन गरे तापनि नेपाली जनताको आर्थिक जीवनस्तर माथि नउठेको र नेपाली जनतालाई प्रतिव्यक्ति एक लाखभन्दा बढी ऋण बोकाएको उहाँले बताउनुभयो।

नेपाली जनता सचेत भएर मतदान गर्नुपर्ने उल्लेख गर्दै उहाँले भदौ २३ र २४ गते भएको आन्दोलनलाई अमेरिका र युरोपेली देशहरूले मलजल गरेको र यसतर्फ नेपाली नागरिकले ध्यान दिनुपर्ने बताउनुभयो।

कार्यक्रममा नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय उपाध्यक्ष गोविन्द दुवालले विगतका आन्दोलनहरूको स्मरण गर्दै नेपाली जनताको पक्षमा नेमकिपाले सडक र सदनमा सशक्त रूपमा आवाज उठाइरहेको बताउनुभयो।

नेमकिपाले किसानको मोहीयानी हक कायम गराउन गरेका सङ्घर्ष र आन्दोलनबारे चर्चा गर्दै उहाँले फागुन २१ गते हुने चुनावमा देशभक्त प्रतिनिधिलाई छान्नुपर्ने बताउनुभयो।

नेमकिपा ६ वडा एकाइ समितिका अध्यक्ष गोपीकृष्ण चाँगुभारीको सभापतित्वमा भएको कार्यक्रममा सिद्धिराम अवालले पनि बोल्नुभएको थियो।

भेलाले गोपीकृष्ण चाँगुभारीको अध्यक्षतामा नेमकिपा ६ वडा निर्वाचन परिचालन समिति गठन गऱ्यो। साबिक चोछेँ भेगीय निर्वाचन परिचालन समिति पूर्णभक्त सुवालको अध्यक्षतामा गठन गरियो भने साबिक भोलाछेँ भेगीय निर्वाचन परिचालन समिति तुल्सीप्रसाद खाताखोको अध्यक्षतामा गठन गरियो।

# भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण गर्नुपर्ने

जुम्ला। नेपाल मजदुर किसान पार्टी तिला गाउँपालिका समितिको आयोजनामा डोङ्ग्री गाउँमा कार्यकर्ता भेटघाट तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेले नेमकिपाले स्थापनाकालदेखि समाजवाद र साम्यवादको दीर्घकालीन लक्ष्य राखेर राजनीतिलाई देश र जनताको निःस्वार्थ सेवा गर्ने नीतिको रूपमा लिएको तर पटक-पटक सरकारमा गएका शासक दलहरूले नेता, गुट र कार्यकर्ताको स्वार्थमा केन्द्रित राजनीति गर्दा देशमा आजको जटिल अवस्था निम्तिएको हो भन्नुभयो।

प्रधानमन्त्री र मन्त्री बनेकाहरूले कमिसन खाएर सम्पत्ति कमाउनेमा मात्र ध्यान केन्द्रित गर्दा देशमा भ्रष्टाचार, अनियमितता, नातावाद कृपावादजस्ता अनेक विकृति विसङ्गति मौलाएको चर्चा गर्दै उहाँले भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण गर्ने, ठुलठुला भ्रष्टाचारीहरूलाई ज्यान सजायसमेत गर्ने र व्यक्तिगत सम्पत्तिको सीमाङ्कन गर्ने बन्दोबस्त नगरेसम्म भ्रष्टाचार अन्त्य नहुने र वास्तविक परिवर्तन नआउने प्रस्ट पार्नुभयो।

उहाँले भ्रष्टाचार र अनियमितताविरूद्धको सङ्घर्षलाई निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो।

केन्द्रीय सदस्य काफ्लेले देशको नदीनाला सबै भारत र विदेशी कम्पनीहरूको हातमा सुम्पेका र कमिसन कुम्ल्याएका शासक दलहरूबाट कुनै जनताले कुनै आशा राख्न नसकिने स्पष्ट पार्नुभयो।

नेमकिपा तिला गाउँ समितिका अध्यक्ष शेरबहादुर राउतको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेमकिपा जुम्ला जिल्ला समितिका सदस्य एवं समानुपातिक उम्मेदवार गौरीकला भण्डारी, नेपाल क्रानितकारी किसान सङ्घका केन्द्रीय सदस्य कालीबहादुर बुढा, स्थानीय सूर्यबहादुर रावत र रवीन्द्र रावतले पनि बोल्नुभएको थियो।

# ‘श्रमिक’ साप्ताहिक वर्गीय रूपमा सचेत पार्ने पत्रिका

सुर्खेत। नेपाल मजदुर किसान पार्टीको ५२ औं स्थापना दिवसको अवसरमा नेमकिपा सुर्खेतको आयोजनामा बिहीबार कार्यकर्ता भेला भयो।

कार्यक्रममा पार्टीका केन्द्रीय सल्लाहकार सदस्य नर्मा गुरूङले देश र जनतामा समर्पित ‘श्रमिक’ साप्ताहिक ३२ वर्ष पूरा गरी ३३ वर्षमा प्रवेश गरेकोमा शुभकामना व्यक्त गर्नुभयो।

उहाँले भन्नुभयो, “‘श्रमिक’ साप्ताहिकले मजदुर-किसानलाई राजनीतिक र वर्गीयरूपमा सचेत गर्ने काम गरेको छ। समाजवादी विचारधारा, विश्वका न्यायोचित सङ्घर्ष र आन्दोलनलाई ‘श्रमिक’ ले प्राथमिकता दिई प्रकाशित गरिरहेको छ। जनतालाई राजनीतिक र वर्गीयरूपमा सचेत गर्ने काम ‘श्रमिक’ साप्ताहिकले गर्दै आएको हुँदा पत्रिका नियमित अध्ययन गर्नु जरुरी छ।”

समाजवादी देशमाथि नाकाबन्दी, व्यापार युद्ध लाद्ने अमेरिकी साम्राज्यवादले एमसीसीजस्ता देशघाती सन्धि-सम्झौता गराएर विश्वमा आफ्नो प्रभुत्व जमाउन खोजिरहेको हुँदा अमेरिकी साम्राज्यवादको विरोध गर्नु जरुरी छ, उहाँले भन्नुभयो।

नेमकिपाका केन्द्रीय सदस्य एवं सुर्खेत क्षेत्र नं २ का उम्मेदवार तुलसी खड्काले पुराना र नयाँ भनिएका शासक दलका उमेदवारहरू जुनसुकै रङ बदलेर आए पनि तिनीहरूबाट जनताको सेवा नहुने स्पष्ट पार्नुभयो।

कर्णाली प्रदेश सदस्य एवं सुर्खेत जिल्ला अध्यक्ष हरिबहादुर बोहराले आफूलाई कम्युनिस्ट भन्न रूचाउनेहरूले समेत समाजवादी व्यवस्था स्थापना सम्भव छैन भन्दै जनतालाई भड्काइरहेका छन् भन्नुभयो।

कार्यक्रममा प्रेमकुमार थापा, गणेश खड्का, इन्द्रप्रसाद न्यौपाने, ऐनबहादुर शाही, कुस्माखर खनाल र छत्रिका विकले पनि बोल्नुभएको थियो।

# नेमकिपाका उम्मेदवारहरू घरदैलोमा

जुम्ला। निर्वाचन नजिकिएसँगै नेमकिपाले चुनाव प्रचार अभियानलाई तीव्र बनाएको छ। पार्टीका नेता तथा उम्मेदवारहरू घरदैलोमा पुगेर जनतासँग भेटघाट गर्दै छन्। नेमकिपाको पार्टी स्थापना दिवस तथा चुनावी प्रचार अभियान दैलेख, वैतडी, कालीकोटमा झैं जुम्लामा पनि भइरहेको छ।

यस्तै चुनावी प्रचार कार्यक्रम तिला गाउँपालिकाका विभिन्न गाउँमा भयो। खोली, चिलाकोट र भीमकोट गाउँमा पनि भयो।

खोली गाउँमा भएको प्रचारात्मक कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेले देश र जनताको पक्षमा इमानदारीपूर्वक सङ्घर्षरत दलका उम्मेदवारहरूलाई मतदान गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

सङ्ग्राम रावतको अध्यक्षतामा भएको सो प्रचारात्मक कार्यक्रममा नेपाल क्रान्तिकारी किसान सङ्घका कालीबहादुर बुढा, नेक्रा महिला सङ्घका गोरीकला भण्डारी, नेक्रामजदुर सङ्घका हरिबहादुर बोहोरा, तिलबहादुर रावत, कृषिविज्ञ जनक रावत र नवीन रावतले पनि बोल्नुभएको थियो।

त्यस्तै अर्को कोणसभा चिलाकोट र भीमकोटमा गाउँमा पनि भयो।

उक्त सभामा पार्टीका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेले पार्टीले गर्दै आएको सङ्घर्षबारे चर्चा गर्दै परिवर्तनको निम्ति कम्युनिस्ट पार्टीको जग हाली शोषित-पीडित जनताको पक्षमा सङ्घर्षरत नेमकिपाका उम्मेदवारलाई मतदान गर्न आग्रह गर्नुभयो।

नेपाल क्रान्तिकारी महिला सङ्घका गौरीकला भण्डारीले संसद्लाई जनताको पिर मर्का हेर्ने, देशको रक्षा गर्ने, देशभक्तहरूको जीवन्त सदन बनाउनुपर्ने आवश्यकता औंल्याउनुभयो।

# दुवाकोटमा मजदुर भेला सम्पन्न

भक्तपुर। नेपाल मजदुर किसान पार्टी, रामेछाप जिल्ला निर्वाचन परिचालन समितिले फागुन ३ गते दुवाकोटमा मजदुर भेलाको आयोजना गरेको छ।

रामेछापलगायत विभिन्न जिल्लाबाट भक्तपुर आएर विभिन्न उद्योगमा कार्यरत मजदुरहरूको भेलामा नेमकिपाका केन्द्रीय सदस्य सरोजराज गोसाईले नेमकिपाले मजदुरहरूलाई पढ्न, लेख्न सिकाएको बताउनुभयो।

किसानहरूलाई रात्रि तथा प्रौढ कक्षा सञ्चालन गरेर भक्तपुरमा नेमकिपाले परिवर्तनको बीउ रोपेको भन्दै उहाँले अरु जिल्लाको निम्ति पनि भक्तपुरको अनुभव उपयुक्त हुने तर्क गर्नुभयो।



कार्यक्रममा नेमकिपा, भक्तपुर जिल्ला समितिका उपाध्यक्ष न्हुछेभक्त फोजुले देशको सार्वभौमिकता खतरामा रहेको भन्दै आजसम्म सरकारमा गएका पार्टीहरूले इमानदारीपूर्वक काम नगरेकै कारण लाखौं युवा विदेसिएको भनाइ राख्नुभयो।

नेमकिपा, रामेछाप काठमाडौं सम्पर्क समितिका अध्यक्ष धनबहादुर श्रेष्ठको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा आगामी प्रतिनिधिसभाको निर्वाचनमा नेमकिपाको तर्फबाट रामेछाप जिल्लाका प्रत्येक्ष उम्मेदवार केशरी श्रेष्ठ र दोलखाका प्रत्येक्ष उम्मेदवार विमला श्रेष्ठ, विद्यार्थी श्रीराम श्रेष्ठले पनि मन्तव्य राख्नुभएको थियो। कार्यक्रममा कलाकार विनोद विकले गीत प्रस्तुत गर्नुभएको थियो।

# मधेस विश्वविद्यालयका उपकुलपति शाक्यसमेतको प्रतिनिधिमण्डल भक्तपुर नगरपालिकामा



भक्तपुर । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग वीरगञ्जस्थित मधेस विश्वविद्यालयका उपकुलपति प्रा.डा. दीपक शाक्यसहित जनसम्पर्क विषय अध्ययनरत विद्यार्थीहरूको प्रतिनिधिमण्डलले माघ २७ गते नगरपालिका सभाकक्षमा भेट गर्‍यो ।

भक्तपुर नगरको शिक्षा, स्वास्थ्य र सम्पदालगायतको अध्ययन भ्रमणको लागि भक्तपुर आएको उक्त टोलीलाई नगर प्रमुख प्रजापतिले स्वागत गर्नुभयो ।

भेटघाटको क्रममा उहाँले भक्तपुर नगरपालिकाले विभिन्न विषय अध्ययन गर्ने शैक्षिक संस्था सञ्चालन, शैक्षिक ऋण तथा छात्रवृत्ति प्रदान र न्यून शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको बताउनुभयो ।

स्थानीय सरकारले माध्यमिक तहसम्मको विद्यालय व्यवस्थापनको जिम्मेवारी पाएपछि भक्तपुर नगरपालिकाले शिक्षा क्षेत्रमा अनुकरणीय काम गरेको बताउँदै उहाँले 'एक घर एक स्नातक' को अवधारणापश्चात् भक्तपुरको शिक्षा विकास द्रुतगतिमा अगाडि बढेको हो भन्नुभयो ।

नगरपालिकाले सस्तोमा गुणस्तरीय चिकित्सक उत्पादन गर्न विश्वविद्यालय सञ्चालनको माग गरिरहेको बताउँदै उहाँले नगरपालिकाबाट सञ्चालित कलेजमा देशभरिका विद्यार्थीहरू अध्ययनरत रहेको बताउनुभयो ।

सोही क्रममा उपकुलपति शाक्यले भ्रमणको उद्देश्यमाथि प्रस्ट पार्दै शिक्षा क्षेत्रमा भक्तपुर नपाले गरेको उदाहरणीय कार्य विद्यार्थीहरूलाई देखाउन र सिकाउने उद्देश्यले भक्तपुर भ्रमणमा आएको बताउनुभयो ।

उहाँले मधेस विश्वविद्यालय एक घर एक स्नातकको अवधारणामा सञ्चालन भएको स्पष्ट पार्दै विश्वविद्यालयले बीए.एल.एल.बी. र बी.पी.ए. विषय सञ्चालन गरिरहेको बताउनुभयो ।

शिक्षण पेसाप्रतिको आकर्षण घट्दै जाँदा विश्वविद्यालयहरूमा शिक्षकहरूको अभाव रहेको बताउँदै उहाँले विश्वविद्यालयहरूबिच सहकार्य र स्वस्थ प्रतिस्पर्धाको आवश्यकता औंल्याउनुभयो ।

भेटपश्चात् नगर प्रमुख प्रजापतिले उपकुलपति शाक्यलाई मयुरको झ्याल र नपाका प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभयो ।

नगर प्रमुख प्रजापतिसँगको भेटपश्चात् प्रतिनिधिमण्डलले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज, ख्वप मावि, ख्वप कलेज अफ ल, ख्वप अस्पताल, ख्वप इ. कलेज र ख्वप कलेज अफ इ. को स्थलगत अवलोकन भ्रमण गरी त्यहाँको सेवासुविधाबारे जानकारी लियो ।

# दलित महिला सञ्जालमा काठमाडौँ क्षेत्र नं. १० का उम्मेदवारसँग अन्तरक्रिया

काठमाडौँ । दलित महिला सञ्जाल कीर्तिपुरले काठमाडौँ क्षेत्र नं. १० बाट प्रतिनिधिसभाको प्रत्यक्षतर्फका उम्मेदवार विन्द्रा महर्जनसँग शुक्रबार अन्तरक्रिया कार्यक्रम गर्‍यो ।

कार्यक्रममा उम्मेदवार महर्जनले सरकारले दलित भनेर छुट्याउनु गलत भएको धारणा राख्दै मानिसबिच जातभातमा विभेद गर्न नहुने र मानिसलाई वर्गीय दृष्टिकोणले हेर्नुपर्ने बताउनुभयो ।

समाज धनी र गरिबमा विभाजन भएझैँ जात र भाषाभाषीमा पनि धनी र गरिब हुने भएकोले शोषण गर्ने शोषकविरूद्ध सङ्घर्ष गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

उहाँले नेपाल मजदुर किसान पार्टी देशको राजनीतिमा छुट्टै पहिचान भएको इमानदार, सिद्धान्तनिष्ठ र विचारले पोख्त भएको बताउनुभयो ।

“नेमकिपा सरकार बाहिर बसेर नि:स्वार्थरूपले देशको सेवाको लागि संसद्मा प्रखर प्रतिपक्षको भूमिका खेल्नेछ”, उहाँले भन्नुभयो ।

उम्मेदवार महर्जनले भन्नुभयो, “देशमा ३६ वर्षमा धेरै प्रधानमन्त्री, मन्त्री र सांसद बने तर ती निर्वाचित जनप्रतिनिधिले नेपाली जनताको सेवा गरेनन् । जनताको समस्या समयमै सम्बोधन नगर्दा भदौ २३ र २४ को घटना घटेको हो ।”

“नेमकिपाका सांसदहरूले हिजो संसद्मा देश र जनताको पक्षमा कानुन बनाउन सङ्घर्ष गरे, भ्रष्टाचारी, अपराधीलाई फासी दिनुपर्ने माग गरे । आज पनि जनताको नि:स्वार्थपूर्वक लाग्न पार्टी प्रतिबद्ध छ ।”, उहाँले भन्नुभयो ।

कार्यक्रममा सहभागी महिलाहरूले निर्वाचनको क्रममा भोगेका कुरा र जनताको अपेक्षाबारे राखेको जिज्ञासाको जवाफ दिँदै उम्मेदवार महर्जनले नेमकिपाको उठाएका मुद्दालाई जनताले गम्भीर ढङ्गले विश्लेषण गरिरहेको छ भन्नुभयो ।

दलित महिला सञ्जालको आयोजनामा भएको उक्त कार्यक्रममा कीर्तिपुर नगरपालिकाका उपमेयर शुभलक्ष्मी शाक्यको पनि उपस्थिति रहेको थियो ।

# काम गरी खाने वर्गको हितमा ऐन कानुन जरुरी

भक्तपुर । नेपाल मजदुर किसान पार्टी भनपा १० वडा समितिको आयोजनामा प्रतिनिधिसभा सदस्य निर्वाचन परिचालन समिति गठन कार्यक्रम कमलविनायकमा माघ २७ गते सम्पन्न भयो ।

कार्यक्रममा बाग्मती प्रदेश सांसद एवं नेमकिपाका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईले फागुन २१ गते हुने प्रतिनिधिसभाले देशको कानुन, नीति नियम, विधि विधान निर्माण गर्ने भएकोले सम्पूर्ण जनता निर्वाचनमा सहभागी हुनुपर्ने बताउनुभयो ।

उहाँले काम गरी खाने वर्गको हितमा ऐन कानुन निर्माण गर्ने पार्टीलाई मत दिएर जिताउनुपर्ने बताउनुभयो ।

देशमा रासायनिक मल कारखाना स्थापना गर्नुपर्ने भनी नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँले ३० वर्षअगाडि नै संसद्मा आवाज उठाउनुभएको उल्लेख गर्दै उहाँले विदेशी रासायनिक मल महँगोमा किन्न बाध्य बनाएको बताउनुभयो ।




उहाँले देशको महत्त्वपूर्ण युवा जनशक्तिलाई स्वदेशमै रोजगारीको व्यवस्था मिलाउन सरकारी कलकारखाना, उद्योग तथा कृषि नीति ल्याएर सञ्चालन गर्नुपर्ने बताउनुभयो ।

उहाँले भक्तपुर नपाबाट सञ्चालित कलेज, अस्पताल, विकास निर्माणका कार्यहरू, सम्पदा संरक्षणका कार्यहरू हेर्न नेता, मन्त्रीहरूसमेत भक्तपुरमा भ्रमण गर्न आउने गरेको बताउनुभयो ।

नेमकिपाले भक्तपुरमा ख्वप कलेज, ख्वप इन्जिनियरिङ कलेज, ख्वप बहुप्राविधिक अध्ययन संस्थान, नर्सिङ, ख्वप कलेज अफ ल आदि कलेजबाट देशभरिका नयाँ पुस्तालाई योग्य र सक्षम जनशक्ति तयार गर्न सेवा गरिरहेको प्रस्ट पार्दै उहाँले ख्वप विश्वविद्यालय सञ्चालन भए देशविदेशबाट भक्तपुरको सांस्कृतिक, बाजागाजा, सम्पदा पुन:निर्माण, स्थानीय सीपबारे अध्ययन गर्न आउने बताउनुभयो ।

नेमकिपाले सरकारमा गएकालाई सधैँ राम्रो बाटो देखाउने गरेको र नराम्रो काम गरेमा सोको विरोध गर्न कहिल्यै नचुकेको उल्लेख गर्दै उहाँले नेमकिपाले देशघाती सन्धि सम्झौता नगरेको र जनताको नि:स्वार्थ सेवा गरिरहेको बताउनुभयो ।

कार्यक्रममा भनपाका पूर्वउपमेयर चैत्यराज शाक्यले व्यक्तिगत र पारिवारिक कामलाई थाति राखी निर्वाचनमा सही नेतृत्वलाई दिने एक मत नै देश विकासको लागि अमूल्य हुने बताउनुभयो ।

उहाँले नेमकिपाले गरिरहेको शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षण तथा विकास निर्माणका कार्यहरू नमुना भएको उल्लेख गर्नुभयो ।

नेमकिपा नगर समिति भक्तपुरका प्रतिनिधि विष्णुराम दुमरुले देशघाती नागरिकता विधेयक, एमसीसी सम्झौताहरू संसद्मा पेस गर्दा चुइँक्क नबोल्ने पार्टीका नेताहरू चुनावमा आश्वासनबाट जनतालाई झुक्याइरहेको बताउनुभयो ।

उहाँले सरकारले स्वदेशमै सीप र शैक्षिक योग्यताअनुसार काम, कामअनुसारको ज्याला दिन सके युवाहरू विदेश पलायन नहुने बताउनुभयो ।

नेमकिपा भनपा १० वडा समितिका अध्यक्ष लक्ष्मीप्रसाद चवालको सभापतित्वमा भएको सो कार्यक्रममा गुजेश्वरी प्रजापति, कृष्णशोभा मुस्याख्व, रोशिना ब्याञ्जु, रञ्जना सुवाल, बिनिता अवाल र उद्धव कोण्डाले पनि बोल्नुभएको थियो ।

भेलाले लक्ष्मीप्रसाद चवालको संयोजकत्वमा निर्वाचन परिचालन समिति गठन गर्‍यो ।

## पार्टीको सिद्धान्त बुझेर जनतालाई बताउनु जरूरी

भक्तपुर । नेपाल मजदुर किसान पार्टी भ.न.पा. ४ वडा समितिको आयोजनामा प्रतिनिधिसभा निर्वाचन २०८२ मा नेमकिपाका उम्मेदवारलाई अत्यधिक बहुमतले विजय गराउन वडाका कार्यकर्ता, समर्थक तथा शुभचिन्तक महानुभावहरूको भेलाबाट ४ वडास्तरीय निर्वाचन परिचालन समिति गठन कार्यक्रम सम्पन्न भयो ।

नेमकिपा भजिसका अध्यक्ष एवम् बाग्मती प्रदेश सभा सांसद सुरेन्द्रराज गोसाईले पार्टीको घोषणापत्र, पर्चा घरघरमा पुर्‍याई जनतालाई सचेत पार्ने, पार्टीको सिद्धान्त र विचार बुझेर आफ्नो कर्तव्य पूरा गर्नुपर्ने आवश्यकताबारे जोड दिनुभयो ।

उहाँले अग्रज, अनुभवी बुद्धिजीवीसित अन्तरक्रिया तथा संवाद गरी व्यापक जनतालाई अभिप्रेरित गर्न सके विस्तारवादी, साम्राज्यवादी शक्तिबाट देश जोगाउन सकिने विचार व्यक्त गर्नुभयो ।

समाजको आमूल परिवर्तन अर्थात् समाजवादी व्यवस्थाका लागि नेमकिपाका कार्यकर्ताहरू सङ्घर्षशील भइरहनुपर्ने विचार व्यक्त गर्दै उहाँले देश जस्तोसुकै होस् मन्त्री, प्रम बन्छु भन्ने विचार देशको हितमा नभएको स्पष्ट पार्नुभयो ।

नागरिक अभिनन्दन गराई भीड जम्मा गरी देशमा शासन चलाउने राजतन्त्र टिक्न नसकेको दृष्टान्त दिँदै उहाँले नयाँ पार्टी भनी जनतालाई झुक्याउन खोज्ने एजेन्डाविहीन, विदेशी शक्तिबाट परिचालित उदयमान पात्रहरूबाट सचेत हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

भ्रष्टाचार, राजनीतिक भागबन्डा र लुटतन्त्रको कारण भदौ २३ को घटना घटेको बताउँदै उहाँले असमान सन्धि सम्झौताको विरोधमा उत्रने नेमकिपा देशभक्त पार्टी भएको बताउनुभयो ।

नेमकिपा भक्तपुर नगर समितिका प्रतिनिधि पुरुषोत्तम तमखुले आसन्न निर्वाचनमा देशभक्त उम्मेदवारहरूलाई विजय गराई देशलाई सिक्किमीकरण हुनबाट जोगाउन नयाँ पुस्तालाई पनि प्रशिक्षित तुल्याउनुपर्ने आवश्यकतामाथि प्रकाश पार्नुभयो ।

नेपाल मजदुर किसान पार्टी ४ वडा समितिका अध्यक्ष पशुपति प्रजापतिको सभापतित्वमा भएको उक्त कार्यक्रममा उपाध्यक्ष कृष्णलक्ष्मी दुवाल, सचिव विश्वराम त्वायनालगायतले बोल्नुभयो ।

उक्त भेलाबाट पशुपति प्रजापतिको संयोजकत्वमा १०१ जनाको निर्वाचन परिचालन समिति गठन गरियो । औपचारिक कार्यक्रमलगत्तै अतिथि गोसाईले नेमकिपा लाक्वलाछेँको चुनाव परिचालन समितिको कार्यालय उद्‌घाटन गर्नुभएको थियो ।

## पार्टी स्थापना दिवसमा संस्कृतिकर्मीहरूको भेला

भक्तपुर । नेपाल मजदुर किसान पार्टीको ५२ औं स्थापना दिवसको अवसरमा भक्तपुर नगरपालिका वडा नं. ९ तौलाछेँ 'पासा पुच'को आयोजनामा स्थानीय क्वार्चामा संस्कृतिकर्मीहरूको भेला गरी प्रगतिशील गीत गायन कार्यक्रम शनिबार सम्पन्न भयो ।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईंले पार्टीले जनताको चेतनास्तर उठाउन निरन्तर लागिरहेको बताउँदै जनतालाई सङ्गठित बनाइरहेको प्रस्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, “सचेत र सङ्गठनबिनाको भीड अराजक हुन्छ; त्यस्तो अराजक भीडले देश उँभो लाग्दैन ।”

जनताको सुस्वास्थ्यको लागि वर्षौंवर्ष सफाइ अभियान गरेर स्वास्थ्य चेतना जगाउन होस् वा रात्रिकक्षा सञ्चालन गरेर, प्रौढ साक्षरताको शैक्षिक अभियान सञ्चालन गरेर होस् पार्टी जनताको सेवामा अथक रूपमा लागिरहेको चर्चा गर्दै उहाँले अग्रज पुस्ताले विगतमा गरेको दु:ख नयाँ पुस्तालाई थाहा दिनुपर्नेमा जोड दिनुभयो ।

सामाजिक सञ्जालमा अल्झेर नयाँ पुस्ता असामाजिक बन्दै जाने हो कि भन्ने चिन्ता जाहेर गर्दै उहाँले आगामी फागुन २१ गतेको निर्वाचनमा मतदाताले विशेष ध्यान दिननसके पछि पछुताएर पनि धर नलाग्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, “आगामी निर्वाचन देश विध्वंश गर्ने र देश विकास गर्ने बिचमा हुँदै छ; देश खरानी पार्ने र खरानी हुँदा पनि कुनै जिम्मेवारी बहन नगर्ने शासक पार्टीहरूलाई पछार्ने एउटा अवसर हो ।”

अर्का केन्द्रीय सदस्य रवीन्द्र ज्याख्वले पासा पुच:ले समाजमा व्याप्त विकृति विसङ्गतिविरूद्ध नाचगानमार्फत जनतालाई सचेत पार्दै आएकोमा पुच:को सराहना गर्नुभयो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय अध्यक्ष ज्ञानसागर प्रजापतिले निर्वाचन हार-जितको गणितीय परिणाममात्र नभई मूल्य र मान्यता वा सिद्धान्तको लडाइँ पनि हो भन्नुभयो ।

पुच:का अध्यक्ष विष्णुभक्त कुसीको सभापतित्वमा भएको उक्त कार्यक्रममा सचिव हरिराम कुसीले स्वागत गर्नुभएको थियो ।

कार्यक्रममा पासा पुच:, वाकुपति नारायण, उमामहेश्वर र कमिचागल्ली दिदी बहिनी समूहले प्रगतिशील गीत प्रस्तुत गरेका थिए ।

## युवाको ज्ञान देश हितमा उपयोग गर्नु जरूरी

भक्तपुर । नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ भनपा वडा नं. २ एकाइ समितिको आयोजनामा शनिबार विद्यार्थी भेला भयो ।

भेलामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले नेमकिपाले जस्तै अरू ठुला भनिने राजनीतिक पार्टीहरूले देश र जनताको सेवामा इमानदारीपूर्वक काम गरेका भए यो देशको विकास भइसक्थ्यो भन्नुभयो ।

“नेमकिपाले युवा पुस्तालाई देश र जनताको नि:स्वार्थ सेवा गर्न सिकाइरहेको छ । नेमकिपा जितेको स्थानीय तहमा शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षणमा विशेष जोड दिई युवा लक्षित कार्यक्रमहरू सञ्चालन गरिरहेको छ”, उहाँले भन्नुभयो ।

“अहिले केही व्यक्तिहरू देश बनाउन जादु गरिरहेको बताउँदै छन् । समाज विकासमा जादुको केही देन हुने गर्दैन, जादु गरेर विकास गर्ने भनेको जनतालाई छलछाम गर्नु हो; सङ्घर्ष नगरी विकास हुनेछैन । युवा पुस्ताले पनि आफूसँग भएको ज्ञान देश र समाजको हितमा उपयोग गर्नु जरूरी छ”, केन्द्रीय सदस्य गोसाईले भन्नुभयो ।

नेमकिपा व्यासी एकाइ समितिका अध्यक्ष गणेशप्रसाद सुवालले अग्रजहरूको निरन्तर सङ्घर्षकै कारण पार्टीप्रति जनविश्वास बढ्दै गएको बताउनुभयो ।

कार्यक्रममा सुजि हेङ्गो, श्रद्धा कोजु, रमा माताङ र रेक्स सुवालले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा प्रगतिशील गीत पनि प्रस्तुत गरिएको थियो ।

# सङ्गठित शक्तिले मात्र परिवर्तन हुने




भक्तपुर । नेमकिपा सूर्यविनायक निर्वाचन परिचालन समितिको आयोजनामा नगरस्तरीय कार्यकर्ता भेला शनिबार सम्पन्न भयो ।

भेलामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुनिल प्रजापतिले सङ्गठित शक्तिले मात्रै परिवर्तन हुने उल्लेख गर्दै देशघाती एमसीसी सम्झौताले देशमा विदेशी चलखेल बढेको हुँदा सचेत हुनुपर्छ भन्नुभयो ।

"नेपालको इतिहासमा थुप्रै शासन फेरियो तर शासकहरूमा संस्कार, आचरण फेरिएन । जनताले परिवर्तनको अनुभूति गर्न पाएनन् । देशमा समाजवादी व्यवस्था नआएसम्म गरिब, मजदुर, कामदार जनताको साँचो स्वर्ग नआउने भएकोले समाजवादको निम्ति निरन्तर सङ्घर्ष आवश्यक छ", उहाँले जोड दिनुभयो ।

कार्यक्रममा नेमकिपा भक्तपुर क्षेत्र नं. २ का उम्मेदवार रमेश वैद्यले राजनीति देश र जनताको नि:स्वार्थ सेवा हो, पेसा होइन; ठुला राजनीतिक दलहरूले राजनीतिलाई आफ्नो स्वार्थपूर्ति गर्ने माध्यम बनाएको कारण देशले यो दूर्दशा भोग्न परेको हो भन्नुभयो ।

जनताले परिवर्तन खोजेको समयमा राजनीतिक सक्रियता बढाउन सके संसद्मा थप एक जना जनताका वकिल/प्रतिनिधि पुगेर देश र जनताको पक्षमा काम गर्ने वातावरण मिल्ने हुँदा सम्पूर्ण कार्यकर्ताको सक्रियता आवश्यक छ भन्नुभयो ।

निर्वाचन परिचालन समितिका संयोजक सूर्यभक्त त्वातीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा समितिका महेन्द्र बखुन्छेँले पनि बोल्नुभएको थियो ।

**नेमकिपा सिद्धान्त र विचारमा चल्ने पार्टी**

भक्तपुर । नेपाल मजदुर किसान पार्टी सूर्यविनायक -५ कटुञ्जे एकाइ समितिको आयोजनामा ५२ औं पार्टी स्थापना दिवस सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेमकिपा सिद्धान्त र विचारमा चल्ने पार्टी भएको बताउँदै देश र जनताको नि:स्वार्थ सेवाबाहेक नेमकिपाको अर्को उद्देश्य नभएको बताउनुभयो ।

उहाँले सरकारमा गएका पुँजीवादी पार्टीहरूको सिद्धान्तहीन र भ्रष्ट प्रवृत्तिका कारण देश जटिल स्थितिमा पुगेको बताउनुभयो ।

उहाँले शासक पार्टीहरूको विदेशीसामु आत्मसमर्पण गरेकै कारण देशको प्राकृतिक स्रोत र साधन साम्राज्यवादी र भारतीय विस्तारवादीहरूको हातमा पुगिसकेको बताउनुभयो ।

उहाँले अमेरिकी साम्राज्यवादले एसियालाई अस्थिर पार्न हिन्द प्रशान्त रणनीति लागू गरेर नेपालसित एमसीसी सम्झौता गरेको र जेन-जी आन्दोलनको बहानामा सिंहदरबार जलाउने दलालहरू तयार पारेको बताउनुभयो ।

कार्यक्रममा नेमकिपा भक्तपुर जिल्ला समितिका सदस्य एवं भक्तपुर क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य उम्मेदवार रमेश वैद्यले नेमकिपाले सदन र सडकमा देश र जनताको अधिकतम हितको रक्षाका निम्ति प्रखर प्रतिपक्षको भूमिका निर्वाह गर्दै आएको चर्चा गर्नुभयो ।

नेमकिपाले राजनीतिलाई नि:स्वार्थ रूपमा जनताको सेवा गर्ने माध्यमको रूपमा लिँदै आएको बताउँदै निर्वाचनमा हारजित जे भए पनि निर्वाचन घोषणापत्रमा गरेको वाचाअनुसार सक्रिय रहने बताउनुभयो ।

नेमकिपा सूर्यविनायक नगर समितिका सचिव महेन्द्र बखुन्छेले नेमकिपाले किसान र मजदुरलगायत कामदारवर्गको जनताको उत्थानको निम्ति सङ्घर्ष गर्दै आएको चर्चा गर्नुभयो ।

कार्यक्रममा आयोजक समितिका राजेन्द्र बखुन्छेले पनि बोल्नुभएको थियो ।

# गुठी अधिनष्ठ जग्गासम्बन्धी समस्या छिट्टै नै समाधान गर्नुपर्ने

भक्तपुर । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री प्रा.डा. कुमार इङ्नामले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित देको मिवा इतापाके आवास योजनामा गुठी अधिनष्ठ जग्गासम्बन्धी समस्या छिट्टै समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा गएको टोलीले मङ्गलबार सहरी विकास मन्त्रालयको समेत जिम्मेवारी लिने मन्त्री इङ्नामसँगको भेटमा आवास योजनाको हालसम्मको भौतिक विकास तथा जग्गा प्रशासनसम्बन्धी प्रगतिबारे जानकारी गराउनुभयो ।

त्यस क्रममा नगर प्रमुख प्रजापतिले आयोजनाको भौतिक पूर्वाधारअन्तर्गत सडक, ढल निकास, टेवा पर्खालको कार्य अन्तिम चरणमा रहेको र जग्गा प्रशासनतर्फ आयोजना क्षेत्रको सम्पूर्ण स्वीकृत नापी नक्सा तथा स्रेस्ताअनुसार हाल कायम भएको २४४४ कित्ता जग्गामध्ये १२८३ कित्ता जग्गा अर्थात् ५२.५० प्रतिशत विकसित घडेरी फिर्ता भइसकेको अवगत गराउनुभयो ।

नगरपालिकाद्वारा सञ्चालित उक्त आयोजनाको १६५३ रोपनी जग्गामध्ये ६८ रोपनी जग्गा गुठी अधिनष्ठ रहेको र उक्त जग्गामा काठमाडौँ उपत्यका विकास प्राधिकरण ऐन २०४५ को दफा १०.१.१ अनुसार तथा आयोजना व्यवस्थापन उपसमितिको निर्णयअनुसार योगदान प्रतिशत कट्टी गरेकोमा गुठी संस्थानबाट उक्त निर्णय कार्यान्वयनमा समस्या भएको उल्लेख गर्दै प्रमुख प्रजापतिले स्थानीय तहबाट सञ्चालित आयोजना यथाशक्य चाँडो सम्पन्न गर्न मन्त्रालयको तर्फबाट आवश्यक निर्णय गर्नको निम्ति अनुरोध गर्नुभयो ।

सोही क्रममा मन्त्री इङ्नामले राज्यबाट सञ्चालित विकास आयोजनाहरूमा गुठी जग्गा समस्या रहेको आफूलाई जानकारी रहेको उल्लेख गर्दै यस विषयमा सरोकारवालाहरूसँग पटक-पटक छलफल गरिरहेको बताउनुभयो । उहाँले छिट्टै नै यो समस्या समाधानको निम्ति ठोस निर्णय गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

नगरपालिकाले गुठी जग्गाको समस्या समाधान गर्न गुठी संस्थान केन्द्रीय कार्यालयमा पटक-पटक अनुरोध गर्दा पनि समाधान नभएपछि मन्त्रालयसमक्ष अनुरोध गरिएको हो । २०७२ सालमै योजना स्वीकृत भई सञ्चालन भइरहेको देको मिवा इतापाके आवास योजनामा गुठी संस्थानले अनाहकमा जनतालाई दु:ख दिइरहेको पनि प्रमुख प्रजापतिले सो अवसरमा बताउनुभयो ।

# निगालपानीमा प्रतिनिधिसभा सदस्य निर्वाचनसम्बन्धी भेटघाट

दैलेख । नेपाल मजदुर किसान पार्टी गुराँस गाउँपालिकाको आयोजनामा प्रतिनिधिसभा सदस्य निर्वाचनसम्बन्धी भेटघाट कार्यक्रम घोडाबासको निगालपानीमा सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपा दैलेखका अध्यक्ष जगत ओलीले काम गरिखानेवर्गको हितमा काम गर्ने पार्टीको उद्देश्य हो भन्नुभयो ।

नेमकिपाले व्यक्तिगत र दलगत फाइदाको पछाडि लाग्न नसिकाएको उल्लेख गर्दै उहाँले देश र जनताको नि:स्वार्थ सेवा गर्नु नै राजनीतिको धर्म हो भन्नुभयो । उहाँले समाजवादी व्यवस्थामा नि:शुल्क शिक्षा र स्वदेशमै रोजगारको बन्दोबस्त हुने बताउनुभयो ।

जनताको हितमा नेमकिपाले सदन र सडकमा निरन्तर सङ्घर्ष गर्दै आइरहेको उल्लेख गर्दै उहाँले पुँजीवादी शासन व्यवस्थामा काम गरिखाने जनताको हित नहुने बताउनुभयो ।

नेमकिपा गुराँस गाउँपालिका सदस्य नर्मा गुरुङको सभापतित्वमा भएको कार्यक्रममा नेमकिपा दैलेखका सदस्य गगन बीसी र नेक्राविसङ्घ दैलेखका खेमराज दाहाल र हस्त गुरुङले पनि बोल्नुभएको थियो ।

# दैलेखमा 'न्यायदृष्टि' पत्रिकाको अन्तरक्रिया

दैलेख । कानुन अध्ययन समाज नेपाल कर्णाली प्रदेश समितिको आयोजनामा समाज प्रकाशन 'न्यायदृष्टि' पत्रिका वर्ष १२ अङ्क ३ (वैशाख २०८२) विषयक अन्तरक्रिया कार्यक्रम माथिल्लो डुङ्गेश्वर बजारमा शनिबार सम्पन्न भयो ।

कानुन अध्ययन समाज नेपालका केन्द्रीय उपाध्यक्ष अधिवक्ता शिवराज दाहालको सभापतित्वमा भएको कार्यक्रममा अधिवक्ता टीकाप्रसाद पोखरेल, खड्कप्रसाद दाहालगायतले बोल्नुभएको थियो ।

# नेपालको कम्युनिस्ट आन्दोलनमा नेमकिपा प्रकाशस्तम्भ

कैलाली । नेपाल मजदुर किसान पार्टी कैलालीको आयोजनामा पार्टीको ५२ औं स्थापना दिवसको अवसरमा माघ २७ गते लम्कीचुहा नपाको चौरीमा कार्यकर्ता प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं कैलाली संयोजक रमेशकुमार रावलले नेमकिपाले नेपालको कम्युनिस्ट आन्दोलनमा प्रकाशस्तम्भको रूपमा काम गरिरहेको स्पष्ट पार्नुभयो । उहाँले कामदार जनता राजनीतिक रूपमा सचेत भई सङ्गठित हुन आवश्यक भएको बताउनुभयो ।



देशको राजनीतिमा नेमकिपाले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको उल्लेख गर्दै उहाँले फागुन २१ मा हुने निर्वाचन विचार र घोषणापत्रको सङ्घर्ष भएको बताउनुभयो ।

शिक्षा, स्वास्थ्य नि:शुल्क र युवालाई स्वदेशमै रोजगारीको निम्ति लड्ने पार्टी देशको निम्ति आवश्यक भएको विचार उहाँले व्यक्त गर्नुभयो ।

नेमकिपा कैलालीका सचिव गगनबहादुर थापामगरले नेमकिपाले वैदेशिक हस्तक्षेप, सीमा अतिक्रमण, नागरिकता विधेयक, एमसीसी सम्झौता, कोसी नदी, गण्डकी नदी, महाकाली नदी र कर्णाली नदीजस्ता राष्ट्रघाती सन्धि-सम्झौता खारेजीको माग गर्दै आएको छ भन्नुभयो ।

नेक्रामहिला सङ्घ केन्द्रीय सहसचिव एवं कैलाली क्षेत्र नं २ का उम्मेदवार लक्ष्मी पुनमगरले गरिबवर्गको हितमा काम गर्नेलाई मत हाल्न अनुरोध गर्नुभयो ।

महिला राजनीतिमा सक्रिय रूपमा संलग्न हुन आवश्यक भएको उल्लेख गर्दै उहाँले अहिलेसम्मका सरकार पुँजीवादी भएकोले जनताको समस्या समाधान नभएको र समाजवादी व्यवस्थाले जनताको समस्या समाधान गर्ने बताउनुभयो ।

नेमकिपा कैलालीका सदस्य एवं समानुपातिक उम्मेदवार तारा तिरुवाले निर्वाचनमा देशभक्त पार्टीलाई मत हाल्न आग्रह गर्नुभयो ।

नेक्राकिसानसङ्घ कैलालीका सदस्य रणबहादुर रोकाया, नेक्रायुवासङ्घ कैलाली सदस्य एवं कैलाली क्षेत्र नं ४ उम्मेदवार अमृता भुल र नेक्राविद्यार्थीसङ्घ कैलाली सदस्य एवं कैलाली क्षेत्र नं ५ का उम्मेदवार तिर्सना पुनमगरले निर्वाचनमा देश र जनताको सेवा गर्ने दल रोज्नुपर्ने बताउनुभयो ।

**नेमकिपा बहुसङ्ख्यक कामदार जनताको पक्षमा**

कैलाली । नेपाल मजदुर किसान पार्टीको आठौँ जिल्ला सम्मेलन तयारी समिति कैलालीको आयोजनामा नेमकिपाको ५२ औं स्थापना दिवस माघ २८ गते कैलालीको क्षेत्र नं. ४ अन्तर्गत गौरीगंगा नगरपालिकाको वडा नं.११ शिवपुरमा भेटघाट कार्यक्रम भयो ।

कार्यक्रममा नेमकिपा कैलाली अध्यक्ष रमेशकुमार रावलले राजनीतिक व्यवस्था जस्तो छ त्यस्तै देशको नीति नियम बन्ने कुरा बताउँदै अहिलेसम्मका सरकारमा गएका शासक दलहरूले पुँजीवादी हितको निमित्त नियम बनाएकोले ती शासक दलहरू पुँजीवादी पार्टी भएको बताउनुभयो ।

उहाँले नेमकिपा भनेको बहुसङ्ख्यक कामदारवर्गको हितको निमित्त स्थापना भएको पार्टी भएको प्रस्ट्याउँदै नेमकिपाले मजदुर र किसानहरूको हित अनुकूल नीति नियम बनाउने समाजवादी व्यवस्था स्थापनाको निम्ति सङ्घर्ष गरिरहेको बताउनुभयो ।

उहाँले नेमकिपाले वैदेशिक हस्तक्षेपको सधैँ विरोध गरिरहेको उल्लेख गर्दै भेनेजुयलाका राष्ट्रपति माडुरोलाई अमेरिकी राष्ट्रपति ट्रम्पले अपहरण गरेकोमा नेमकिपाले विरोध तथा भर्त्सना गरेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय सहसचिव लक्ष्मी पुनले समाजमा जाति, धर्म तथा महिला पुरुषका आधारमा नभई वर्गका आधारमा विभेद हुने कुरा बताउँदै नेमकिपाले वर्गसङ्घर्षलाई जोड दिइरहेको बताउनुभयो । उहाँले बहुसङ्ख्यक काम गरी खाने मजदुर र किसानलाई थोरै पुँजीपतिवर्गले शासन गरिरहेको हुनाले कामदारवर्गले दु:ख पाइरहेको बताउँदै समाजवादी व्यवस्थाले मात्र कामदारवर्गको हित हुने भएकोले कामदारवर्गको शासन व्यवस्था ल्याउन सम्पूर्ण कामदारवर्ग एक हुनुपर्ने बताउनुभयो ।

नेमकिपा कैलालीका सदस्य तथा प्रतिनिधिसभा सदस्य समानुपातिक उम्मेदवार तारा तिरुवाले नेमकिपा काम गरिखानेवर्गको हितको निम्ति स्थापना भएको बताउनुभयो । उहाँले महिलाहरू पनि राजनीतिक रूपमा सचेत हुनुपर्ने बताउँदै नेमकिपाले कामदारवर्गलाई राजनीतिक रूपमा सचेत गर्ने काम गरिरहेको बताउनुभयो ।

कार्यक्रममा नेक्रायुसङ्घ कैलाली सदस्य तथा प्रतिनिधिसभा सदस्य उम्मेदवार कैलालीको क्षेत्र नं. ४ का अमृता भुल, क्षेत्र नं. ३ का जुनु महतारा शाहीले पनि बोल्नुभएको थियो ।

कैलालीको क्षेत्र नं. ३ अन्तर्गत घोडाघोडी नगरपालिकाको वडा नं. १० तुल्सीपुर खल्ला र वडा नं. २ साडेपानीमा पनि मतदाताहरूको बिचमा भेटघाट कार्यक्रम भएको थियो ।

**पुँजीवादी व्यवस्थामा कामदार जनताको जीवनस्तर नउठ्ने**

कैलाली । नेपाल मजदुर किसान पार्टी कैलालीको आयोजनामा पार्टीको ५२ औं स्थापना दिवसको अवसरमा जानकी गाउँपालिका वडा नं २ गौडीमा भेटघाट तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले प्रतिनिधिसभाको निर्वाचन देशको नीति, नियम र कानुन बनाउने थलो हो भन्नुभयो । उहाँले जनताको हितमा कुन पार्टीले घोषणापत्रमा उल्लेख गरेको छ त्यही पार्टीलाई मत दिन आग्रह गर्नुभयो । राजनीतिबाट कोही पनि टाढा रहन नसक्ने हुँदा जनता राजनीतिक रूपमा सचेत र सङ्गठित हुन आवश्यक भएको उहाँले बताउनुभयो ।

पुँजीवादी पार्टीले निर्वाचनलाई भ्याङ्ग बनाई देशलाई बर्बाद पारेको उल्लेख गर्दै उहाँले पुँजीवादी पार्टी जसले जिते पनि कामदार जनताको जीवनस्तरमा कुनै परिवर्तन हुनेछैन भन्नुभयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं कैलाली संयोजक रमेशकुमार रावलले निर्वाचनलाई जनताको चेतना स्तर नाप्ने व्यारोमिटरको रूपमा उपयोग गरिरहेको बताउनुभयो । निर्वाचन घोषणापत्र र विचारको लडाइँ भएको स्पष्ट पार्दै उहाँले नयाँ विचार भनेको शिक्षा, स्वास्थ्य नि:शुल्क र रोजगारीको ग्यारेन्टी गर्नु हो भन्नुभयो ।

वैदेशिक हस्तक्षेपको विरोध गर्ने एउटै पार्टी नेमकिपा भएको उल्लेख गर्दै उहाँले पुँजीवादी निर्वाचनबाट समाजवाद नआउने स्पष्ट पार्नुभयो । उहाँले समाजवादी व्यवस्थाबिना कामदार जनताले सुख पाउने छैनन् भन्नुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय सहसचिव एवं कैलाली क्षेत्र नं २ का उम्मेदवार लक्ष्मी पुन मगरले नेपाल मजदुर किसान पार्टी कामदार जनताको हितमा नीति नियम बनाउन संसद्मा सङ्घर्ष गर्ने बताउनुभयो । बहुमत कामदार जनताको मुक्ति समाजवादमा हुने भएकोले समाजवाद स्थापनाका लागि नेमकिपा सङ्घर्षरत छ भन्नुभयो ।

नेपाल मजदुर किसान पार्टी कैलाली सदस्य धनबहादुर थापामगरले कामदार जनतालाई दु:ख दिने पुँजीवादी व्यवस्थालाई फालेर समाजवादी व्यवस्था ल्याउनुपर्छ भन्नुभयो ।

कार्यक्रममा गगनबहादुर थापामगरले पनि बोल्नुभएको थियो ।

# एप्सटिन फाइलले पश्चिमा आदर्श र नैतिक श्रेष्ठताको भ्रम चिर्‍यो

● वरिक पाल

यो जनवरीको अन्त्यतिर संरा अमेरिकाको न्याय विभाग (DOJ) ले जेफ्री एप्सटिनसँग सम्बन्धित ३० लाखभन्दा बढी पृष्ठको दस्तावेज, हजारौँ भिडियो र तस्बिरहरू सार्वजनिक गर्‍यो । डोनाल्ड ट्रम्पले हस्ताक्षर गरेको 'एपस्टिन फाइल्स ट्रान्सपरेन्सी एक्ट' अन्तर्गत नै गत नोभेम्बरबाट फाइलहरू पल्टाउन सुरु गरिएको हो । हाल सार्वजनिक गरिएको एप्सटिन फाइलको कुल पृष्ठ सङ्ख्या करिब ३५ लाख पुगेको जानकारी छ । एप्सटिनसँग जोडिएका घृणित तथ्यहरूको खुलासाले पुराना काण्ड, गुप्तचरी घटनाहरू मात्र उदाङ्गो पारेको छैन बरु पश्चिमा शक्ति र आदर्शमाथि ठुलो प्रश्न खडा गरेको छ ।

राजनीति, व्यापार, शैक्षिक क्षेत्र र राजतन्त्रका शक्तिकेन्द्रहरूसम्म फैलिएको व्यापक सञ्जालको गम्भीर चित्र एप्सटिन फाइलमा देखिन्छ । फाइलले विभिन्न महादेशहरू पार गर्दै डोनाल्ड ट्रम्प, बिल क्लिन्टनदेखि एलन मस्क र पूर्व राजपरिवारका सदस्यहरूसम्मलाई जोडेको देखाउँछ । यौन शोषण विशेषगरी नाबालिकाहरूमाथिको यौन दुराचार ( बलात्कार गर्ने र तिनको मासु खाने) र अन्य अपराधसम्बन्धी प्रमाण यी उच्चवर्गीय व्यक्तिहरू वरिपरि घुमिरहेका छन् तर अहिलेसम्म कुनै नयाँ अभियोग दायर भएका छैनन् । यो फाइलले केवल व्यक्तिगत नैतिक पतनको कथा मात्र होइन बरु प्रणालीगत अपराधको पर्दाफास गर्छ, पश्चिमले लामो समयदेखि दाबी गर्दै आएको नैतिक र सभ्यतामा श्रेष्ठताको आधारमाथि प्रश्न खडा गरेको छ ।

संरा अमेरिका र उसका युरोपेली सहयोगीहरूले आफूलाई मानव अधिकार, लोकतन्त्र र नैतिक शासनको विश्वव्यापी निर्णायक या ठेकेदार दाबी गर्दै आएको दशकौँ दशक भयो । संयुक्त राष्ट्रसङ्घका मञ्चदेखि शासन परिवर्तनका सैन्य अभियानसम्म आफ्नो हातमा लिएर अन्य कमजोर या प्रतिद्वन्द्वी देशहरूमाथि दमन गर्ने, मानव अधिकार उल्लङ्घनको आरोप लगाउने, प्रजातन्त्र नभएको भन्दै हस्तक्षेप गर्ने दुष्कर्म पश्चिमी शक्तिले गरिरह्यो । तर, आज अमेरिकी प्रजातन्त्रको कुरूप मुखौटा फेरि एक पटक विश्वसामु उदाङ्गियो ।

इराक, लिबिया र सिरियामा निरङ्कुश शासन भयो भन्दै त्यहाँका निर्दोष नागरिकहरूको रक्षा गर्ने बहानामा संरा अमेरिकाले हस्तक्षेप र हमलाहरू गरेको स्मरण हुन्छ । इरान, भेनेजुयला र रुसमाथि लगाइएका प्रतिबन्धहरू भ्रष्टाचार र दमन रोक्ने नैतिक दायित्वको रूपमा प्रस्तुत गरिएको थियो । पश्चिमी सरकार र परोपकारी संस्थाबाट वित्तपोषित गैरसरकारी संस्थाहरू (NGO) पश्चिमी शक्तिको मुख्य हतियार बन्यो । तिनले 'लोकतन्त्र प्रवर्द्धन' र मानव अधिकारको वकालतका लागि अर्बौँ डलर खर्च गरे । शीतयुद्धकालमा अमेरिकी हित प्रवर्द्धनका लागि स्थापना गरिएको नेसनल एन्डोमेन्ट फर डेमोक्रेसी (NED) जस्ता संस्थाहरूलाई स्वतन्त्रताको रक्षकका रूपमा प्रस्तुत गर्‍यो । तर एप्सटिन फाइलले संरा आमेरिकी कपटलाई उजागर गर्‍यो, पश्चिमी नैतिकता प्रदर्शन गर्ने जिम्मा लिएका प्रमुख व्यक्तिहरूबिचको संलग्नताको फाइलहरूमा बिल गेट्स, ओबामा प्रशासनका पूर्वअधिकारीहरू र युरोपेली कुलीनवर्गसँग भएका अन्तरक्रियाहरूका विवरण, इमेलहरू, फोटोहरू र अभिलेखहरू समावेश छन् । यद्यपि NED जस्ता संस्थाहरूसँग प्रत्यक्ष सम्बन्ध स्पष्ट रूपमा उल्लेख गरिएको छैन, शङ्का प्रवल छ, पश्चिमी वित्तपोषित गैरसरकारी संस्था र थिङ्क ट्याङ्कहरूको व्यापक संरचना या सम्भ्रान्त वर्गीय सञ्जाल अहिले गम्भीर जाँचको घेरामा छ ।

एप्सटिनले सन् १९९० र २००० को दशकको सुरुआतमा डेमोक्रेटिक दलका अभियानहरूमा ठुलो आर्थिक सहयोग गरे जसमा हिलारी क्लिन्टन र जोन केरीसमेत समावेश थिए । 'मूल्यमा आधारित' भनिएको विदेश नीतिमा धनी धनाढ्यहरूको आर्थिक प्रभाव कति गहिरोसँग परेको छ भन्ने यसले पनि देखाउँछ । आलोचक अर्थात् जानकारहरूले लामो समयदेखि NED लाई अमेरिकी विदेश नीतिको गुप्त अङ्गको रूपमा औँल्याउँदै आएका छन् । यही NED ले भेनेजुएला जस्ता सार्वभौम देशहरूमा लोकतन्त्रको नाममा निर्वाचित सरकारहरू कमजोर पार्न विपक्षी समूहहरूलाई सहयोग गर्ने गरेको तथ्य पनि सार्वजनिक हुँदै छ । एप्सटिन काण्डले पश्चिमी उच्चवर्गको नैतिकता उजागर गरेपछि तिनले गर्ने गरेको परोपकारी प्रयास अर्थात् आर्थिक सहयोग जालो च्यात्यो ।






सन् २०१९ मा रहस्यमयी परिस्थितिमा मृत्यु भएका, दोषी ठहर गरिएका यौन अपराधी एप्सटिनले राष्ट्रपतिहरू, प्रधानमन्त्रीहरू, अर्बपतिहरू र बौद्धिक व्यक्तिहरूसँग सम्बन्ध स्थापित गरेका थिए । उनको कुख्यात 'लोलीटा एक्सप्रेस' विमान र निजी टापुमा धन र प्रभावको आडमा शोषण हुने जमघटहरू आयोजना हुने गरेको तथ्य बाहिर आएको छ । अपराधमाथि 'सुनपानी छर्काई' मात्र हो भन्ने महसुस हुँदै छ ।

यो घटनालाई ढाकछोप गर्ने प्रयासहरू भइरहेका छन् । न्याय विभागद्वारा फाइल सार्वजनिक गर्ने क्रममा गम्भीर त्रुटिहरू पनि देखिए । पीडितको पहिचान र नग्न तस्बिरहरू सार्वजनिक गरेपछि तुरुन्तै हटाइयो र थप सम्पादन गरिएको पाइयो । पीडितका पक्षधरहरूले यस्तो कार्यले पीडितलाई 'पुन: पीडित बनाउने' भन्दै आलोचना गरे र वकिलहरूले यस्तो सम्पादनले पीडितभन्दा सम्भावित अपराधीलाई बढी सुरक्षा दिएको बताए । विभागले सम्पादन त्रुटि स्वीकार गरेको छ । यद्यपि काङ्ग्रेसले सम्पादन नगरिएका संस्करण लिएको र सर्वसाधारणले भने अत्यधिक सेन्सर गरिएका सामग्री मात्र पाएको देखिन्छ । करिब ६० लाख पृष्ठ अझै सार्वजनिक नभएको भनाइले राजनीतिक हस्तक्षेपको आशङ्का बढेको छ ।

यो अस्पष्टता ऐतिहासिक प्रवृत्तिसँग मेल खान्छ । सन् २००८ मा तत्कालीन अमेरिकी सरकारी वकिल एलेक्जान्डर अकोस्टाद्वारा गरिएको एप्सटिनको सम्झौताले उनलाई गम्भीर सजायबाट बचाएको थियो । यो घटनाले अमेरिकी न्याय प्रणालीमा शक्तिशाली व्यक्तिहरू कसरी सुरक्षित रहन्छन् भन्ने प्रस्ट पार्छ । संरा अमेरिकामा सानालाई ऐन ठुलालाई चैनको बन्दोबस्त अद्यापि छ । एप्सटिनको बचाउको लागि सरकारी भूमिका र विद्वानहरूको सहयोगको फेहरिस्ट विस्तारै बाहिर आउला ।

यस काण्डको प्रभाव विशेषगरी दक्षिणी विश्वका देशहरूमा गहिरो देखिएको छ जहाँ पश्चिमी शक्ति आफ्नो वर्चश्वको ध्वाङ फुक्छ, नैतिक उपदेश दिन कुनै कसर बाँकी राख्दैन । अफ्रिका, एसिया र ल्याटिन अमेरिकी देशहरू बारम्बार संरा अमेरिकी प्रतिबन्ध र हस्तक्षेपको केन्द्र बन्ने गरेका छन् । ती देशहरूले एप्सटिन फाइललाई पश्चिमी पतनको एउटा बलियो आधार बताएका छन् । जिम्बाब्वे र दक्षिण अफ्रिकामा एप्सटिन र पूर्व नेताहरू रोबर्ट मुगाबे तथा ज्याकब जुमाबिच आर्थिक सम्बन्ध भएको सङ्केत दिने केही दस्तावेजहरूले संरा अमेरिकी आन्तरिक अनुसन्धान मात्र होइन पश्चिमी कपटमाथि व्यापक आलोचना पनि उत्पन्न भएको छ ।

एप्सटिन फाइलले एउटा कुरा स्पष्ट बनाएको छ – पश्चिमले अब गैरश्वेत समाजलाई 'श्रेष्ठता' का बारेमा उपदेश दिने नैतिक अधिकार गुमाइसक्यो । अरब विश्वमा समेत आवाज उठिरहेको छ –जसले आफ्नै धनाढयवर्गलाई नियन्त्रण गर्न सक्दैन उसले अरू कुनै पनि देशलाई निर्देशन दिने अधिकार राख्दैन ।

युरोपमा यसको प्रभाव बैग्लै र तीव्र रूपमा अनुभव गरिएको छ । बेलायतमा त यो फाइलसँग जोडिएका व्यक्तिहरूको राजनीतिक करियरसमेत समाप्त भयो । अमेरिकाका लागि पूर्व बेलायती राजदूत पिटर मान्डेल्सनले आफ्नो संलग्नताको खुलासापछि राजीनामा दिए र राजा चार्ल्सले आफ्ना भाइ एन्ड्र्यू माउन्टबेटन-विन्डसरको उपाधि नै खोसे । स्लोभाकियाको ब्राटिस्लाभादेखि भारतको नयाँ दिल्लीसम्म राजनीतिक सङ्कट देखा पर्दैछ । त्यतिमात्र होइन विश्व आर्थिक मञ्चले आफ्ना प्रमुख कार्यकारी अधिकृतको एप्सटिनसँगको सम्बन्धबारे अनुसन्धान सुरु गर्‍यो । यसको विपरीत अमेरिकामा भने प्रतिक्रिया अपेक्षाकृत निकै सीमित र राजनीतिक आरोप-प्रत्यारोपमै सीमित देखिएको छ । यसबाट ट्रान्स-अटलान्टिक विभाजन देखिए पनि समग्रमा पश्चिमको प्रतिष्ठामा धक्का पुगेको जरुर छ । एप्सटिन फाइलको सार्वजनिकीकरणले तथाकथित 'सभ्य पश्चिम' को चम्किलो आवरण च्यातिएको छ ।

यो पतन भू-राजनीतिमा मात्र सीमित छैन पश्चिमी समाजको आधारभूत संरचनासमेतमा असर या प्रभाव परेको छ । सन् २००८ को आर्थिक सङ्कट र कोभिड-१९ महामारीपछि कमजोर बनेको संस्थागत विश्वास अब झन् घटेको छ । विश्वमा मानव अधिकारको उपदेश दिएर आफ्नै देशमा भयावह आपराधिक गतिविधिमा संलग्न हुने संस्थाप्रति जनविश्वास कमजोर हुनु स्वाभाविक हो । पहिले निष्पक्ष मानिएका गैरसरकारी संस्थाहरू अब भ्रष्ट प्रणालीको विस्तार या हिस्सा प्रमाणित हुँदै छन् । उदाहरणका लागि NED माथि पक्षपात र भेदभावको आरोप छ । त्यस्तैगरी आलोचकहरूले NED ले अमेरिकी स्वार्थ प्रवर्द्धन गर्दै केही राजनीतिक धाराहरूलाई कमजोर बनाएको बताएका छन् । पोल्यान्डमा NED बाट अनुदान पाएको एक संस्थाले यो काण्ड बाहिरिएपछि आर्थिक सहयोग समाप्त या बन्द भएको घोषणा गरेको छ । यो काकताली मात्र हुनसक्दैन । यी खुलासा अपमानजनक त छन् । यसले पश्चिमी 'सफ्ट पावर' को सम्पूर्ण संरचनाको वैधता कमजोर बनायो ।

यदि यत्तिबेला पश्चिमले आफ्नो विश्वसनीयता जोगाउन चाहन्छ भने उसले आजको यस अवस्थालाई प्रत्यक्ष र इमानदारीपूर्वक सामना गर्नुपर्छ । प्रमाणका आधारमा कारबाही गर्ने तागत राख्नुपर्छ चाहे सम्बन्धित व्यक्ति जुनसुकै राजनीतिक समूहसँग जोडिएको किन नहोस् । अस्पष्टताको सट्टा पारदर्शिता अपनाउनुपर्छ । बाँकी फाइलहरू सम्भव भएसम्म सम्पादनबिना तुरुन्तै सार्वजनिक गरिनुपर्छ र न्याय प्रक्रिया स्वतन्त्र अघि बढ्न दिनुपर्छ । गैरसरकारी संस्था र सरकारहरूले आफ्ना सम्बन्धहरूको लेखापरीक्षण गरी दूषित सञ्जालसँगको सम्बन्ध तोड्नुपर्छ । सबैभन्दा महत्त्वपूर्ण कुरा त पश्चिमले आफ्नो अहङ्कारवादी अर्थात् 'ठुल्दाइ' शैली त्यागेर दक्षिणी विश्वका देशहरूसँग समानताको आधारमा सम्बन्ध कायम गर्नुपर्छ । आजको हकमा दक्षिणी विश्वको नैतिक बल पश्चिमको तुलनामा कता हो कता गन्हुङ्गो छ ।

एप्सटिन फाइल एउटा काण्ड मात्र होइन । त्यो कमजोर हुँदै गएको पश्चिमी आधारको ऐना हो । लामो समयदेखि श्रेष्ठताको भ्रमले हस्तक्षेप र नैतिक उपदेशलाई वैध ठहर गर्‍यो संरा अमेरिकाले । तर, अब त्यो आवरण हटेको छ, त्यो चमक हराइसकेको छ । दक्षिणी विश्वले अब आफ्नै मार्ग तय गर्न तत्परता देखाइरहेको छ । के अब पश्चिम सुधारतर्फ अघि बढ्ला ? कि खोक्रो सिंहासनमा टाँसिएर बसिरहला ? यो प्रश्न अहम् छ, जवाफको प्रतिक्षामा छ सिङ्गो विश्व ।

***लेखक अस्ट्रेलियाको क्विन्सल्यान्ड युनिभर्सिटी अफ टेक्नोलोजीका सहायक प्राध्यापक हुनुहुन्छ ।***
***नेपाली अनुवाद : हौसला***
***स्रोत : पेइचिङ रिभ्यू फेब्रुअरी अङ्क १०***

---

**नेमकिपाले...**

गराउन र आमा-बुबा दुवै वंशजको नेपाली नागरिकका छोराछोरीमात्र वंशज नेपाली नागरिक हुने कानुनी व्यवस्थाको निम्ति सङ्घर्ष चालु राख्ने स्पष्ट पार्दै सचिव सुवालले भन्नुभयो, "नेमकिपाले देशको द्रुततर विकास गर्न २०४८ सालदेखि दुर्गम क्षेत्रहरूमा रोपवे (रज्जुमार्ग), केबुल कार र सुरूङमार्ग, रेलमार्ग अवलम्बन गर्नुपर्नेबारे सरकारहरूको ध्यान आकर्षित गर्दै आएको हो ।"

भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण र ठुला भ्रष्टाचारीलाई ज्यान सजायसमेत हुने कानुनी व्यवस्था बनाउन निरन्तर सङ्घर्षरत रहने सचिव सुवालले स्पष्ट गर्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य अनुराधा थापामगरले नेपाली जनता हो हल्ला र आश्वासनको राजनीतिमा नलागी देश र जनताको पक्षमा सङ्घर्षरत दल र दलका उम्मेदवारलाई मतदान गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले मानव तस्कर, ठुलठुला भ्रष्टाचारी, अपराधीहरूलाई कडा कारबाही गर्नुपर्ने उल्लेख गर्दै कार्यक्रममा सहभागी सञ्चारकर्मी तथा जिल्ला जिल्लाबाट आएका कार्यकर्ता, प्रत्यक्ष तथा समानुपातिक उम्मेदवारहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईले कार्यक्रमको आवश्यकताबारे चर्चा गर्दै राजनीतिक र वैचारिक सङ्घर्ष चालू रहने बताउनुभयो ।

निर्वाचन पनि समाजवादी गणतन्त्र प्रचार अभियान रहेको उल्लेख गर्दै उहाँले हिमाल, पहाड र तराईका गाउँ र नगरको बस्ती बस्तीमा रहेका जनताले इमानदारी र नि:स्वार्थपूर्वक सेवा गर्ने दल र दलका उम्मेदवारलाई निर्वाचित गराउनुपर्नेमा जोड दिनुभयो ।

"निर्वाचनमा आश्वासनको पोको बाँड्ने होइन, व्यापक जनतालाई देश चिनाउनुपर्छ; नेमकिपा सदन र सडकमा देश र जनताको पक्षमा सङ्घर्षरत छ", उहाँले भन्नुभयो ।

देशमा आर्थिक अनियमितता र लुट भइरहेकोमा चिन्ता व्यक्त गर्दै उहाँले देशभक्ति आन्दोलनको नेतृत्व गर्ने, भ्रष्टाचारविरोधी आन्दोलन छेड्ने, स्वतन्त्रता र सार्वभौमिकताको निम्ति लड्ने सच्चा कम्युनिस्ट नेमकिपालाई जनताले चिन्नुपर्ने आवश्यकता औँल्याउँदै शासकहरूले इमानपूर्वक सेवा नगरेकै कारण देशमा सङ्कट आएको हो भन्नुभयो ।

**देश...**

उल्लेख गर्दै उहाँले नेमकिपाले स्थानीय तहमा विजय प्राप्त गरेर जिम्मेवारीपूर्वक जनताको सेवा गरिरहेको बताउनुभयो ।

नेमकिपा भक्तपुर नगर समितिका सदस्य नारायणप्रसाद त्वानाबासुले नेपाल मजदुर किसान पार्टीले नेपालको राजनीतिमा स्पष्ट विचार राख्दै आएको उल्लेख गर्नुभयो । कार्यक्रममा नेमकिपाबाट काठमाडौँ २ मा उम्मेदवारी दिने शर्मिला माली (बनमाला), ललितपुर-२ बाट उम्मेदवारी दिने चिरीमैयाँ महर्जन, झापा-३ बाट उम्मेदवारी दिने धर्मलक्ष्मी लघुले आ-आफ्नो निर्वाचन क्षेत्रको स्थितिबारे चर्चा गर्दै सहयोगको लागि अनुरोध गर्नुभयो ।

कृष्णगोविन्द खाइजुको सभापतित्वमा भएको उक्त कार्यक्रममा पुरूषोत्तम ग्वाछा र बलराम गोसाईले पनि बोल्नुभएको थियो ।

भेलाले नेपाल मजदुर किसान पार्टी भनपा-७ वडा समितिका अध्यक्ष कृष्णगोविन्द खाइजुको संयोजकत्वमा १२७ सदस्यीय भनपा-७ वडास्तरीय निर्वाचन परिचालन समिति गठन गरेको छ ।

# नेमकिपा समाजवादी दर्शन र कामदारवर्ग आधारित पार्टी हो



भक्तपुर । संस्थागत विद्यालय सङ्घ नेपाल (इसान)को आयोजनामा फागुन १ गते शिक्षक भेला भयो ।

कार्यक्रममा नेपाल मजदुर किसाट पार्टीका सचिव प्रेम सुवालले नेमकिपाको स्थापनाका आधार किसान आन्दोलन, देशको सार्वभौमिकता रक्षा र साम्राज्यवादविरोधी सङ्घर्षको नेतृत्व हो भन्नुभयो ।

"कुनै पनि उपलब्धि छिटो प्राप्त हुँदैन । एक विद्यार्थीलाई एसईईसम्म उत्तीर्ण गराउन १२-१३ वर्ष निरन्तर पढाउनुपर्दछ । कुनै राजनीतिक दल थोरै समयमा धेरै चुनाव जित्ने र सरकारमा पुग्ने पनि रहस्यको विषय हुनेछ, उहाँले भन्नुभयो ।

सचिव सुवालले भन्नुभयो, "नेमकिपा समाजवादी दर्शन र कामदारवर्ग आधारित पार्टी हो । योसँग देश र जनतालाई माथि उठाउने स्पष्ट खाका छ । नेमकिपा कार्यकर्ता र जनतालाई देश र बाँकी संसारको तस्बिरबारे शिक्षित गर्ने एउटा विश्वविद्यालयजस्तै हो । उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण गर्नुपर्दछ । भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण र ठुला भ्रष्टाचारीहरूलाई ज्यान सजायसमेत हुने कानुनी व्यवस्था जरूरी छ ।"

पैतीस वर्षयता सरकारमा गएका दलहरूले विदेशबाट सवारी साधन आयातमा भन्सार कर लगाउने, मदिरा र सुर्तीजन्य पदार्थमा अन्त शुल्क कर लगाउने र विदेशी ऋण लिनेलाई मुख्य आर्थिक स्रोत बनाएको देशको हितविपरीत हो । अहिलेसम्मका सरकारहरूले तलब खुवाउन र ऋणको सावाँ ब्याज तिर्न पनि ऋण ल्याएको देशघाती काम हो, उहाँले भन्नुभयो ।

सचिव सुवालले थप्नुभयो, "नेमकिपाका जनप्रतिनिधिहरूले निर्वाचित भक्तपुर नगरपालिकाले ख्वप कलेजहरू सञ्चालन गरेर देशभरका ४४ हजारभन्दा बढी विद्यार्थीलाई उच्च शिक्षाको अवसर प्रदान गरे । शिक्षकहरूले नयाँ पुस्तालाई कृत्रिम बौद्धिकता (एआई) सिर्जनात्मक ढङ्गले प्रयोग गर्न उत्साहित गर्नु आवश्यक छ ।"

राष्ट्रिय मानव अधिकार आयोगको वक्तव्यमा सरकारले देश र जनताको समस्या समयमा समाधान नभएको र सम्भावित विध्वंसको पूर्वानुमान गर्न नसकेको हुँदा गत भदौ २३ र २४ गतेका घटना घटेको उल्लेख भएको उहाँले बताउनुभयो ।

सचिव सुवालले भन्नुभयो, "यही फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनमा देशभरि नै नेमकिपाका उम्मेदवारहरू निर्वाचित भए जनताको सुन्दर भविष्य, नयाँ युगको सुरूआत, सुशासन, प्रजातन्त्रको जित हुने ढोका खुल्नेछ ।"

वाग्मती प्रदेशका सांसद सुरेन्द्रराज गोसाईले शिक्षक समाजको चिरफार गर्नसक्ने सक्षम व्यक्ति भएको र भविष्य निर्माण गर्ने विद्यार्थी तयार पार्ने जिम्मेवारी शिक्षककै काँधमा रहेको बताउनुभयो । गलत पाठ्यपुस्तक पढाएर सही विद्यार्थी निर्माण गर्न नसकिने उल्लेख गर्दै उहाँले उपयुक्त शिक्षा र सही प्रतिनिधि चयनको आवश्यकता औँल्याउनुभयो ।

इसानका केन्द्रीय कोषाध्यक्ष उकेश कवांले देश जेन-जी आन्दोलनपछि झन् जटिल परिस्थितिमा पुगेको र भ्रष्टाचारको विरोध गरिए पनि दोषीलाई कानुनी दायरामा ल्याउन नसकिएको तथा अपराधीहरू जेलबाट मुक्त भएको अवस्थाप्रति चिन्ता व्यक्त गर्नुभयो ।

कार्यक्रम इसानका केन्द्रीय अध्यक्ष प्रेमजन थापाको सभापतित्वमा सम्पन्न भएको कार्यक्रममा इसानका केन्द्रीय महासचिव पुरूषोत्तम ग्वाछ्राले पनि बोल्नुभएको थियो ।

**पार्टी...**

उठाउँदै आएको हो । बल्ल शासक दलका नेताहरूको घुइँचोमा अलिअलि घाम लागेको अनुभव गरिँदै छ । पछिल्ला केही विश्वविद्यालयहरू मदन भण्डारी विश्वविद्यालय, नेपाल विश्वविद्यालयायत ट्रस्ट मोडलमा सञ्चालन हुँदै छन् । यसलाई विश्वविद्यालय सञ्चालनको नयाँ र सकारात्मक कदम मान्न सकिन्छ । भक्तपुर नगरपालिकाले ख्वप विश्वविद्यालय त्यही तरिकाले सञ्चालन गर्ने प्रस्ताव गरेको हो । तर, त्यो प्रक्रिया अघि बढेन ।

तत्कालीन शिक्षामन्त्री विद्या भट्टराईले आफ्नो कार्यकालमा ख्वप विश्वविद्यालय विधेयक पारित गर्ने बताएकी थिइन् । विधेयकबारे पटक-पटक छलफल पनि भयो । पछि उनले भनपालाई विश्वविद्यालय दिएपछि अन्य ७५२ पालिकाले पनि माग गरेमा के गर्ने भनी नगरपालिकाका पदाधिकारीहरूसँग जिज्ञासा राखिन् । निजीलाई खोल्न दिनुभन्दा सक्षम पालिकालाई विश्वविद्यालय सञ्चालनको अनुमति दिनु धेरै राम्रो हो भनी जवाफ दिएपछि उनी चुप लागेकी थिइन् । अन्तत: एमाले नेतृत्वको सरकारको पालामा नगरपालिकालाई विश्वविद्यालय चलाउन संविधान र कानुनमा अधिकार नभएको भनी फाइल बन्द गरियो । एमालेले आफ्नो घोषणापत्रमा शिक्षासम्बन्धी जतिसुकै राम्रा बुँदाहरू उल्लेख गरे पनि विश्वविद्यालयप्रतिको उसको दृष्टिकोण ख्वप विश्वविद्यालय रोकेकैबाट थाहा हुन्छ । सरकारीलाई ध्वस्त पारी र निजीलाई पोस्ने उनीहरूको मनसाय घामजतिकै प्रस्ट छ ।

सबै पार्टीहरूको निर्वाचन घोषणापत्रमा स्थानीय पालिकालाई विश्वविद्यालय सञ्चालन गर्ने अधिकार दिने प्रतिबद्धता आउनु आवश्यक छ । पार्टीहरू स्थानीय तहलाई अधिकार सम्पन्न बनाउन चाहेको हो वा होइन यसबाट पनि थाहा हुन्छ । यदि देशको शैक्षिक विकास गरी समाजलाई बुद्धिजीवीकरणतर्फ अगाडि बढाउने हो भने फरक फरक विशेषतासहितको धेरैवटा विश्वविद्यालय चलाउनु आवश्यक छ ।

राप्रपाले पनि आफ्नो घोषणापत्रमा शिक्षा क्षेत्रमा देखिएका अत्यधिक राजनीतीकरण, दलीय भागबन्डा, अराजकता र बिसङ्गतिलाई कानुनी रूपमा अन्त्य गर्ने, त्रिभुवन विश्वविद्यालयलाई राष्ट्रिय विश्वविद्यालय बनाउने र सबै विश्वविद्यालयहरूमा प्रधानमन्त्री कुलपति र शिक्षामन्त्री सहकुलपति हुने व्यवस्था अन्त्य गर्ने उल्लेख गरिएको छ ।

देशका विश्वविद्यालयहरूलाई अनुसन्धानको केन्द्र बनाइनुपर्छ । त्यसको लागि ससाना विश्वविद्यालयहरू निर्माण गर्नु आवश्यक छ । विश्वविद्यालयको अनुसन्धानबाट प्राप्त नतिजालाई कार्यान्वयन गरी उत्पादनसँग जोड्ने शिक्षाको विकास गरिनुपर्छ । अहिले पनि धेरै विषयमा अनुसन्धान हुन्छ तर त्यो व्यवहारमा आउन सकिरहेको छैन । यसर्थ दलहरूको घोषणापत्रहरूमा सबै विश्वविद्यालयहरू अनुसन्धान केन्द्रको रूपमा विकास गर्ने प्रतिबद्धता आउनुपर्छ ।

समय - समयमा विश्वविद्यालयमा हुने बन्द, हडतालले विद्यार्थीहरू निराश छन् । शान्तिपूर्ण वातावरण नभएकै कारण कैयौं विद्यार्थीहरू विदेशमा उच्च शिक्षा हासिल गर्न गइरहेका छन् । हालै पनि अखिल क्रान्तिकारीले विगतको सहमति कार्यान्वयनको माग राखेर त्रिभुवन विश्वविद्यालयमा तालाबन्दी गरेको छ । राम्रो पठनपाठन हुन सकेको छैन । हजारौं विद्यार्थीहरूको पढाइ अलपत्र छ । उपकुलपति, रजिस्टार, रेक्टरलाई काम गर्न र प्राध्यापकहरूलाई काम गर्ने वातावरण छैन । यसअघि पनि कहिले नेविसङ्घ, कहिले एमाले निकट विद्यार्थी सङ्घ अनेरास्ववियुले त कहिले विभिन्न प्राध्यापक सङ्घहरूले बन्द गर्ने गरेका थिए । विश्वविद्यालयको यस्तो अस्तव्यस्त अवस्थामा कसरी गुणस्तरीय शिक्षाको अपेक्षा गर्ने ?

विश्वविद्यालयको शैक्षिक गुणस्तर कमजोर हुनुमा विद्यार्थी सङ्गठनहरू जति जिम्मेवार छन्, शासक राजनैतिक दलहरू त्यो भन्दा कम जिम्मेवार छैनन् । गुटगत गतिविधिले गर्दा विश्वविद्यालयहरूमा कहिल्यै शान्तिपूर्ण वातावरण कायम हुन सकेनन् । त्यसकारण, निर्वाचन घोषणापत्रमै विश्वविद्यालयहरू बन्द, हडताल, तोडफोड, आगजनीजस्ता अराजक गतिविधि हुन नदिने प्रतिबद्धता आउनुपर्छ । अझ शासक दलहरूको घोषणापत्रमा त्यो अनिवार्य छ ।

**विद्यालय शिक्षाबारे :**

नेपालको संविधानले आधारभूत शिक्षा अनिवार्य र नि:शुल्क तथा मावि शिक्षा नि:शुल्कको व्यवस्था गरेको हुँदा त्यसलाई व्यवहारमा कार्यान्वयन गर्ने पनि प्रतिबद्धता आउनु जरुरी छ । अहिले सरकारी र निजी गरी दुई किसिमको शिक्षाले विद्यार्थीको क्षमताभन्दा पैसाले शिक्षाको गुणस्तर निर्धारण गर्ने भएको छ । पैसा धेरै भएकाले गुणस्तरीय शिक्षा पाउने र पैसा नभएकाले कमजोर शिक्षा पाउने दुई किसिमको शिक्षा नीतिको अभ्यास भइरहेको छ । पार्टी घोषणापत्रहरूमा अबको ५ वर्षभित्र सबै शिक्षा नि:शुल्क गर्ने प्रतिबद्धता हुनु आवश्यक छ । त्यसको लागि आवश्यक कानुन निर्माण गर्ने अग्रसरता लिने विषय पनि उल्लेख हुनुपर्छ ।

टोलटोलमा शिशुस्याहार केन्द्रहरूको व्यवस्थाले धेरै आमाको श्रमशक्ति जोगिनेछ । बच्चाहरूको राम्रो हेरचाहसँगै हजारौं महिलाले स्वदेशमै रोजगारीको अवसर पाउनेछन् । नेमकिपा र नेकपाको घोषणापत्रमा वडा वडामा शिशुस्याहार केन्द्र खोल्ने उल्लेख भएको पाइन्छ । यो सकारात्मक कुरा हो । पार्टीहरूले घोषणापत्रमा लेख्नेमात्र होइन सरकारमा गएपछि कार्यान्वयन गर्नु पनि उतिकै आवश्यक छ । विगतमा घोषणापत्र कार्यान्वयन गर्न नसकेकोमा शासक दलहरूले आत्मआलोचना गर्न पनि पछि पर्नु हुँदैन । यसले जन विश्वास प्राप्त गर्न मद्दत गर्नेछ ।

वर्तमान शिक्षा नीति विदेशीहरूको लागि सस्तो ज्यामी तयार गर्ने खालको मात्र भएको छ । विश्वविद्यालयहरू बेरोजगारी प्रमाणपत्र वितरण गर्ने कारखानाको रूपमा देखिँदै छन् । नेपालमा उत्पादित जनशक्ति नेपालमै खपत हुने खालको हुनुपर्ने थियो । विश्वविद्यालयको कोर्स डिजाइन र पाठ्यपुस्तक विदेशीले गर्ने र तालिमसमेत उनीहरूले दिने हुँदा उनीहरूको आवश्यकताअनुसार जनशक्ति तयार भएकोमा आश्चर्य नमाने हुन्छ । यसर्थ, पार्टी घोषणापत्रहरूमा देशलाई आत्मनिर्भर हुने शिक्षा प्रदान गर्ने प्रतिबद्धता पनि आउनु आवश्यक छ ।

पटक-पटक सरकारमा गएर पनि संविधानमा भएका नि:शुल्क शिक्षाका प्रावधानहरू कार्यान्वयन गर्न नसक्ने दलहरूले अहिले निर्वाचनअघि शिक्षा विकासमा ठुल्ठुला गफहरू दिनु फेरि एक पटक जनतालाई धोका दिनु हो । जनताले अब शासक दलहरूको त्यस्ता गलत दल र उम्मेदवार चयन गर्ने छैनन् । शिक्षाको लागि न्यूनतम २० प्रतिशत बजेट विनियोजन गरी प्राविधिक शिक्षालयहरूको स्थापना र नि:शुल्क शिक्षालाई कानुन बनाई राम्रोसँग कार्यान्वयन गर्ने प्रतिबद्धता शिक्षा क्षेत्रमा दलहरूबाट जनताले अपेक्षा गरेका छन् ।

प्रजातन्त्र दिवस भव्यतापूर्वक मनाऔं।

❖प्रजातन्त्रको मूल मर्म मानवअधिकार र विधिको शासन हो।

❖आवधिक निर्वाचन प्रजातन्त्रको आधारशिला हो।

❖शक्ति पृथकीकरण, नियन्त्रण तथा सन्तुलन प्रजातन्त्रको आधार हो।

❖मेलमिलाप र शान्ति प्रजातन्त्रका आधार हुन्।

❖प्रतिनिधिहरूमार्फत शासनमा नागरिकहरुको सहभागिता प्रजातान्त्रिक व्यवस्थाको मर्म हो।

प्रजातान्त्रिक आचरण, संस्कार र व्यवहारको अवलम्बन गरौं।

राष्ट्रिय प्रजातन्त्र दिवस सफल पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## एकक्षण

प्रधान

# हाम्रो अल्पकालीन गन्तव्य

३ फागुन २०८२ नेपाल मजदुर किसान पार्टीको प्रतिनिधिसभाको 'निर्वाचन घोषणापत्र २०८२' सार्वजनिकीकरण भएको दिन हो । नेमकिपाका अघिल्ला ७ वटै निर्वाचन घोषणापत्र पनि तत्बेलाको निम्ति अल्पकालीन गन्तव्यको रूपमा लिइएको हो भने त्यसमा दूरगामी 'आदर्श समाज' मा पुग्नको निम्ति बाटोमा पर्ने तत्कालीन गन्तव्यहरूलाई औँल्याइएका छन् ।

उदाहरणको निम्ति २९ वैशाख २०४८ सालको घोषणापत्रमा भनिएको थियो - "प्रजातन्त्र सत्तामा बस्ने पार्टीहरूको मनपरीतन्त्र होइन । दुई ठुला पार्टीहरूले पालैपालो जनतामाथि शासन गर्ने हो भने कामदारवर्गको निम्ति प्रजातन्त्र रहनेछैन ।"

तर, त्यसबेलाको नेका र एमालेका दलहरूले 'मनपरी' नै गरे तथा 'दुई ठुला दलहरूले' पालैपालो शासन गर्दै गए र जनतामाथि शासना बढ्दै गयो ।

२९ कार्तिक २०५१ को नेमकिपाको 'निर्वाचन घोषणापत्र' मा लेखिएको थियो -'प्रजातन्त्र र समाजवाद देखाउने दाँत होइन, बरु जीवन पद्धति र व्यवहार हो ।'

तर, व्यवहारमा ती दुवै दलहरूले आन्दोलनकारी दलहरूसँग छलफल गर्न आवश्यक नै सम्झेनन् र 'योग्यताअनुसारको काम र कामअनुसारको ज्याला दिने' समाजवादी सिद्धान्तलाई ती दुवै दलले योग्य अयोग्य नै नहेरी आ-आफ्ना मानिसलाई पक्षपातपूर्ण ढङ्गले रोजगार र काम दिए ।

२० वैशाख २०५६ को 'निर्वाचन घोषणापत्र' मा लेखिएको थियो - 'देशघाती सन्धि-सम्झौता गर्ने शासक दल र तिनका मतियारहरूलाई जनताले आज नभए भोलि सजाय दिनेछन् ।' नेका र एमालेले टनकपुर र महाकाली सन्धि गरे । यसकारण, ती दुवै दल पुँजीवादी र विदेशी पुँजीको अगाडि झुक्ने जनतालाई छकाउने दलहरू हुन् । आउँदा दिनहरूमा पनि ती दुवै दलका नेता पार्टीलाई जनताले सजाय गर्नेछन् ।

२८ वैशाख २०६४ को नेमकिपाको 'निर्वाचन घोषणापत्र' मा लेखिएको थियो, पुँजीवादी व्यवस्थाको हरेक निर्वाचनमा पद, पैसा, पशुबल र सत्ताको दुरुपयोग हुन्छ ।' ती दुवै दल र अन्य पुँजीवादी दलहरूले पनि पद, पैसा, पशुबल र सरकारको दुरुपयोग गरे । यसकारण, पुँजीवादी दलका नेता र कार्यकर्ताहरूमा नैतिक अपराधको दर मान्दैनन्, किनभने तिनीहरू अपराधीहरू नै हुन् । सरकारको घमण्ड पनि एक प्रकारको अहङ्कार हो; पापीको लक्षण हो ।

२०७० को नेमकिपाको निर्वाचन घोषणापत्रमा लेखिएको थियो, "संविधान साध्य होइन, साधन हो र त्यो साधन विखण्डनकारीको अनुकूल बन्न दिनुहुँदैन ।"

तर संविधानमा नेमकिपाले ७१ बुँदाको असहमति प्रस्तुत गर्न बाध्य भयो । एउटा सरकार पतन भयो भने पुँजीवादी दलहरूले अदालतमा धर्ना दिएर पुन: पतीत सरकारको ठाउँमा अर्को पतीत सरकार बनाउने काम गरे । वास्तवमा गर्नुपर्ने थियो नयाँ निर्वाचन !

संविधानको मौलिक अधिकारमा 'योग्यताअनुसार काम र कामअनुसारको ज्याला' को समाजवादी अधिकार उल्लेख गराउन नेमकिपाले अन्तसम्म सङ्घर्ष गऱ्यो । तर, नेका र एमाले दुवै मिलेर पुँजीवादी सरकारमा आउने भएमात्र त्यो 'अधिकार' संविधानमा लेख्ने बताए । तर त्यो एक प्रकारको धराप थियो र नेमकिपाले सरकारमा जाने त्यो धराप अस्वीकार गऱ्यो ।

२१ मङ्सिर २०७४ को आम निर्वाचन घोषणापत्रमा लेखिएको थियो, "राजनीतिक दल एक चिन्तनको चौतारी हो । नेमकिपा निर्वाचनबाट समाजवाद स्थापना हुन्छ भन्नेमा विश्वास गर्दैन ।"

२०१५ सालको नेकाको चुनाव घोषणापत्रमा 'हाम्रो टाढाको उद्देश्य समाजवाद हो' भनी लेखिएको थियो । त्यसलाई फिर्ता लिएको छैन । एमालेले पनि निर्वाचनबाट समाजवादलाई विश्वासघात गर्दै थियो । एमालेका नेता मदन भण्डारी त्यही नारा फलाक्थे । जर्मनीको बर्नस्टिन भन्ने एक मार्क्सका शिष्य थिए र मार्क्स बित्नु भएपछि बर्नस्टिनले मार्क्सको विचार पुरानो भयो भनी निर्वाचनबाट समाजवाद आउँछ भने । 'बर्नस्टिन जर्मनी र युरोपको साम्यवादी सिद्धान्तको विश्वासघाती भएजस्तै मदन भण्डारी नेपालको साम्यवादी सिद्धान्तका विश्वासघाती हुन् ।

४ मङ्सिर २०७९ को निर्वाचन घोषणापत्रमा लेखिएको थियो - 'नेपालजस्तो कृषिप्रधान देशमा पहिलो प्राथमिकता कृषिमै दिनु आवश्यक छ ।'

तर, नेका र एमालेको सरकारले कृषिलाई कहिले प्राथमिकता दिएनन् र लाखौं युवा किसानहरूलाई सस्तो दासको रूपमा विदेशमा ज्यामी पठाउने षड्यन्त्र गरे । नेपालका खेतहरू बाँझो भयो । आजभोलि अन्न, तरकारी र फलफूलजस्ता सबै कृषि उत्पादन भारतबाट आउँछ र विदेशबाट आउने डलरमा आउने ज्याला (रेमिट्यान्स) भारतमा पुऱ्याउँछन् । नेपाली जनता अन्नमा भारतको भरमा बाँच्नुपर्ने बनाए ।

**देशघाती...**

प्रजातन्त्रको जीत हुने अवस्था तयार हुनेछ ।"

वाग्मती प्रदेशका सांसद एवम् नेमकिपा भक्तपुर जिल्ला समितिका अध्यक्ष सुरेन्द्रराज गोसाईले यो चुनाव पहिलाको जस्तो चुनाव नभई देश जोगाउने वा विदेशीलाई हस्तान्तरण गर्नेबिच भएको स्पष्ट पार्नुभयो ।

नेमकिपा देश जोगाउने पक्षमा लागेको बताउँदै उहाँले संसद्मा नेमकिपा विदेशीलाई देश हस्तान्तरण गर्ने विभिन्न देशघाती नीतिको विरुद्ध सङ्घर्ष गर्नलाई आवश्यक भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "यो चुनाव एक दुई जना भारतीय दलाल मन्त्री बनाउन नभई सिङ्गै मन्त्रीमण्डल भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको कब्जामा राख्नका लागि हुँदै छ। त्यसबाट देशलाई जोगाउन नेमकिपाका उम्मेदवार हरूलाई जिताउनु आवश्यक छ ।"

नेपाल क्रान्तिकारी शिक्षक सङ्घका अध्यक्ष ज्ञानसागर प्रजापतिले सत्तासीन पार्टीहरू कोही कसैसँग नैतिकता बाँकी नरहेको बताउँदै उनीहरूले विगतमा गरेको गठबन्धन अन्तत: ठगबन्धन नै पुष्टि भएको बताउनुभयो ।

नैतिक मूल्य र मान्यताको सिद्धान्तमा ठुला दलहरू सबै चुकेको उहाँले बताउनुभयो ।

नेमकिपा भक्तपुर नगर निर्वाचन परिचालन समितिका अध्यक्ष लक्ष्मीभक्त लासिवाले चुनावै नभइकन प्रधानमन्त्री घोषणा गर्नेहरूलाई एनजीओ आाईएनजीओले चलाएको स्पष्ट छ भन्नुभयो ।

उहाँले सहकारी ठगहरूले जनतालाई झुक्याउन सक्नेप्रति सचेत हुनुपर्ने बताउनुभयो ।

निर्वाचन परिचालन समिति सूर्यमढीका संयोजक काशीलाल प्रजापतिको सभापतित्वमा भएको उक्त कार्यक्रममा रामेश्वरी कोजू, लक्ष्मीप्रसाद कुसी, विद्यार्थी क्रिषला प्रजापतिलगायतले बोल्नुभएको थियो ।

कार्यक्रममा जनगायक विनोद विक, भीमप्रसाद प्रजापति, कृष्णा गाइँजू, पासा पुचः, कमिचागल्ली दिदीबहिनी समूहलगायतले प्रगतिशील गीत प्रस्तुति गरेका थिए ।

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर,फोन नं. ६६१००२६, ६६१०९२१,फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३